सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२४ भदौ २०८२, मंगलबार (9 Sep 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १४९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# नरसंहारमा सरकार

# १९ युवा मारिए, ४२६ घाइते

## भ्रष्टाचारको छानबिन र सामाजिक सञ्जाल खुला गर्नुपर्ने मागसहित सडकमा उत्रिएको जेन–जी पुस्तामाथि गोलीको वर्षा

## सडकमा मात्रै होइन, अस्पतालको इमर्जेन्सीमा समेत छिरेर स्वास्थ्यकर्मीमाथि बजारियो बुट र लाठी







विशेष सम्पादकीय

## रगतले पुग्यो महामहिमहरू, अब समर्पण गर्नोस्

**२३ भदौको मध्याह्नदेखि रातिसम्मै काठमाडौंको बानेश्वर क्षेत्र र इटहरीलगायत देशका विभिन्न सहरमा राज्यले जे ताण्डव मच्चायो र जुन तहको मानवीय क्षति भयो, त्यो अब भयानक कालो दिनका रूपमा नेपालको इतिहास भएको छ। राज्य कतिसम्म क्रूर, कतिसम्म विवेकहीन, कतिसम्म अमानवीय र कतिसम्म निकृष्ट हुन सक्छ, प्रधानमन्त्री केपी ओली र सत्तारूढ गठबन्धनका सहचालक शेरबहादुर देउवा नयाँ मानक रच्न सफल भएका छन्। सोमबारको राज्य नियन्त्रित अपराध यति नांगो छ कि ओली र देउवालाई दोषी होइन, अपराधी करार गर्न न कुनै छानबिन समिति जरुरी छ, न न्यायिक समिति।**

**जेन-जीले भ्रष्टाचार र कुशासनमाथि प्रश्न उठाए। के यी प्रश्न गलत थिए ? जेन-जीले शासक र बिचौलियाको अपवित्र र अनुचित सम्बन्धमाथि प्रश्न उठाए। के गलत प्रश्न उठाए ? जेन-जीले नेताका परिवारको शाही ठाँट र जनताका छोराछोरीको दयनीय जीवनस्तरमाथि प्रश्न उठाए। के अनुचित प्रश्न उठाए ? सिंगो देशले स्वीकार गरिसकेका यी प्रश्नको जवाफ सरकारले केले दियो ? गोलीले। यो शासन होइन, अपराध हो र अपराधीहरू अब सिंहासनमा बस्न हुँदैन, बस्न सक्दैनन्।**

**गृहमन्त्री रमेश लेखकको राजीनामालाई कुनै सिँगारपटार गर्न जरुरी छैन। गृहमन्त्रीका रूपमा लेखकको नैतिकताले भुटानी शरणार्थी काण्डको अनुसन्धान गरिरहेका अधिकृतहरूको सरुवा गरेकै दिन सगरमाथा छोएको हो। त्यसपछि उनी कहिल्यै शिखरबाट ओर्लिएनन्। भिजिट भिसाको सेटिङदेखि जेन-जी पुस्ताको हत्यासम्म उनले निरन्तर देवरवाला 'नैतिक चरित्र' देखाइरहे। उनको राजीनामा यी सबै अपराधको सानो स्वीकारोक्ति हो, नैतिकता हुँदै होइन। ओली र देउवाले रमेश लेखकको मूल्यहीन राजीनामा देखाएर मुक्ति पाउन सक्दैनन्।**

**खासमा ओली र देउवालाई आफू उभिएको जमिनमा कति ठूलो सुनामी आउँदै छ भन्ने नै थाहा छैन। ओली-देउवाजी मात्र होइन, समग्र कांग्रेस-एमालेजीहरू, तपाईहरूसँग अब शासनको कुनै अधिकार छैन। अबोधहरूको रगतले पोतिएको तपाईहरूको अनुहार अब इतिहासका लागि शिक्षा होइन, कलंक हो। आफूलाई जनताको अदालतमा समर्पण गर्नुहोस् र नागरिक सरकारको बाटो खोल्नोस्। यो देशले ०८४ कुर्न सक्दैन, कुर्न हुँदैन। यो देश अरू थप छोराछोरीको बलिका लागि तयार छैन।**

**जेन-जी तपाईहरूसँग माग्दै छ ०४६ सालयताका ३६ वर्षका कुशासनको हिसाब। भ्रष्टाचारको हिसाब। नागरिकमाथिको अत्याचारको हिसाब। नेतातन्त्रको हिसाब। खेर गएका ती वर्षहरूको हिसाब। हिसाब मागे भन्दैमा स्कुले केटाकेटीहरूलाई गोली हान्ने ? के यो देश तपाईहरूको बिर्ता हो ? तपाईहरू जति दिन सत्तामा टाँसिन ढिपी गर्नुहुन्छ, तपाईहरूको अन्त्य त्यति नै क्रूर र अपमानजनक हुनेछ।**

### ■ नागरिक आन्दोलनमा अहिलेसम्मकै बर्बर दमन



सरकारको विरोधमा नेपालमा भएका विभिन्न आन्दोलनमध्ये सोमबार भएको प्रदर्शनमा राज्यबाट अहिलेसम्मकै बर्बर दमन भएको छ। राजाको शासनविरुद्ध विगतमा भएका ठुला जनआन्दोलनमा पनि सुरक्षाकर्मीबाट यो शैलीमा बल प्रयोग भएको थिएन। ०६२/६३ मा राजा ज्ञानेन्द्रको शासनविरुद्ध पनि नागरिकहरू १९ दिनसम्म सडकमा आएका थिए। त्यतिखेर २१ जनाको ज्यान गएको थियो। त्यस्तै, ०४६ सालको जनआन्दोलनमा देशभर ४२ जनाको ज्यान गएको थियो। अहिले राज्यले यति दमन गऱ्यो कि एकै दिन १९ जनाको हत्या भएको छ। केही अस्पतालमा जीवनमरणको दोसाँधमा छन्।

### ■ नक्खु कारागारबाट रास्वपा सभापति रवि लामिछानेका चार सन्देश

**आफ्ना सांसदलाई राजीनामाका लागि पनि तयार रहन निर्देशन**



१) सकेसम्म छिटो जेन-जीसहितको अन्तरिम नागरिक सरकार गठन होस्। २) ०४६ सालपछिका सबै नीतिगत निर्णयको समीक्षा होस्। त्यसयताका सबै उच्चपदस्थ र तिनका परिवारको सम्पत्तिको छानबिन गर्ने गरी आयोग गठन होस्। ३) आगामी संसद्बाट अनुमोदन हुने गरी संविधान संशोधन, परिमार्जन वा पुनर्लेखन लागि विज्ञहरूको उच्चस्तरीय समिति बनोस्। ४) आजको हत्याकाण्डको छानबिनका लागि न्यायिक आयोग बनोस् र त्यसले प्रधानमन्त्रीदेखि गृहमन्त्रीसम्मका अपराधहरूको अनुसन्धान गरोस्।

उल्लेखित मागहरू पूरा नभए संसद्बाट राजीनामा दिन तयार रहन रास्वपाका सांसदहरूलाई निर्देशन दिएका छन्।

### ■ देशभर जेन-जीको प्रदर्शन



काठमाडौंमा मात्र होइन, भ्रष्टाचारको अन्त्य र सामाजिक सञ्जाल प्रतिबन्धविरुद्ध जेन-जीको आह्वानमा सोमबार देशभर प्रदर्शन भएको छ। प्रदर्शनका क्रममा इटहरीमा प्रहरीको गोली लागेर दुईजनाको मृत्यु भएको छ भने झापामा नौ र पोखरामा एकजना घाइते भएका छन्। युवाहरूले झापाको दमक, बिर्तामोड, धरान, इटहरी, विराटनगर, वीरगन्ज, हेटौंडा, भरतपुर, पोखरा, बुटवल, भैरहवा, बागलुङ, घोराही, नेपालगन्ज, धनगढीलगायत सहर-बजारमा प्रदर्शन गरेका छन्।

### ■ सरकारबाट बाहिरिन देउवालाई शीर्ष नेताकै दबाब

**शेखर कोइरालाले आफूपक्षीय मन्त्रीहरूलाई राजीनामा गर्न दिए सुझाव**

जेन-जीको प्रदर्शनमा भएको बर्बर दमन र मानवीय क्षतिपछि सत्तासाझेदार कांग्रेसका शीर्ष नेताहरूले घटनाको नैतिक जिम्मेवारी लिँदै सरकारबाट बाहिरिन सभापति शेरबहादुर देउवालाई दबाब दिएका छन्। देउवानिवास बुढानीलकण्ठमा सोमबार साँझ बसेको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा नेताहरूले लोकतान्त्रिक इतिहासमै सबैभन्दा ठुलो मानवीय क्षति भएको भन्दै कांग्रेस सरकारबाट फिर्ता हुनुपर्ने माग राखेका हुन्। इतरसमूहका नेता डा. शेखर कोइरालाले त आफूनिकट मन्त्रीहरूलाई राजीनामा नै गर्न सुझाव दिएका छन्।

■ मानव अधिकार आयोगले भन्यो-

**सुरक्षा निकायले अत्यधिक बल प्रयोग गर्नु दुःखद**

### ■ संयुक्त राष्ट्र संघ र एमनेस्टीको पनि चिन्ता

नेपालस्थित सात देशका दूतावासले पनि संयुक्त विज्ञप्ति जारी गर्दै मौलिक अधिकारहरूको पूर्ण संरक्षण र सुनिश्चित गर्न सरकारको गराए ध्यानाकर्षण

■ जिम्मेवारीबाट पन्छिँदै प्रधानमन्त्री ओलीले भने- **घुसपैठका कारण नागरिकको ज्यान जाने दुःखद परिस्थिति उत्पन्न**

### ■ छानबिन गर्न समिति बनाउने सरकारको निर्णय

**शिवहरि घिमिरे, टेकराज थामी**

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

भ्रष्टाचार, बेबी नेपो र सामाजिक सञ्जाल बन्दविरुद्ध भएको जेन-जी प्रदर्शनमा सरकारले १९ निहत्था नौजवानको नरसंहार गरेको छ। ४२६ घाइते भएका छन्, जसमध्ये ४२ आइसियूमा छन्।

माइतीघरमा जम्मा भएर नयाँ बानेश्वर पुगेका युवा संसद् भवन प्रवेश गरेपछि सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाएको थियो। युवाहरू गोली लागेर भटाभट ढल्न थालेपछि जेन-जी प्रदर्शन काठमाडौंबाहिर पनि विस्तार भएको थियो। देशका विभिन्न सहरमा प्रदर्शन भएकामा काठमाडौंमा १७ र इटहरीमा दुईजनाको मृत्यु भएको छ।

» पृष्ठ २ मा क्रमशः

NIMB AUTO LOAN @6.29% p.a.

## नरसंहारमा...

पृष्ठ १ बाट क्रमशः

उपत्यकाका ठुला अस्पताल घाइतेले थेगिनसक्नु छ। इमर्जेन्सीमा रगताम्य घाइतेको दृश्यले जो-कोहीको मुटु हल्लाउँछ। घाइतेको चाप थेग्न नसकेपछि कतिपयलाई अस्पतालले भुइँमै राखेर सेवा दिएका थिए। तर, सरकारको बर्बरता सडकमा मात्रै होइन, अस्पतालमा पनि रोकिएन। सिभिल अस्पतालको इमर्जेन्सीमा गएर प्रहरीले चिकित्सकमाथि बुट र लाठी बर्सायो। सोही अस्पताल हाताभित्र अश्रुग्यास र रबरका गोली चलायो।

बानेश्वरनजिक रहेका सिभिल र एभरेस्ट अस्पतालमै घाइतेको ठुलो चाप भयो। गम्भीर घाइतेलाई ट्रमा सेन्टर ल्याइएको थियो। केहीलाई केएमसी र त्रिवि शिक्षण अस्पताल पुऱ्याइएको थियो। तर, बानेश्वर क्षेत्र रणमैदानमा परिणत भएकाले एम्बुलेन्सबाट घाइते ओसार्न ढिलाइ भएको थियो।

एकैपटक धेरै घाइतेको चापका कारण उपचारमा चुनौती थपिएको सिभिल अस्पतालका कार्यकारी निर्देशक डा. मोहनचन्द्र रेग्मीले बताए। 'एकैपटक धेरै बिरामी अस्पतालमा आउँदा उपचारमा चुनौती भयो, बेड र रगतको अभाव हुन थाल्यो, त्यसपछि केहीलाई अन्यत्र रिफर पनि गऱ्यौँ,' उनले भने, 'अझ अस्पतालमै अश्रुग्यास प्रहार हुँदा थप समस्या निम्तियो। उपचार नै अस्तव्यस्त बन्यो।'

ट्रमा सेन्टरको अवस्था उस्तै कारुणिक बन्यो। घाइते र मृतकको संख्या बढ्दै गएपछि अस्पतालबाहिर आफन्तको रुवाबासी चलेको थियो। ट्रमाका निर्देशक डा. बद्री रिजाल वीरबाट जनशक्ति मगाएर भए पनि घाइतेको उपचार व्यवस्थित पार्ने प्रयास गरेको बताउँछन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार ट्रमा सेन्टरमा आठजनाको मृत्यु पुष्टि भएको छ भने ५५ जना उपचारमा छन्। त्यस्तै, सिभिल र एभरेस्ट अस्पतालमा तीन-तीनजनाको मृत्यु भएको छ। सिभिलमा १७० र एभरेस्टमा १०२ जना उपचाररत छन्। केएमसीमा दुईजनाको मृत्यु भएको छ भने ३५ उपचाररत छन्। त्रिवि शिक्षण अस्पतालमा एकको मृत्यु भएको छ, १५ भन्दा बढीको उपचार भइरहेको छ। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पाँच र बी एन्ड बीमा चार घाइते उपचारमा छन्। उपत्यकाबाहिर इटहरीमा गोली लागेका दुईजनालाई धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले मृत घोषणा गरेको छ।

घाइतेमध्ये ४२ जना आइसियूमा छन्। ट्रमा सेन्टर र एभरेस्टमा १२-१२, त्रिवि शिक्षणमा चार, केएमसीमा तीन, पाटनमा दुई तथा बी एन्ड बी र सिभिलमा एकक-एक आइसियूमा छन्। उपत्यकाबाहिर पनि ६ घाइते आइसियूमा छन्। केही घाइतेको सोमबारै अप्रेसन गरेर शरीरबाट गोली निकालिएको छ भने केहीको मंगलबार अप्रेसनको तयारी छ। त्यस्तै, प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी विनोद घिमिरेका अनुसार प्रहरीतर्फ पनि ३८ जना घाइते भएका छन्।

## सिभिलको इमर्जेन्सीमै छिरेर स्वास्थ्यकर्मीमाथि बुट र लाठी बजाऱ्यो

सडकमा अन्धाधुन्द गोली चलाएर नरसंहार मच्चाएको सत्ताको बर्बरता अस्पतालमा पनि देखियो। अस्पतालको इमर्जेन्सीमै पुगेर प्रहरीले उपचारमा खटिएका स्वास्थ्यकर्मीमाथि बुट र लाठी बजाऱ्यो। मृतक र घाइतेका आफन्तलाई लखेट्न अस्पतालभित्र अश्रुग्यास चलायो।

बानेश्वरस्थित सिभिल अस्पतालको इमर्जेन्सीमै पुगेर प्रहरीले दुई नर्स र एक एमबिबिएस डाक्टरलाई बुट र लाठीले हान्यो। अस्पतालका निर्देशक डा. मोहनचन्द्र रेग्मीले अस्पताल हाताभित्रै प्रहरीले आतंक मच्चाएको बताए। 'हतियारधारी प्रहरी इमर्जेन्सीमै छिरेर दुई स्वास्थ्यकर्मीलाई कुट्यो। युवाहरूलाई लखेट्दै प्रहरी अस्पतालभित्र छिरेको थियो,' उनले भने, 'इमर्जेन्सीमा आतंक मच्चाउनेमाथि कारबाही होस्।'

सडकबाट अस्पताल क्षेत्रतिर भाग्दै गरेका प्रदर्शनकारीलाई लखेटेका प्रहरीले अस्पतालभित्रै अश्रुग्यास र रबरका गोली चलाएका थिए। प्रहरीको हुल अस्पतालभित्रै प्रवेश गरेपछि उपचारमा सक्रिय स्वास्थ्यकर्मी आत्तिएका थिए।

स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटा सिभिल अस्पतालमा प्रहरीले अश्रुग्यास चलाउनु दुःखद भएको बताए। 'अस्पतालभित्रै प्रहरीले अश्रुग्यास हानेको कुरा त्यहाँका चिकित्सकले गुनासो गर्नुभएको छ, यस्तो गर्नु दुःखद हो,' उनले भने, 'अस्पतालमा भएका अन्य बिरामीलाई पनि त्यसले असर गरेको छ।' त्यस्तै, सबैभन्दा धेरै आठको मृत्यु भएको र ५५ घाइतेको उपचार भइरहेको ट्रमा सेन्टरमा पुगेका आफन्तलाई प्रहरीले अस्पतालभित्र छिरेर दुर्व्यवहार गरेको छ। घाइते आफन्त भेट्न जाँदा प्रहरीले हातपात गरेको र अस्पतालबाट भगाएको हो।

### घाइते बोक्न काठमाडौं महानगरले खटायो १५ एम्बुलेन्स, घाइतेलाई खाना बाँड्यो

प्रदर्शनका घाइतेलाई अस्पताल पुऱ्याउन काठमाडौं महानगरपालिकाले १५ एम्बुलेन्स खटाएको थियो। घाइते ओसार्न समस्या भएपछि महानगरले आफूसँग भएका ती एम्बुलेन्स प्रदर्शन क्षेत्र र अस्पतालमा परिचालन गरेको थियो। त्यस्तै, महानगरले अस्पतालमा रहेका घाइतेलाई खानेकुरासमेत बाँडेको छ।

### सरोकारवालाहरूको निष्कर्ष

## सरकारले अत्यधिक शक्ति प्रयोग गऱ्यो, घटना निन्दनीय छ

मानव अधिकार आयोग, पत्रकार महासंघदेखि सुरक्षा निकायका पूर्वपदाधिकारीहरूले जेन-जी प्रदर्शनमा सरकारले अत्यधिक शक्ति प्रयोग गरेको र सुरक्षा रणनीतिमा पनि असफल भएको निष्कर्ष निकालेका छन्।

आयोग प्रवक्ता डा. टीकाराम पोखरेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधान र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनबमोजिम कुनै पनि व्यक्ति वा समूहलाई संयमित रूपमा आफ्ना विमति राख्ने अधिकार छ। लोकतान्त्रिक सरकारले नागरिकका उचित आवाजहरूलाई समयमै पहिचान गरी त्यस प्रकारका विमतिका आवाजहरूको समयमै यथोचित सम्बोधन गर्नुपर्दछ। यस प्रकारका प्रदर्शनहरू तोडफोड र आगजनीमा बदलिनु र सुरक्षा निकायले अत्यधिक बल प्रयोग गर्नु दुःखद छ।'

त्यस्तै, अत्यधिक बल प्रयोग नगर्न, पछिल्लो पुस्ताले उठाएका आवाजको यथोचित रूपमा समयमै सम्बोधन गर्न, मृतकका परिवारलाई तत्काल राहत र क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेहरूको निःशुल्क उपचार गर्न र घटनाको निष्पक्ष छानबिन गर्न पनि माग गरेको छ।

आयोगकी सदस्य लिली थापाले स्कुल युनिफर्ममा रहेकाहरूलाई समेत प्रहरीले टाउकोमा ताकेर गोली प्रहार गरेकाले घटना निन्दनीय भएको बताइन्। 'घटना अति नै निन्दनीय छ। स्कुल युनिफर्म लगाएको बच्चाको टाउकोमा गोली हानिएको छ। सरकारले एक्सेसिभ पावरको प्रयोग गरेको देखिन्छ। जसबाट युवा उत्तेजित भए। यो अत्यन्तै नराम्रो घटना भयो,' उनले भनिन्, 'सरकारले राम्रोसँग रणनीति बनाएको देखिएन। सोही कारण यति ठुलो घटना भयो। यो मानव अधिकार मात्रै होइन, नैतिकताको दृष्टिकोणबाट पनि निन्दनीय छ।'

थापाले चेन अफ कमान्डमा रहेका व्यक्तिले सडकमा रहेका प्रहरीलाई गोली प्रहार गर्न आदेश दिँदा पनि यति ठुलो क्षति निम्तिएको बताइन्। 'जो चेन अफ कमान्डमा थियो, उसले सडकमा रहेका प्रहरीलाई गोली हान्ने आदेश दियो। त्यसले युवालाई उत्तेजित बनायो। त्यसैले घटनाको जिम्मा सरकार र मातहतको नियकाले लिनुपर्छ।'

सुरक्षा निकायका पूर्वअधिकारीहरूले पनि सरकारको लापरबाहीले जेन-जी प्रदर्शनमा मानवीय क्षति भएको निष्कर्ष निकालेका छन्। नेपाल प्रहरीका पूर्वएआइजी राजेन्द्रसिंह भण्डारीले काठमाडौंका सिडिओ छवि रिजालको अपरिपक्व निर्णय पनि मानवीय क्षति हुनेको अर्को कारण रहेको बताए। 'सुरक्षा व्यवस्थापनमा 'ब्रेन एन्ड बेटन' भन्ने सिद्धान्त हुन्छ। ब्रेनले रणनीति बनाउने हो। बेटनले फिल्डमा कार्यान्वयन गर्ने हो। सोमबारको प्रदर्शन ब्रेनमै समस्या देखियो। रणनीति बनाउनेहरूले जेन-जीको फ्रस्टेसनलाई बुझेनन्। न सुरक्षा संयन्त्रले सूचना नै संकलन गर्न सक्यो। त्यसैले वस्तुपरक रणनीति बनेन। जब प्रदर्शन भड्कियो, अनि गोली हान्ने आदेश भयो। यो सिडिओको केटाकेटी निर्णय हो।'

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल पनि जेन-जी प्रदर्शनमा भएको मानवीय क्षतिमा सरकारकै कमजोरी रहेको बताउँछन्। प्रदर्शनअघि सूचना संकलन गर्न नसक्नु, प्रदर्शनको सही विश्लेषण नहुनु र त्यसअनुसार सुरक्षा संयन्त्र परिचालन गर्न नसक्नु सरकार र सुरक्षा संयन्त्रको कमजोरी रहेको डिआइजी मल्लको भनाइ छ। 'यस्तो प्रदर्शन नेपालका लागि नयाँ हो। तर, अन्य मुलुकमा यस्ता प्रदर्शन भएका छन्। त्यहाँबाट पनि पाठ सिक्नुपर्थ्यो। जेन-जीले केही दिन अघिबाटै प्रदर्शन गर्ने भन्दै आएका थिए। उनीहरूले गरेका गतिविधिको सूचना संकलन गरिनुपर्थ्यो। त्यसको वस्तुपरक विश्लेषण हुनुपर्थ्यो। तर, त्यसो भएको पाइएन। जब प्रदर्शन भड्कियो, अनि गोली हान्ने आदेश भयो। जसले ठुलो मानवीय क्षति हुन पुग्यो,' उनले भने, 'यसमा सरकार र मातहतका सुरक्षा संयन्त्रको गम्भीर कमजोरी छ।'

त्यस्तै, नेपाल पत्रकार महासंघले पनि प्रदर्शनमा गरिएको दमनप्रति विरोध जनाएको छ। महासंघले समाचार संकलनमा खटिएका वेला प्रहरीले चलाएको गोली लागेर चार पत्रकार घाइते भएको र एक सञ्चार गृहको भवनमा आन्दोलनकारीले ढुंगामुढा गरेको घटनाप्रति पनि निन्दा र भर्त्सना गरेको छ। महासंघ महासचिव रामप्रसाद दाहालले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'शान्तिपूर्ण प्रदर्शन गर्न पाउने नागरिकको नैसर्गिक अधिकार हो। यद्यपि, प्रहरीले दमन गर्दा विकसित घटनाक्रमप्रति महासंघ सरोकार राख्दछ र चरम दमनको भर्त्सना गर्दछ। अतः प्रदर्शनकारीलाई शान्तिपूर्ण प्रदर्शनमार्फत आफ्ना माग राख्न, सरकारलाई दमनकारी नीति नलिन र वार्तामार्फत समस्याको समाधान खोज्न महासंघ अपिल गर्दछ।'

प्रहरीको गोली लागी पत्रकारहरू नयाँ पत्रिकाका दिपेन्द्र ढुंगाना, कान्तिपुर टेलिभिजनका श्याम श्रेष्ठ, नेपाल प्रेसका उमेश कार्की र स्वतन्त्र पत्रकार शम्भु दंगाल घाइते भएका छन्। उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

पत्रकारमाथि गोली प्रहार भएकोमा जन्मदेव जैशी नेतृत्वको श्रमजीवी पत्रकार संघले पनि विरोध जनाएको छ। जैशीले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'प्रदर्शनका क्रममा भएको घटनामा आफ्नो कर्तव्यका लागि फिल्डमा खटिएका चार पत्रकार साथीहरू घाइते हुनुभएको खबरले हामी मर्माहत भएका छौँ। यस क्रूर हिंसाका लागि वर्तमान सरकार सम्पूर्ण रूपमा जिम्मेवार छ। यस्तो जघन्य परिस्थिति सिर्जना गर्ने जिम्मेवार प्रधानमन्त्री, गृहमन्त्री, सञ्चार तथा सूचना प्रविधिमन्त्रीले सम्पूर्ण घटनाको जिम्मेवारी लिई तत्काल राजीनामा दिनुपर्छ।'

## कहाँ चुक्यो सुरक्षा संयन्त्र ?

जेन-जीले सोमबारको आन्दोलन गर्ने भनेर तीन दिन अघिबाटै सामाजिक सञ्जालबाट क्याम्पेन थालेका थिए। विशेषगरी उनीहरूले टिकटक, रेडिट र निम्बजमार्फत अभियान चलाएका थिए। आन्दोलनका लागि जेन-जीका दुई प्रतिनिधि पुरुषोत्तम यादव र सवल गौतमले सिडिओ कार्यालय काठमाडौंबाट अनुमति नै मागेका थिए। आन्दोलनका लागि सिडिओ छवि रिजालले सहजै अनुमति पनि दिएका थिए। तर, सुरक्षा संयन्त्रले उनीहरूको प्रदर्शनलाई कम आकलन गऱ्यो। थप सूचना संकलनमा न प्रहरीमातहतको संयन्त्रले अग्रसरता लियो, न त राष्ट्रिय अनुसन्धान विभागले नै। जबकि नेपाल प्रहरीमा सूचना संकलनका लागि विशेष ब्युरो नै स्थापना गरिएको छ। अनुसन्धान ब्युरो त भन् सोही उद्देश्यले स्थापना गरिएको हो।

यसबाहेक सूचना संकलनमा नेपाली सेनाको आफ्नै डिएमआई (डाइरेक्टोरियट अफ मिलिट्री इन्टेलिजेन्स) छ। सशस्त्र प्रहरी बलले पनि सूचना संकलनका लागि विशेष संयन्त्र गठन गरेको छ, जसको नेतृत्व एसएसपीले गर्छ। तर, उनीहरूले पनि प्रदर्शन सम्बन्धमा कुनै सूचना संकलन गरेनन्।

सुरक्षा संयन्त्र सूचना संकलनमा चुकेकै कारण यत्रो घटना भएको नेपाल प्रहरीका पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी बताउँछन्। 'सुरक्षा रणनीति तयार गर्नुमा सूचनाको महत्त्वपूर्ण भूमिका हुन्छ। प्राप्त सूचनाको विश्लेषण हुन्छ र सोहीअनुसार सुरक्षाका लागि आवश्यक रणनीति तयार हुन्छ। तर, यसपटकको प्रदर्शनमा त्यस्ता सूचना संकलन भएको देखिएन,' उनले भने।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल पनि सूचना संकलनमा चुक्दा अप्रिय घटना हुन पुगेको बताउँछन्। उनले भने, 'सुरक्षा रणनीति प्राप्त सूचनाका आधारमा तयार हुन्छन्। तर, सोमबारको प्रदर्शनका क्रममा सुरक्षा संयन्त्रले सूचना संकलन गरेको देखिएन। सोही कारण अप्रिय घटना हुन पुग्यो।'

श्रीलंका होस् या बंगलादेश, दुवै मुलुकमा भएका प्रदर्शन स्वस्फूर्त उठेका युवाबाट भएका थिए। सोमबार नेपालमा पनि जेन-जी आन्दोलनमा उत्रिँदै थिए। काठमाडौंमा त जेन-जीका प्रतिनिधिले सिडिओ रिजालसँग आन्दोलनका निम्ति अनुमति नै मागेका थिए। तर, उनीहरूको आन्दोलनलाई सिडिओ रिजालले गम्भीर रूपमा लिएनन्।

आइतबार उनकै नेतृत्वमा जिल्ला सुरक्षा समितिको बैठक बस्यो। बैठकमा जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी विश्व अधिकारी पनि सहभागी थिए। त्यसबाहेक नेपाली सेना, सशस्त्र प्रहरी र अनुसन्धान विभागका अधिकारी पनि बैठकमा सहभागी थिए। उनीहरूले पनि जेन-जीको आन्दोलनलाई कम आँके। आवश्यक सुरक्षा रणनीति निर्माणमा चुके।

जेन-जी आन्दोलनलाई लक्षित गरी सोमबार सडकमा आवश्यक सुरक्षाकर्मी परिचालन नै गरिएको थिएन। प्रदर्शन नियन्त्रणका लागि आवश्यक 'ब्लकेड' पनि सडकमा खडा गरिएन। जबकि नयाँ बानेश्वरकेन्द्रित यसअघिका सबै खालका आन्दोलनमा प्रहरीले संसद् भवनआसपासलाई निषेधित क्षेत्र भनेर सूचना प्रवाह गर्थ्यो। सकडमा 'ब्लकेड' खडा गर्थ्यो। तर, सोमबारको प्रदर्शनमा नयाँ बानेश्वरआसपासका सबै सडक खाली थिए।

सुरक्षा कमजोरीकै कारण युवाहरू माइतीघरबाट सजिलै नयाँ बानेश्वर पुगेका थिए। दक्षिण गेटबाट संसद् भवन परिसरमा प्रवेश गरेपछि भने सुरक्षा संयत्रले एकाएक बल प्रयोग गऱ्यो। संसद् भवनमा युवाहरू प्रवेश गरेको सूचना पाएपछि काठमाडौंका सिडिओ छवि रिजालले गोली हान्न आदेश दिएका थिए। प्रहरीले अश्रुग्यास र गोली चलायो।

तितरबितर भएका युवा अझै उत्तेजित भए। उनीहरू नयाँ बानेश्वरस्थित यातायात व्यवस्था विभागभित्र छिरे। पार्क गरेर राखिएका गाडीमा आगो लगाए। सडकमा पार्किङ गरिएको मोटरसाइकल जलाए। प्रहरीले गोली चलाइरह्यो, युवाहरू भिडिरहे, ढलिरहे। पूर्वएआइजी भण्डारीले भने, 'सुरुमा मान्छेलाई इन्गेजमेन्ट चाहिन्छ, त्यस्तै मनका तिक्तता पोख्न भेन्टिलेसन चाहिन्छ। हामीसँग यी दुवै भएन। युवाहरू भित्रभित्रै आक्रोशित थिए। सोमबार सडकमा प्रकट भएको त्यही हो। यसलाई सरकार र मातहतका सुरक्षा संयन्त्रको नेतृत्वमा बस्नेहरूले विश्लेषण नै गर्न सकेनन्। जसले आन्दोलनको आह्वान गरे, यो आक्रोश यसरी पोखिन सक्छ भनेर उनीहरूले पनि आकलन गर्न सकेनन्। युवाको यो फ्रस्टेसनलाई विश्लेषण गरिनुपर्थ्यो। यसमा सरकार चुक्यो। सोही कारण ठुलो मानवीय क्षति निम्तियो।'

## भिआइपीहरूको सुरक्षा बढाइयो

सरकारविरुद्ध आक्रोश र आन्दोलन बढेपछि भिभिआइपी र भिआइपीहरूको सुरक्षा बढाइएको छ। स्थिति बुझेर मात्र उनीहरूलाई बाहिर निस्कन सुरक्षा निकायले सुझाव दिएका छन्। साथै ठुला नेताका निवास र पार्टी कार्यालयहरूमा समेत सुरक्षा तैनाथी बढाइएको छ। 'सार्वजनिक कार्यक्रममा सहभागी हुने विषयमा मन्त्री तथा ठुला नेताहरूलाई सचेत गराएका छौँ,' एक उच्च प्रहरी अधिकारीले भने, 'केही नेताहरूको सुरक्षा पनि थपिएको छ।' सोमबारको घटनापछि असुरक्षा महसुस गरी मन्त्रीहरूले कतिपय सार्वजनिक कार्यक्रम रद्द गरेको स्रोत बताउँछ। सोमबार सडकमा निस्कँदा मन्त्रीहरूको गाडीलाई प्रहरीले स्कर्टिङ गरेको थियो। आन्दोलनकारीले आक्रमण गर्न सक्ने भयले सोमबार पार्टी कार्यालयहरूमा ठुलो संख्यामा सुरक्षाकर्मी थपिएको थियो।

## जेन-जी आन्दोलनमा गृहमन्त्री लेखकको यो तहको असंवेदनशीलता

भ्रष्टाचार र सामाजिक सञ्जाल बन्द गर्ने निर्णयविरुद्ध जेन-जी पुस्ताका युवा देशभर सडकमा उत्रने दिनमा समेत गृहमन्त्री रमेश लेखकले परिस्थिति निगरानी र सम्भावित परिस्थितिमा ध्यानै दिएका थिएनन्। आन्दोलनको दिन राजधानीसहितका प्रमुख सहरमा तनाव बढ्दासमेत लेखक गृहमन्त्री गृह प्रशासनको नेतृत्व लिनुभन्दा एक संसदीय समिति बैठकमा व्यस्त थिए। आन्दोलन सडकमा चर्किँदै गर्दासमेत लेखकले तत्कालै सुरक्षा स्थितिमा प्रत्यक्ष कमान्ड सम्हाल्न आवश्यक ठानेनन्।

बिहान ९ बजेदेखि नै माइतीघरमा जेन-जी युवा प्रदर्शनरत रहँदा गृहमन्त्री लेखक राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिमा सहभागी थिए। यो समयमा समितिमा राष्ट्रिय सदाचार नीतिबारेको छलफलमा सहभागी भइरहेका थिए। साढे ११ बजेपछि सुरु भएको प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा पनि उनी लामो समयसम्म बसिरहे। बैठकमा रक्षामन्त्री मानवीर राई पनि सहभागी थिए। समितिले नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकमा संशोधनकर्तासँग छलफल गर्न बिहान ११ बजे बैठक बोलाएको थियो।

समितिमा छलफल सुरु भयो। एमालेका अच्युत मैनाली, कांग्रेसका मैना कार्की र प्रतिमा गौतम र रास्वपाका अशोक चौधरीले आफ्नो संशोधन प्रस्ताव राखे। रक्षामन्त्री राई अगाडि नै निस्किसकेका थिए। सांसद गौतम बोलिरहँदा गृहमन्त्री लेखकलाई फोन आयो र बाहिरिए। एकैछिनमा भित्र प्रवेश गरे। केहीबेर बसेर फेरि बाहिरिए। बैठकका क्रममा गृहमन्त्री बारम्बार बाहिर-भित्र गरे पनि आन्दोलनबारे समितिमा एक शब्द बोलेनन्। समितिमा उपस्थित गृहसचिव गोकर्णमणि दुवाडीलगायत पनि बाहिरिए। यतिखेरसम्म सांसद चौधरीले आफ्नो संशोधन प्रस्ताव राखिसकेका थिए।

त्यसपछि सभापति ईश्वरीदेवी न्यौपानेले अर्को संशोधनकर्तालाई समय दिन खोजिन्। राप्रपाका बुद्धिमान तामाङले बिचमै रोकेर मन्त्री र सचिव बाहिरिएकाले छलफल चलाउन नसकिने धारणा राखे। ज्ञानबहादुर शाहीले युवाहरू संसद् भवन प्रवेश गरेको भन्दै बैठक रोक्न माग गरे। अमरेश सिंहले कर्फ्यु लागेको भन्दै स्थगित गर्न भने। रामहरि खतिवडाले पनि परिस्थिति राम्रो नरहेको भन्दै स्थगित गर्नु नै उपयुक्त हुने भनेपछि बैठक स्थगित भयो।

सभापति न्यौपानेले गृहमन्त्री लेखकले एकछिन १०/१५ मिनेटलाई एउटा बैठक बसेर आउँछु भनी अनुमति लिएर गएको बताइन्। 'गृहमन्त्री केही क्षणमा आउँछु भनेर जानुभयो। तर, मन्त्री नभएपछि बैठक चलाउने अभ्यास छैन। बैठक हुँदाहुँदै जटिल परिस्थिति सिर्जना भयो भने बैठक समाप्त हुन्छ,' उनले भनिन्। गृहमन्त्री केही नबोली बिदा भएका थिए।

जेन-जी पुस्ताले आह्वान गरेको आन्दोलनमा भएको बर्बर दमन र मानवीय क्षतिको नैतिक जिम्मेवारी लिँदै गृहमन्त्री रमेश लेखकले पदबाट राजीनामा दिएका छन्। सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकमा उनले राजीनामापत्र पेस गरेका हुन्। मन्त्रिपरिषद् बैठकमा उनले प्रधानमन्त्री केपी ओलीलाई राजीनामापत्र पेस गरेका थिए। तर, उनको राजीनामा स्वीकृत भने भइसकेको छैन। पदबाट राजीनामा दिए पनि गृह मन्त्रालयको वेबसाइटबाट उनको फोटो हटाइएको छैन। कांग्रेस बैठकमा उनलाई नेताहरूले राजीनामा गर्न सुझाएका थिए। मन्त्रिपरिषद् बैठकले सोमबारको आन्दोलनका क्रममा उत्पन्न परिस्थिति छानबिन गर्न समिति गठन गर्ने निर्णय गरेको छ। कसको नेतृत्वमा समिति गठन भन्ने खुलेको छैन।





### संसद्को वैधानिकता सकियो, तत्काल निर्वाचनमा जानुपर्छ



● **पुरञ्जन आचार्य**, विश्लेषक

आततायी घटना भयो, राज्यले संयमता गुमायो। सुरक्षाकर्मी असहिष्णु देखिए। एक वर्षदेखि प्रधानमन्त्रीकै बोलीवचन भड्काउने खालका थिए। देशभरि आन्दोलन भयो। सबै केटाकेटी मरेका छन्, के तिनीहरू घुसपैठिया हुन् ? पञ्चायतकालमा जे गरे पनि चल्थ्यो, अहिले चल्दैन। यो परिस्थिति निर्माण हुनुमा गृहमन्त्रीको बोलीवचन र व्यवहार, प्रधानमन्त्रीको खरो टिप्पणी र परराष्ट्रमन्त्रीको तडकभडकले काम गरेको छ। संसद्को वैधानिकता सकियो, यसको अब काम पनि छैन। ताजा जनमतमै जानुपर्छ। चुनावताकाको गठबन्धन पनि अहिले छैन। जनतालाई ठगेर सरकार बनेको छ। अब तत्काल निर्वाचनमा जानु सबैभन्दा उत्तम विकल्प हो। जनताले प्रत्यक्ष कार्यकारी प्रमुख छान्न पाउनुपर्छ, त्यो नै निकास हो। त्यसका लागि संविधान संशोधन गर्नुपर्छ।

### मान्छे मरे, युवाको आवाज र उत्साहमा तुषारापात भयो



● **हरि शर्मा**, विश्लेषक

अत्यन्त दुःखद घटना भयो। मान्छे मरे, युवाको आवाज र उत्साहमा तुषारापात भयो। यो कहाँसम्म जाने हो भन्ने पनि थाहा छैन। यसको समाधान कसरी निकाल्ने भन्ने जटिल प्रश्न छ। मुख्य कुरा शान्तिपूर्ण प्रदर्शन र लोकतन्त्र सँगसँगै जान्छ। हिंसा र लोकतन्त्र सँगसँगै जान सक्दैन। यो आक्रोश शान्त हुन्छ-हुँदैन ? जेन-जीले भ्रष्टाचार अन्त्य र सुशासनको मुद्दा उठाएका छन्। त्यसका लागि नियम र कानुन नभएको पनि होइन, तर त्यसलाई सम्बोधन गर्ने चुनौती छ।

## संयुक्त राष्ट्र संघ र एमनेस्टीको चिन्ता

जेन-जी पुस्ताको प्रदर्शनमा भएको नरसंहारमा संयुक्त राष्ट्र संघका नेपालस्थित आवास संयोजक हना सिंगर हम्दीले गहिरो दुःख व्यक्त गरेकी छिन्। जेन-जी प्रदर्शनका क्रममा ज्यान गुमाएका तथा घाइते भएकाप्रति उनले सहानुभूति व्यक्त गर्दै मृतकका परिवारप्रति समवेदना जनाएकी छिन्।

उनले सरकार र आन्दोलनकारी पक्षलाई अधिकतम संयमता र सतर्कता अपनाउन आग्रह गरेकी छिन्। 'नागरिकहरूले आफ्ना लोकतान्त्रिक अधिकारहरू सुरक्षित र शान्तिपूर्ण ढंगले प्रयोग गर्न सक्ने वातावरण सुनिश्चित गर्न सरकारसँग म आग्रह गर्दछु,' उनले सोमबार सामाजिक सञ्जाल एक्समा लेखेकी छिन्।

यसैबिच, मानव अधिकारवादी संस्था एमनेस्टी इन्टरनेसनलले पनि सरकारी दमनप्रति निन्दा व्यक्त गरेको छ। 'हामी नेपाल सरकारलाई अत्यधिक संयमता अपनाउन आग्रह गर्छौं,' एमनेस्टीले जारी गरेको विज्ञप्तिमा छ, 'यदि बल प्रयोग अपरिहार्य भएमा समेत, सकेसम्म क्षति कम गर्ने र सुरक्षाका सबै सम्भावित उपायहरू अपनाइनु आवश्यक छ।'

एमनेस्टीले घटनाका दोषीलाई फौजदारी अभियोजनसहित पूर्ण रूपमा जवाफदेही बनाउन माग गरेको छ। 'अवैध बल प्रयोगबाट पीडित भएकाहरूलाई राज्यबाट पूर्ण र प्रभावकारी क्षतिपूर्ति उपलब्ध गराइनुपर्छ,' एमनेस्टीले भनेको छ। उसले दमन गर्ने नभए आन्दोलनको माग सुनुवाइ गर्न पनि अनुरोध गरेको छ।

एमनेस्टीले थप भनेको छ, 'प्रदर्शनकारीहरूलाई शान्तिपूर्ण रूपमा प्रदर्शन गर्ने, भ्रष्टाचारविरुद्ध आक्रोश व्यक्त गर्ने र अभिव्यक्ति स्वतन्त्रतामा गरिएको प्रतिबन्धको विरोध गर्ने अधिकार छ। नेपालको संविधान र अन्तर्राष्ट्रिय कानुनअनुसार यी अधिकारहरूको सम्मान गर्नु राज्यको दायित्व हो। राज्यले प्रदर्शनकारीहरूको सुरक्षा सुनिश्चित गर्नुपर्छ र उनीहरूलाई थप क्षतिबाट जोगाउन आवश्यक सबै उपायहरू अवलम्बन गर्नुपर्छ।'

यस्तै, अस्ट्रेलिया, फिनल्यान्ड, फ्रान्स, जापान, कोरिया गणतन्त्र, बेलायत र संयुक्त राज्य अमेरिकाका नेपालस्थित दूतावासहरूबाट संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै मौलिक अधिकारहरूको पूर्ण संरक्षण सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

'हामी काठमाडौं तथा नेपालका अन्य स्थानहरूमा आज देखिएका हिंसात्मक घटनाप्रति गहिरो दुःख व्यक्त गर्दछौं। यी घटनाहरूका कारण ज्यान गुमाउने दुःखद अवस्था उत्पन्न भएको र कैयौँ घाइते भएकोमा हामी संवेदनशील भएका छौँ। पीडित परिवारजन, प्रभावित व्यक्तिहरूप्रति हामी हार्दिक समवेदना प्रकट गर्दछौँ। साथै, घाइते सबैलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ,' संयुक्त विज्ञप्तिमा छ, 'हाम्रा सरकारहरूले शान्तिपूर्ण सभा र अभिव्यक्तिको स्वतन्त्रताको सार्वभौमिक अधिकारप्रति आफ्नो दृढ समर्थन पुनः व्यक्त गर्दछ। हामी सबै पक्षलाई अधिकतम संयम अपनाउन, परिस्थितिलाई थप बिग्रिन नदिई शान्तिपूर्ण तरिकाले समाधान खोज्न तथा यी मौलिक अधिकारहरूको पूर्ण संरक्षण सुनिश्चित गर्न आग्रह गर्दछौँ।'

■ जिम्मेवारीबाट पन्छिँदै प्रधानमन्त्री ओलीले भने-

## घुसपैठका कारण नागरिकको ज्यान जाने दुःखद परिस्थिति उत्पन्न

### मानवीय क्षतिभन्दा भौतिक संरचनाको सुरक्षामा चिन्ता

जेन-जी पुस्ताको प्रदर्शनमा भएको १९ जनाको मृत्यु र बर्बर दमनको नैतिक जिम्मेवारी लिनुको सट्टा प्रधानमन्त्री केपी ओली अरूलाई नै आरोपित गर्दै पन्छिने प्रयास गरेका छन्। सोमबार साँझ वक्तव्य जारी गर्दै प्रधानमन्त्री ओलीले घुसपैठका कारण नागरिकको ज्यान जाने दुःखद परिस्थिति उत्पन्न भएको बताएर नैतिक जिम्मेवारीबाट पन्छिएका छन्। जबकि घटनाको नैतिक जिम्मेवारी लिएर गृहमन्त्री रमेश लेखकले भने राजीनामा गरेका छन्।

'जेन-जी पुस्ताले आज आह्वान गरेको प्रदर्शनका क्रममा भएको दुःखद घटनाले मलाई मर्माहत बनाएको छ। हाम्रा छोराछोरी पुस्ताले आफ्ना माग शान्तिपूर्ण रूपमा राख्नेमा हामी आश्वस्त रहेकामा प्रदर्शनमा विभिन्न स्वार्थ केन्द्रबाट भएको घुसपैठका कारण उत्पन्न परिस्थितिले नागरिकको ज्यान जाने दुःखद परिस्थिति उत्पन्न भयो,' प्रधानमन्त्री ओलीको वक्तव्यमा छ।



सुरक्षाकर्मीबाट अत्यधिक र अनावश्यक बल प्रयोग हुँदा धेरै मानवीय क्षति भए पनि प्रधानमन्त्री ओलीले संवैधानिक संस्थाका संरचनाहरू जोगाउने प्रयास गर्दा ज्यान जाने अप्रिय स्थिति उत्पन्न भएको जिकिर गरेका छन्। ओलीले वक्तव्य मानवीय क्षतिभन्दा भौतिक संरचनाको सुरक्षालाई मुख्य बनाएका छन्। 'जेन-जी पुस्ताले राखेको मागप्रति सरकार नकारात्मक थिएन। हामी जेन-जी पुस्ताको मागलाई सुनिरहेका थियौँ। तर, प्रदर्शनमा भएको घुसपैठले हाम्रा संवैधानिक संस्थाहरूका कार्यालयहरूमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याउने घटनाहरू भए र ती संस्थाका संरचनाहरू जोगाउने प्रयास गर्दा ज्यान जाने अप्रिय स्थिति उत्पन्न भयो,' उनले भनेका छन्, 'आयोजक स्वयंले प्रदर्शनमा घुसपैठ भएको थाहा पाएर आजको प्रदर्शन सफल भएको र ढिलो नगरी सबैलाई घर फर्कन आह्वान गरिसकेपछि घुसपैठियाहरूले तोडफोड र आगजनी गरे। यसबाट सरकारले राज्यको सम्पत्ति जोगाउन प्रयास गर्नुपर्ने स्थिति उत्पन्न भयो।'

भ्रष्टाचारको नियन्त्रण र सुशासनका लागि जेन-जीले सोमबार देशैभरि प्रदर्शन गरेका हुन्। तर, प्रधानमन्त्रीको वक्तव्यमा सामाजिक सञ्जालको विषयमा मात्र उल्लेख छ। भ्रष्टाचार नियन्त्रणबारे प्रधानमन्त्री केही बोलेका छैनन्।

प्रधानमन्त्री ओलीले सरकारले सामाजिक सञ्जाललाई बन्द गर्ने कुनै नीति नलिएको दाबी गरेका छन्। 'राज्यको कानुन र अदालतको आदेशबमोजिम सामाजिक सञ्जाललाई दर्ता र सूचीकरण गरी व्यवस्थित रूपमा चलाउने हाम्रो प्रयासका सम्बन्धमा पर्याप्त जानकारीको अभाव र हाम्रो जेन-जी पुस्ताको सोचबिच केही अस्पष्टताले आजको अवस्था सिर्जना भयो। सरकार सामाजिक सञ्जालको प्रयोगलाई रोक्ने पक्षमा थिएन र त्यसको प्रयोग गर्ने वातावरण सुनिश्चित गर्नेछ। यसका लागि प्रदर्शन गरिरहनुपर्ने थिएन। र, गरिरहनुपर्ने स्थिति रहन दिइनेछैन,' उनले भनेका छन्।

ओलीले प्रदर्शनको क्रममा नागरिकहरूले ज्यान गुमाउनुपरेकोमा अत्यन्तै दुःखी भएको बताएका छन्। 'यस अकल्पनीय घटनाबाट परिवारका सदस्य गुमाउनुभएका परिवार र आफन्तजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। मृतकको परिवारलाई सरकारले उचित राहतको व्यवस्था गर्नेछ र घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्नेछ,' ओलीले भनेका छन्, 'आजको सम्पूर्ण घटनाक्रम र क्षति एवं त्यसको अवस्था र कारणसमेतको छानबिन र विश्लेषण गरी आगामी दिनमा यस्ता दुर्घटनाहरू हुन नदिन चालिने कदमहरूको सिफारिससमेत गर्नका लागि १५ दिनभित्र प्रतिवेदन पेस गर्ने गरी छानबिन समिति गठन गरिने कुराको विश्वास दिलाउन चाहन्छु।'

# देशभरका जेन–जी सडकमा

## प्रहरीको गोली लागेर इटहरीमा दुईजनाको मृत्यु, पोखरामा एक घाइते | बिर्तामोड, दमक, इटहरी र वीरगन्जमा कर्फ्यु, पोखरामा निषेधाज्ञा

झापामा **चिरञ्जीवी घिमिरे**, इटहरीमा **आरबी कटुवाल**, पोखरामा **रोहितराज पराजुली** र भैरहवामा **दीपेश पछाई**

भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धविरुद्ध जेन-जी युवाहरूको आह्वानमा सोमबार देशभर प्रदर्शन भएको छ। प्रदर्शनका क्रममा इटहरीमा प्रहरीको गोली लागेर दुईजनाको मृत्यु भएको छ भने पोखरामा एकजना घाइते भएका छन्।

युवाहरूले झापाको दमक, बिर्तामोड, धरान, इटहरी, विराटनगर, वीरगन्ज, हेटौँडा, भरतपुर, पोखरा, बुटवल, भैरहवा, बागलुङ, घोराही, नेपालगन्ज, धनगढीलगायत सहर-बजारमा प्रदर्शन गरेका छन्। स्थानीय प्रशासनले बिर्तामोड, दमक, इटहरी र वीरगन्जमा कर्फ्यु तथा पोखरामा निषेधाज्ञा जारी गरेका छन्।

जेन-जी प्रदर्शनको क्रममा इटहरीमा प्रहरीको गोली लागेर दुईजनाको मृत्यु भएको छ। इटहरी उपमहानगरपालिका-१६ का २३ वर्षीय अभिशेष श्रेष्ठ र परिचय खुल्न नसेकका एक अर्का व्यक्तिको ज्यान गएको सुनसरी प्रहरीका प्रहरी निरीक्षक प्रकाश पराजुलीले बताए। उनका अनुसार धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा चिकित्सकले मृत घोषणा गरेका हुन्।

बिहान ११ बजेदेखि इटहरी उपमहानगरपालिकाको गेटअगाडि जेन-जीको प्रदर्शन सुरु भएको थियो। केहीबेरपछि प्रहरीले लाठीचार्ज, अश्रु ग्यास र हवाई फायर प्रहार गरेर प्रदर्शनलाई तितरबितर बनाएको थियो। प्रहरीको हस्तक्षेपपछि आक्रोशित बनेका जेन-जी प्रदर्शनकारी दिउँसो करिब २ बजे नगरपालिकापरिसरमा पसेर कब्जा गरेका थिए। केही समय नाराबाजी गरेको समूहले करिब साढे तीन बजे मेयरको कार्यकक्ष र विभिन्न शाखाको कागजपत्र र फर्निचर तोडफोड गरेका थिए।

कागजपत्रबाहिर निकालेर फ्यालेको सो प्रदर्शनकारी समूहले कार्यालयको भवनमा आगजनी गरेको थियो। फर्निचर र अन्य सामग्री निकालेर पूर्व-पश्चिम राजमार्गमा आगजनी गर्दा दिनभर जसो राजमार्ग अवरुद्ध बनेको थियो। नगरपरिसरमा रहेका केही मोटरसाइकल, साइकल, गेट, डिजिटल बोर्डसमेत तोडफोड र आगजनी गरेका थिए।

स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले दर्जनौँ राउन्ड हवाई फायर र अश्रुग्यास प्रहार गरेको थियो। 'घटनामा इटहरी प्रहरीका डिएसपी लक्ष्मी भण्डारीसहित १३ जना सुरक्षाकर्मी घाइते भएका छन्,' प्रहरी निरीक्षक पराजुलीले भने, 'पाँचजना प्रदर्शनकारी घाइते भएकोमा एकको डिस्चार्ज भयो, ४ को उपचार भइरहेको छ।'


सोमबार बुटवलमा निकालिएको प्रदर्शन।


पोखरामा भ्रष्टाचारविरुद्ध नारा लगाउँदै जेन-जी।


शान्तिपूर्ण प्रदर्शनमा सुरक्षाकर्मीले हस्तक्षेप गरेपछि इटहरीमा प्रतिवाद गर्दै युवाहरू।

### ■ पोखरामा प्रहरी र प्रदर्शनकारीबिच झडप, निषेधाज्ञा जारी

पोखरामा प्रदर्शनमा उत्रिएका जेन-जी युवाहरू र प्रहरीबिच झडप भएको छ। मुख्यमन्त्री कार्यालय घेराउमा जान थालेपछि प्रहरीले चलाएको गोली लागेर २८ वर्षीय दिवस गुरुङ घाइते भएका छन्। प्रहरीको प्रदर्शनको क्रममा १३ जना पक्राउ परेको उनले बताए। इटहरी तनावग्रस्त बनेपछि सुनसरी प्रशासनले सोमबार दिउँसो ३ बजेदेखि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ।

गोलीबाट घाइते गुरुङको गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको छ। झडपमा थप पाँचजना घाइते भएको र उनीहरूको पोखराका विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

स्थानीय प्रशासनले सहिदचोकआसपासका क्षेत्रलाई तोकेर अनिश्चितकालीन निषेधाज्ञासमेत जारी गरेको छ। कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले निषेधाज्ञा जारी भएका स्थानमा पाँचजनाभन्दा बढी व्यक्ति भेला, जम्मा भई अनशन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभा र विरोधका कार्यक्रम गर्न पाइनेछैन।

### ■ दमक र बिर्तामोडमा आगजनी, प्रधानमन्त्री ओलीको घरमा ढुंगा प्रहार

झापाको दमक र बिर्तामोडमा पनि तनाव भएको छ। प्रदर्शनकारीले दमक र बिर्तामोड नगरपालिकामा प्रदर्शनसँगै आगजनीसमेत गरेका छन्। उनीहरूले दमक-९ स्थित प्रधानमन्त्री केपी ओलीको निवासमा समेत ढुंगा प्रहार गरेका छन्। प्रदर्शनका कारण बिर्तामोड क क्षेत्रमा सोमबार राति साढे ८ बजेदेखि बिहान ५ बजे तथा दमक क्षेत्रमा सोमबार राति १० बजेदेखि बिहान ५ बजेसम्म कर्फ्यु लगाइएको छ। दमकको प्रदर्शनमा ९ जना आन्दोलनकारी र १२ नेपाल प्रहरी तथा सशस्त्र प्रहरी घाइते भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काले बताए। घाइतेको झापाका विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

यस्तै, दमकमा ५४ सेल अश्रुग्यास प्रहार भएको छ। उनका अनुसार विभिन्न हतियारबाट २१ राउन्ड गोली प्रहार भएको छ। खड्काले भने हवाई फायर भएको बताएका छन्। तर, प्रदर्शनकारीको घुँडा तथा शरीरका विभिन्न ठाउँमा गोली लागेर उपचार गराइरहेका छन्। आन्दोलनका क्रममा दमकबाट आठजना नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

दमक नगरपालिकामा पार्किङ गरेर राखेका सरकारी तथा निजी करिब पाँचवटा मोटरसाइकल पूर्ण रूपमा जलाइएको छ। दुईवटा मोटरसाइकल तथा स्कुटरमा क्षति पुगेको दमक नगरपालिकाका सूचना अधिकारी समीप चुडालले बताए। उनका अनुसार दमक नगरपालिकाको प्रशासनिक भवनको सिसासमेत फुटाइएको छ। यस्तै, पूर्व-पश्चिम राजमार्गअन्तर्गत दमकको क्याम्पस मोडदेखि चिया दोकानसम्म करिब तीन ठाउँमा टायर बालेर दुई घण्टाभन्दा बढी सडक अवरोध गरेका थिए।

बिर्तामोड नगरपालिकामा पनि प्रदर्शनकारीले नगरपालिकाको गेटमा आगो बालेर प्रदर्शन गरेका छन्। उनीहरूले नगरपालिकापरिसरमा राखेका सवारीसाधनमा समेत तोडफोड गरेका हुन्। यस्तै, आन्दोलनकारीले बुटवल र भैरहवाका केही क्षेत्रमा सोमबार कर्फ्यु लगाएको थियो। तर, राति १० बजेबाट हटेको छ।

कोशी प्रदेशको राजधानी विराटनगरमा समेत प्रदर्शन भएको छ। राष्ट्रिय झन्डा, प्लेकार्ड र ब्यानरसहित युवाहरू विराटनगरको संसारीमाई स्थानबाट ट्राफिक चोक, महेन्द्र चोक, बसपार्क हुँदै रोडशेष चोकदेखि विराटनगर बजार परिक्रमा गरेर जिल्ला प्रशासन कार्यालय र कोशी प्रदेश सभाअगाडि प्रदर्शन गरेका हुन्।

संसारीमाई स्थानदेखि महेन्द्र चोक हुँदै दक्षिण रोडशेष चोक पुगेका उनीहरूले प्रहरीको ब्यारिकेड तोडेर मुख्यमन्त्री कार्यालय घेराउको प्रयाससमेत गरे। उनीहरूले विराटनगर महानगरपालिकामा ढुंगासमेत प्रहार गरेका थिए। त्यस्तै, विराटनगर महानगरपालिकाले आन्दोलनबाट उत्पन्न परिस्थितिका कारण भन्दै महानगरभित्रका सबै विद्यालयको पठनपाठन मंगलबारका लागि बन्द गरेको छ।

पर्साको वीरगन्जमा सोमबार राति नौ बजेदेखि मंगलबार बिहान नौ बजेसम्म कर्फ्यु आदेश जारी गरेको छ। सोमबार वीरगन्जमा भएको जेन-जीको आन्दोलन मंगलबार पनि कायमै हुने देखिएपछि कर्फ्यु लगाइएको हो। प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीका अनुसार पूर्वमा बाइपास रोड, पश्चिममा सिसिया पुल, उत्तरमा गण्डक चोक र दक्षिणमा शंकराचार्य गेटसम्म कर्फ्यु आदेश भएको हो। महानगरको यस क्षेत्रमा कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा बैठक घेराउ गर्न नपाउने उनले बताए।

### ■ अन्य क्षेत्रमा पनि प्रदर्शन

युवाहरूले हेटौँडा वीरगन्ज, जनकपुर, बागलुङ, नेपालगन्ज, धनगढीलगायत क्षेत्रमा पनि प्रदर्शन गरेका छन्। हेटौँडा उपमहानगरपालिकाको कार्यालयअगाडि भेला भएर निस्किएका युवाहरू हुप्रचौर, बुद्धचोक र सीमाचोक हुँदै बागमती प्रदेश सभा भवनअगाडिसम्म पुगेका थिए। करिब दुई घण्टासम्म बुद्धचोक क्षेत्रमा सडक अवरुद्ध पार्दै उनीहरूले 'भ्रष्टाचार बन्द गर', 'सामाजिक सञ्जाल खोल', 'युवाले चाहेको परिवर्तन दे' जस्ता नारा लगाएका थिए।

सरकारले 'उल्टो बाटो' लिएको भन्दै सांकेतिक रूपमा केहीबेर उल्टो हिँडेर विरोध जनाएका थिए। प्रदर्शनकारी समीर सापकोटाले उल्टो हिँड्दा दुर्घटना हुने भएकाले सरकारलाई सुल्टो बाटोमा हिँड्न दबाब दिइएको बताए।

'भैँसी लड्यो है माया भिरबाट हेर, हाम्रो ट्याक्स है माया गै गयो लौ खेर' नारासहित बागलुङ बजारमा विरोधसभा भएको छ। धनगढीमा जिल्ला प्रशासन कार्यालयअगाडि भेला भएका युवाले 'जनताको पैसा जनताकै लागि', 'जनताको पसिना नेताको ऐस होइन', 'जनताको आवाज रोकिँदैन कहिल्यै'लगायतका प्लेकार्ड बोकेका थिए।

## ■ राजधानीमा जेन-जीको प्रदर्शन

तस्बिर : **अमुल थापा, दिपेन्द्र ढुंगाना, संजित परियार र सञ्जीव योञ्जन**


जेन-जीले सोमबार निकालेको जुलुस माइतीघर मण्डलाबाट बानेश्वरतर्फ बढ्दै।


बानेश्वरमा पुगेपछि सरकारविरुद्ध नारा लगाउँदै जेन-जी।


सुरक्षाकर्मी र प्रदर्शनकारीबिचको झडपपछि संसद् भवनअगाडिको दृश्य।



सुरक्षाकर्मीले हानेको अश्रुग्यासको सेल फर्काउँदै एक युवा।


प्रहरीको गोली लागेर घाइते नयाँ पत्रिकाकर्मी दिपेन्द्र ढुंगानालाई अस्पतालतर्फ लैजाँदै सहकर्मीहरू।

# सरकारबाट बाहिरिन कांग्रेस सभापति देउवालाई शीर्ष नेताकै दबाब

## तर, देउवाको उल्टो प्रश्न छ- सातबुँदे सहमतिमा हस्ताक्षर गरेको छु, कसरी फिर्ता हुनु ?



**प्रेम गौतम**/नयाँ पत्रिका

जेन-जीको प्रदर्शनमा भएका बर्बर दमन र अकल्पनीय मानवीय क्षतिपछि प्रमुख सत्तारूढ दल कांग्रेसका शीर्ष नेताहरूले नै घटनाको नैतिक जिम्मेवारी लिँदै सरकारबाट बाहिरिन सभापति शेरबहादुर देउवालाई दबाब दिएका छन्। सभापति देउवाको निवास बुढानीलकण्ठमा सोमबार साँझ बसेको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा नेताहरूले लोकतान्त्रिक इतिहासमै सबैभन्दा ठुलो मानवीय क्षति भएको भन्दै कांग्रेस सरकारबाट फिर्ता हुनुपर्ने माग राखेका हुन्। तर, देउवाको उल्टो प्रश्न छ- सातबुँदे सहमतिमा हस्ताक्षर गरेको छु, कसरी फिर्ता हुनु ?

बैठकमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्री जीवन परियार, पूर्वउपसभापतिद्वय विमलेन्द्र निधि र गोपालमान श्रेष्ठ तथा पूर्वमहामन्त्री कृष्ण सिटौलाले सरकारबाट फिर्ता हुनुपर्ने माग गरेका हुन्। उनीहरूले गृहमन्त्री रमेश लेखकले तत्काल राजीनामा दिनुपर्ने र कांग्रेस सरकारबाट फिर्ता हुनुपर्ने बताएका थिए। इतर समूहका डा. शेखर कोइरालासहितका नेताहरूले पनि सरकारको औचित्य सकिएको भन्दै बाहिरिन माग गरेका छन्।

पूर्वउपसभापति विमलेन्द्र निधिले लोकतन्त्र र संविधानको रक्षाका लागि कांग्रेस सरकारबाट बाहिरिएर सर्वदलीय वा राष्ट्रिय सरकारको प्रस्ताव गर्नुपर्ने सुझाव दिएका छन्। यही अवस्थामा लोकतन्त्र, प्रणाली र संविधानमाथि खतरा उत्पन्न हुने उनको चेतावनी छ। 'अहिले जुन वातावरण देखिरहेको छु, यसले लोकतन्त्र, प्रणाली र संविधानमाथि खतरा छ। कांग्रेसले यस्तो अवस्थालाई गम्भीर रूपमा लिनुपर्छ। सत्ता वा सरकारलाई प्राथमिकताभन्दा लोकतन्त्रको रक्षा गर्न कांग्रेस लाग्नुपर्छ। कांग्रेसले मात्रै रक्षा गर्न सक्छ। तसर्थ, सरकारबाट कांग्रेस बाहिर निस्कनुपर्छ। लोकतन्त्र र संविधानको रक्षाका लागि सर्वदलीय सरकार वा राष्ट्रिय सरकारको प्रस्ताव लिएर अग्रसरता दिनुपर्छ,' निधिको भनाइ थियो।

पूर्वउपसभापति गोपालमान श्रेष्ठले गृहमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिएपछि प्रधानमन्त्रीले पनि सोच्नुपर्ने बताए। पूर्वमहामन्त्री सिटौलाले निधिको कुरा गम्भीर रहेको भन्दै गृहमन्त्रीले मात्रै राजीनामा दिएर नहुने बताएका थिए। उनले कम्तीमा मन्त्रिमण्डल पुनर्गठन गर्नुपर्ने प्रस्ताव गरेका थिए। महामन्त्रीद्वय थापा र शर्मा, सहमहामन्त्री परियार र पूर्वउपसभापति श्रेष्ठले टाउको हल्लाएर निधि र सिटौलाको प्रस्तावमा समर्थन जनाएका थिए।

तर, बैठकमा देउवाले सातबुँदे सहमतिमा हस्ताक्षर गरेको भन्दै कसरी सरकारबाट फिर्ता हुनु भन्ने प्रश्न गरेका छन्। 'मैले सातबुँदेमा हस्ताक्षर गरेको हुनाले कसरी फिर्ता लिनु, मिल्दैन,' देउवाले बैठकमा भनेका छन्। त्यसपछि नेताहरूले सातबुँदे सहमति गर्दा र अहिलेको परिस्थिति फरक रहेको भन्दै सरकारबाट फिर्ता हुन समस्या नहुने देउवालाई सुझाव दिएका छन्। सातबुँदेमै टेकेर पनि सरकारबाट बाहिरिन सकिने सुझाव उनीहरूको थियो।

### ■ कांग्रेस रुपन्देहीको पार्टी कार्यालय र पूर्वगृहमन्त्री खाणको घरमा तोडफोड

प्रदर्शनमा उत्रिएका युवाहरूले कांग्रेस रुपन्देहीको भैरहवास्थित पार्टी कार्यालय र तिलोत्तमा नगरपालिका-८ स्थित पूर्वगृहमन्त्री बालकृष्ण खाणको घरमा तोडफोड गरेका छन्। पार्टी कार्यालयपरिसरमा रहेका चारवटा कार, केही मोटरसाइकल र स्कुटीसमेत तोडफोड भएको कांग्रेस रुपन्देहीले जनाएको छ। युवाहरूले खाणको घरको गेट र कम्पाउन्डमा समेत तोडफोड गरेको प्रहरीले जनाएको छ। प्रदर्शन निन्त्रणबाहिर गएको भन्दै स्थानीय प्रशासनले

### ■ जेन-जी आन्दोलनमा भएको मानवीय क्षतिबारे कुन दलले के भने ?

**■ हृदयविदारक घटना : एमाले**

सत्तारूढ दल एमालेले जेन-जी आन्दोलनमा भएको जनधनको क्षतिलाई हृदयविदारक घटना भनेको छ। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले हृदयविदारक र दुःखद घटना भएको बताए। 'हृदयविदारक र दुःखद भयो। आन्दोलनकारी र सरकार दुवै पक्षलाई संयमता अपनाएर वार्ताबाट समाधान खोज्न र हिंसा नलम्ब्याउन जोडदार माग गर्दछौं,' गौतमले भने। एमाले केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाले प्रधानमन्त्री केपी ओलीको राजीनामा मागेकी छिन्। नैतिकताका आधारमा पनि प्रधानमन्त्री पदमा बस्न नमिल्ने उनको तर्क छ। 'गृहमन्त्रीले मात्र राजीनामा दिएर हुन्न, प्रधानमन्त्रीले पनि राजीनामा दिनुपर्छ,' उनले सामाजिक सञ्जाल फेसबुकमार्फत भनेकी छिन्।

**■ प्रधानमन्त्रीको राजीनामा माग्ने माओवादीको निर्णय**

प्रमुख प्रतिपक्षी दल माओवादीले जेन-जीको आन्दोलनमा सरकारले दमन गरेको निष्कर्ष निकाल्दै प्रधानमन्त्री ओलीको राजीनामा माग्ने निर्णय लिएको छ। जेन-जी प्रदर्शनमा गोली चलेपछि बसेको माओवादीको उपलब्ध पदाधिकारीको आकस्मिक बैठकले सरकारले दमन गरेको निष्कर्ष निकालेको माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले बताए।

**■ एकीकृत समाजवादीले माग्यो ओलीको राजीनामा**

एकीकृत समाजवादीले प्रधानमन्त्री ओलीको राजीनामा मागेको छ। सोमबार बसेको सचिवालय बैठकले 'जेन-जी' पुस्ताको आन्दोलनका सन्दर्भमा विशेष प्रस्तावसहित निर्णय गरेको उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले बताए।। 'तत्कालै आन्दोलनकारीका माग सम्बोधन गर। समाजिक सञ्जाल खुला गर। यति धेरै जनताको ज्यान लिने प्रधानमन्त्री र गृहमन्त्री अब पदमा बसिरहन मिल्दैन। प्रधानमन्त्री तुरुन्त राजीनामा देऊ,' ज्वालाले भने।

**■ रास्वपाले माग्यो प्रधानमन्त्रीको राजीनामा र अर्ली इलेक्सन**

जेन-जीद्वारा आयोजित प्रदर्शनमा सरकारले बर्बर दमन गरेको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्री केपी ओलीको राजीनामा र ताजा जनादेशको माग गरेको छ। सोमबार बसेको केन्द्रीय सचिवालयको आकस्मिक बैठकले देशमा व्याप्त भ्रष्टाचार, कानुनी शासनको अवहेलना, क्रूर राजनीतिक अभ्यास र सामाजिक सञ्जाल बन्द गरेर अभिव्यक्ति स्वतन्त्रता खोसिएकोविरुद्धमा आयोजित प्रदर्शनमा भएको दमनको भर्त्सना गरेको छ।

**■ जेन-जीसँग वार्ता गर्न जसपा नेपालको माग**

जसपा नेपालले जेन-जी पुस्तालाई सरकारले दमन गरेको भन्दै दुःख व्यक्त गरेको छ। अध्यक्ष उपेन्द्र यादवले विज्ञप्ति जारी गर्दै जसपा नेपालले आन्दोलनमाथि दमन बन्द गरी सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्ध तत्काल हटाउन र वार्ता थाल्न आग्रह गरेको छ। त्यस्तै, राष्ट्रिय मुक्ति पार्टीले शान्तिपूर्ण जेन-जी आन्दोलनमा सरकारले गरेको निर्मम दमन र हिंसाको निन्दा गरेको छ।

# भ्रष्टतन्त्रले जन्माएको असन्तुष्टिको परिणाम

## जेन-जी पुस्ताको यो आक्रोश बढ्दै गयो भने कुनै दिन यहाँको राजनीतिले पनि बंगलादेशकै नियति झेल्नु नपर्ला भन्न सकिन्न



● डा. दीपेश घिमिरे

अग्रलेख

देशको संघीय राजधानीसहित देशभरका प्रमुख सहरबजारमा सोमबार भएको 'जेन-जी' पुस्ताको आन्दोलन एक्कासि उठेको होइन। यसका पछाडि तात्कालिक र दीर्घकालीन धेरै कारण लुकेका देखिन्छन्। लामो समयदेखि यसको तयारी भइरहेको थियो भन्ने देखिन्छ। यो तयारी कुनै व्यक्ति या समूहका तर्फबाट भइरहेको थियो भन्ने होइन। हाम्रो सामाजिक संरचना र प्रणालीका कारण गुम्सेर बसेको असन्तुष्टिले पृष्ठभूमिमा आन्दोलनको माहोल बनाउँदै आएको थियो।

०६२/६३ मा त्यतिखेरको पुस्ताले गरेको आन्दोलनले सत्ता बदल्ने भूमिका त खेल्यो, तर संरचना बदल्न सकेन। त्यतिखेर शक्तिमा रहेका पात्र बदलिए, राजतन्त्र हटेर गणतन्त्र आयो। यस्तो परिवर्तन भए पनि संरचनात्मक परिवर्तन हुन सकेन। त्यसले पनि सोमबारको आन्दोलनको पृष्ठभूमि तयार गर्दै आएको थियो।

पछिल्लो समयमा समाजमा भ्रष्टाचारको अवस्थाचाहिँ अत्यन्तै डरलाग्दो गरी बढेको छ। पंक्तिकारले विद्यावारिधिको अध्ययनका क्रममा भ्रष्टाचारसम्बन्धी एउटा अध्ययन गरेको थियो। सन् २००६ देखि २०२० सम्मका देशका प्रमुख पत्रपत्रिकामा आएका एक अर्बभन्दा माथिका भ्रष्टाचारसम्बन्धी समाचारको अध्ययन गर्दा करिब दुई सय ३१ अर्बभन्दा बढीको भ्रष्टाचार भएको देखिएको थियो। यसबारे पंक्तिकारले एक जर्नलमा लेख प्रकाशित गरिसकेको पनि छ। एकातिर देशमा यो स्तरमा भ्रष्टाचारको रफ्तारसँगै राज्यको स्रोत-साधनको दोहन गर्ने प्रवृत्ति बढिरहेको थियो भने अर्कातिर त्यसको नियन्त्रणका लागि राज्य संयन्त्रले कुनै काम गरिरहेको थिएन। भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक व्यवस्थाका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यरत भए पनि यसले प्रभावकारी रूपमा 'फंग्सन' गर्न सक्ने अवस्था नै छैन। यसले ठुला र नीतिगत भ्रष्टाचारमा प्रवेश गर्न सक्दैन। सरकारको तजबिजीमा भागबन्डा लगाएर नियुक्त गरिने प्रमुख र अन्य आयुक्तको पनि भ्रष्टाचार नियन्त्रण गर्ने बलियो इच्छाशक्ति पनि देखिएन। फेरि राज्यमा भ्रष्टाचार हुनै नदिने अवस्था सिर्जना गर्नुपर्ने राज्यले आफ्नो दायित्व पूरा गर्न नसकिरहेको अवस्थाले आमनागरिक र विशेषगरी अहिलेको जेन-जी पुस्तामा तीव्र आक्रोश बढाइरहेको थियो। यससँगै राज्यका स्रोत-साधनको दोहनबाट सिर्जित भ्रष्टाचारबाट आर्जन गरिएको अकुत सम्पत्तिबाट एउटा एलिट वर्ग, तिनको परिवार र सन्तान दरसन्तानले विलासी जीवन बाँचिरहने र करदाता आमनागरिकले चाहिँ सामान्य तुइनसम्म नपाएर खोलामै हेलिनुपर्ने, साँझबिहान चुलो बाल्नकै लागि पनि सहज अवस्था नहुने, सामान्य रोजगारीसमेत नपाएर बिदेसिनुपर्ने, देशमा गरिबी, महँगी चुलिइरहनेलगायत अवस्थाले प्रस्ट रूपमा दुईवटा वर्ग जन्माइरहेको थियो।

खासगरी, ०६२/६३ को आन्दोलनले देशमा सदियौँ पुरानो राजसंस्था ढालेपछि यस्ता यावत् पक्षमा सुधार आउनुपर्थ्यो। तर, देशमा झनै भ्रष्टाचार र बेथितिले जेन-जी पुस्तामा असन्तुष्टि चुल्याउँदै लग्यो। राज्यसिर्जित असमानताले गर्दा देशमा हाम्रो भाग खोसिँदै छ, हाम्रो भविष्य अन्धकारमय बन्दै छ, हामीले तिरेको करमा सीमित वर्गले मोज गर्दै छ भनेर जेन-जी पुस्ता भित्रभित्रै आक्रोशित बन्दै थियो। सुशासनको जगविना देशको समृद्धि सम्भव छैन भन्ने यो पुस्ताले राम्रोसित बुझेको छ। विगतमा विभिन्न नामका आन्दोलन भए पनि हाम्रो पुस्ताको जीवनमा किन समृद्धि आउन सकेन त भनेर यो पुस्ता घोत्लियो। 'नियो क्लिप्टोक्रेट्स'का कारण मौलाएको भ्रष्टतन्त्रमा एकपटक चुनाव जितिसकेपछि पटक-पटकको आवधिक निर्वाचनमार्फत अनेक बहाना र नारा अघि सारेर निर्वाचित हुँदै राज्यका स्रोत र साधनको दोहन गरिरहने भ्रष्टहरूको बहिर्गमनविना हाम्रो पुस्ताको समृद्धि सम्भव छैन र यसका सबैभन्दा ठुला बाधक यिनै सत्तासीन नै हुन् भन्ने बुझेकाले पनि यो पुस्ता आन्दोलनमा होमियो।

जेन-जी पुस्ता मात्र होइन, हामीले स्कुल पढ्दादेखि सुन्दै आएका नाम र देख्दै आएका अनुहारबाटै अझै पनि हामी शासित हुन अभिशप्त छौँ। एउटै मान्छेलाई हामीले चार दशकभन्दा बढी समयदेखि झेल्दै आएका छौँ। एकपटक राजनीतिमा प्रवेश गरेपछि आर्यघाट नपुगुन्जेल सत्तावरिपरि नै रहिरहनुपर्ने पुस्ताका कारण पनि समाजका हरेक तह र तप्कामा असन्तुष्टि बढाएको छ। आगामी दिनमा आउँदै गरेका निर्वाचनमा पनि तिनै मान्छेलाई झेल्नुपर्ने अवस्था सिर्जना गर्न पार्टीभित्र र बाहिर अनेकौँ तिकडम गरिँदै छन्। यिनले हाम्रो नदीभर्नै निरन्तर बग्नुपर्ने नेतृत्व र राजनीतिलाई दुर्गन्धित फोहोर पोखरीमा परिणत गरेका छन्। यसले पनि यो पुस्तालाई 'इरिटेट' गरिरहेको थियो।

जेन-जी डिजिटल टोक्नोलोजीसँगै हुर्केको इन्टरनेट पुस्ता हो। यो पुस्ताले नेपालमा टेक्नोलोजीमा आधारित धेरै ठुला रोजगारीका अवसर सिर्जना गरेको थियो। सामाजिक सञ्जालदेखि इन्टरनेटमा उपलब्ध विभिन्न प्लाटफर्म प्रयोग गरेर रोजगारी सिर्जना गर्दै आएको थियो।




अहिले राज्यले त्यसैमाथि धाबा बोलेर उनीहरूको रोजीरोटी बन्द गराइदिएको छ। यसको प्रतिरोध पनि हो यो आन्दोलन।

सोमबार जेन-जी पुस्ताले आन्दोलन गर्दै छ भन्नेबारे राज्यलाई पहिल्यै जानकारी थियो। तर, हाम्रो राज्यले यो पुस्ताको आन्दोलनलाई फुच्चाफाच्चीको असन्तुष्टि भनेर 'अन्डर इस्टमेट' गर्ने काम गऱ्यो। यो पुस्तासँग भएको ल्याकत, विद्वता, ज्ञान, क्षमता र सीप सबै पक्षको अन्डर इस्टमेट गरियो। यसबाट सरकारको नियत प्रस्ट भएको छ। वर्तमान प्रधानमन्त्री केपी ओलीलगायत अधिकांश नेता राजनीतिमा प्रवेश गर्दा १८-२० वर्षको उमेर समूहका हुनुहुन्थ्यो। कतिपय नेताले ३० वर्षभन्दा कम उमेरमै पार्टीको नेतृत्व गर्नुभएको थियो। उहाँहरू राजनीतिक रूपमा अत्यन्त सचेत उमेर समूहका नेता हुनुहुन्छ हो। विगतमा राज्यले अन्डर इस्टमेट गर्दा जसरी उहाँहरूले आन्दोलनको आँधीबेहरी ल्याएर अनेकौँ सत्तालाई पटक-पटक ढाल्नुभएको थियो, आज उहाँहरूले आफू सत्तामा हुँदा त्यही गल्ती दोहोऱ्याइरहनुभएको छ। उहाँहरू जीवनको सबैभन्दा उर्वर उमेर समूहको पुस्तालाई फुच्चाफाच्ची भनेर यो पुस्ताको क्षमताको अवमूल्यन गर्दै हुनुहुन्छ। जेन-जी पुस्ताको यो आन्दोलनमा यति ठुलो सहभागिता हुन्छ भन्ने उहाँहरूले सोच्नुसम्म भएन। त्यसैले, यो स्तरको युवा सहभागिता देखेर अताल्लिएको राज्यसत्ता अत्यन्तै क्रूर र आततायी रूपमा प्रस्तुत भयो। यतिखेर सामाजिक सञ्जालमा आएका समाचार, तस्बिर र भिडियो हेर्दा जोकोहीका आँखा रसाउँछन्। सोमबार राज्यले जेजसरी एउटा कलिलो पुस्ताको आन्दोलनमाथि देशभर क्रूरतापूर्वक दमन गरेको छ, त्यसले गाजामा भइरहेको मानव तथा बालबालिकाको विनाशलाई समेत बिर्साइदिएको छ। आफूले निर्वाचित गरेर पठाएको सरकारले यो स्तरको क्रूरता देखाउँछ भन्ने कसैले कल्पना पनि गर्न सक्दैन। राज्यले देशभरका सडकमा नग्न नृत्य देखाएको छ। त्यो एक जघन्य र क्रूर अपराध हो। त्यसका लागि उसले कुनै न कुनै रूपमा दण्डित हुनैपर्छ।

सोमबार राज्यले जे-जसरी एउटा कलिलो पुस्ताको आन्दोलनमाथि देशभर क्रूरतापूर्वक दमन गरेको छ, त्यसले गाजामा भइरहेको मानव तथा बालबालिकाको विनाशलाई समेत बिर्साइदिएको छ

यो पुस्ताले सोमबारको आन्दोलनका विषयमा केही दिनदेखि औपचारिक रूपमा जानकारी दिइरहेको थियो। उसले काठमाडौं जिल्ला प्रशासनसँग त लिखित अनुमति नै लिएको थियो। के यस अवधिमा हाम्रो राज्य संयन्त्रले उनीहरूसित वार्ता गर्न सक्दैनथ्यो ? उनीहरूको असन्तुष्टि के हो भन्ने विषयमा बुझ्न सक्दैनथ्यो ? राज्यसित वार्ता गर्न सक्ने कुनै मेकानिज्म थिएन ? घरमा बालबालिका असन्तुष्ट भएमा हामी उनीहरूलाई पिटेर ठेगान लगाउँछौँ कि उनीहरूका गुनासा सुनेर त्यसलाई सम्बोधन गरेर उनीहरूको चित्त बुझाउने प्रयास गर्छौँ ? आखिर हामी नागरिकका लागि यो सिंगो देश नै घर होइन ? अनि राज्य संयन्त्र भनेको सम्पूर्ण देशवासीको साझा अभिभावक होइन ? के यो सरकारले यो पुस्तासित वार्ता गर्न सामान्य 'इनिसिएसन' पनि लिन सक्दैनथ्यो ? के राज्यका हर्ताकर्ताले यो पुस्तालाई यो स्तरमा अन्डर इस्टमेट गर्नु जरुरी थियो ? राज्यका तर्फबाट आन्दोलनको तयारी गरिरहेको जेन-जी पुस्ताका गुनासा सुन्न कसले कहाँनेर के पहल गऱ्यो ? के राज्यले यसरी गैरजिम्मेवार बनेर आन्दोलनमा उत्रिएका निहत्था युवामाथि गोली चलाउन मिल्छ ?

सोमबारको आन्दोलनमा देखिएको सहभागिता र त्यसमा सरकारको बर्बरतालाई हेर्दा अब यो आन्दोलन जेन-जी पुस्ताको मात्र रहेन। यति धेरै छोराछोरी सहिद भएको र कैयौँ घाइते भएर अस्पतालका शय्यामा छट्पटाइरहेको अवस्थामा अब यो आमअभिभावकको पनि आन्दोलन बन्नुपर्छ। यी कलिला नानीबाबुलाई न्याय प्रदान गराउनु अब हामी आमनागरिकको पनि दायित्व या जिम्मेवारी हो। त्यसैले, यो आन्दोलनको भावी दिशा यसै हुन्छ भनेर आजै भन्न नसकिए पनि यो आन्दोलन अब त्यसै टालटुले सुधार या सम्बोधनको प्रयासबाट मात्र रोकिने सम्भावना देखिन्न। जुन पुस्तालाई भगौडा, पलायनवादी, आफ्नो व्यक्तिगत स्वार्थमा रमाउने भन्ने आक्षेप लगाइँदै आएको थियो, त्यो पुस्ता अब जबर्जस्त रूपमा राजनीतिमा उदाएको छ। उनीहरूमा देशको राजनीति, भ्रष्टाचार, बेरोजगारीलगायत यहाँको बेथितिप्रति गम्भीर चासो र चिन्ता रहेछ भन्ने प्रस्ट भएको छ। अब यो पुस्तालाई यहाँको राजनीतिमा रोक्न सकिन्न। उनीहरूमा रहेको राजनीतिक चेतनाको बिगुल सोमबारको आन्दोलनले फुकिसकेको छ। यस आन्दोलनसँगै अब लामो समयदेखि राज्य शक्तिको दोहनमा रमाउँदै आएको पुस्ताले थुपारेको अकुत सम्पत्तिको छानबिन गरी दोषीमाथि निर्मम कारबाही गर्ने एन्जेन्डा बलियो बनेर आउन सक्छ। हामीले छिमेकी बंगलादेशको सत्ता परिवर्तनलाई नजिकबाट नियालेका छौँ। अहिले नै यहाँको आन्दोलनले पनि त्यही बाटो पक्रेला भन्न नसकिए पनि राज्यसत्ताका हर्ताकर्ताको नियतमा सुधार आएन, उनीहरूका काम गर्ने तौरतरिकामा बदलाब आएन र उनीहरू स्वयं आफूलाई सच्याउन तयार भएनन् भने यहाँ पनि बंगलादेशको अवस्था नआउला भन्न सकिन्न।

यति धेरैको हताहती, यति धेरै घाइते भइसकेको अवस्थामा ठाउँठाउँमा नेताका निवासमाथि जुन किसिमको आक्रोश पोख्ने काम भइरहेको छ, त्यो आक्रोश त्यत्तिकै मत्थर हुन्छ भनेर कसैले नसोचे पनि हुन्छ। जेन-जी पुस्ताको यो आक्रोश बढ्दै गयो भने साँच्चै कुनै दिन यहाँको राजनीतिले पनि बंगलादेशकै नियति झेल्नु नपर्ला भन्न सकिन्न। त्यसैले, त्यो अवस्था आउनुअघि नै राज्यसत्ताका हर्ताकर्ताको मति सुधिनु अनिवार्य छ।

*(डा. घिमिरे त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र विभागका प्राध्यापक हुन्)*

---

३ प्रश्न

नेपाल प्रहरीका पूर्वएआइजी **राजेन्द्रसिंह भण्डारी**लाई



**'जेन-जी ' पुस्ताको शान्तिपूर्ण प्रदर्शनमा सिडिओले दिएको गोली हान्ने आदेशमाथि तपाईंको टिप्पणी के छ ?**

सुरक्षा व्यवस्थापनमा 'ब्रेन एन्ड बेटन' भन्ने सिद्धान्त हुन्छ। ब्रेनले रणनीति बनाउने हो। बेटनले फिल्डमा सो रणनीति कार्यान्वयन गर्ने हो। सोमबारको प्रदर्शनमा ब्रेनमै समस्या देखियो। जेन-जी हरूको 'फ्रस्टेसन'लाई रणनीति बनाउनेहरूले बुझ्नै सकेनन्। न सुरक्षा संयन्त्रले उपयुक्त सूचना नै संकलन गर्न सक्यो। त्यसो हुँदा वस्तुपरक रणनीति नै बनेन। जब प्रदर्शन भड्कियो, अनि गोली हान्न आदेश भयो। यो सिडिओको केटाकेटी निर्णय हो।

**प्रदर्शनअघि सूचना संकलनमा चुक्दा यति ठुलो क्षति निम्तिएको हो भन्ने छ नि ?**

सुरक्षा रणनीति तयार गर्नुमा सूचनाको महत्त्वपूर्ण भूमिका हुन्छ। प्राप्त सूचनालाई विश्लेषण गरेर सोहीअनुसार सुरक्षाका लागि आवश्यक रणनीति तयार गर्नुपर्ने हुन्छ। तर, यसपटकको प्रदर्शनमा त्यस्ता सूचना संकलन भएको र त्यसअनुसार रणनीति बनाएको देखिएन।

**यसरी सडकमा एकाएक जेन-जी पुस्ताका युवा उत्रिनुको कारण के देख्नुहुन्छ ?**

यसमा बुझ्नुपर्ने पक्ष के हो भने सुरुमा मान्छेलाई 'इंगेजमेन्ट' चाहिन्छ। अर्को, मनका तित्कता पोख्न 'भेन्टिलेसन' चाहिन्छ। हामीसँग यी दुवै भएनन्। जेन-जी पुस्ताका युवाहरू भित्रभित्रै आक्रोशित भइरहेका थिए। सोमबार सडकमा प्रकट भएको त्यही हो। यसलाई सरकार र मातहतका सुरक्षा संयन्त्रको नेतृत्वमा बस्नेहरूले सही विश्लेषण गर्न चुक्दा ठुलो मानवीय क्षति निम्तियो। जसले आन्दोलनको आह्वान गरेका थिए, सायद उनीहरूले पनि यो आक्रोश यसरी पोखिन सक्छ भन्ने आकलन गर्न सकेनन्। युवाको यो फ्रस्टेसनलाई समयमै सही विश्लेषण गरिनुपर्थ्यो। यसमा सरकार नराम्ररी चुक्यो। सोही कारण यति ठुलो अकल्पनीय मानवीय क्षति निम्तियो।

---

प्रेरक प्रसंग

## कथाकार र महारानी

चार्ल्स डिकेन्स इंग्ल्यान्डका प्रसिद्ध कथाकार थिए। तत्कालीन समयमा उनका कथा निकै चर्चित थिए। उनका कथाका पाठक विभिन्न तहका मानिस थिए। तर, उनी आफ्ना कथा सामान्य जनताका लागि लेखिएका हुन् भन्नेमा आफू प्रस्ट थिए।

कुरा त्यो वेलाको हो, जतिखेर उनको ख्याति देशभर फैलन सुरु भएको थियो। त्यो वेला उनी कैयौँ मानिसलाई आफ्ना रचना सुनाउँथे। उनका ती कथा सुन्ने पाठक प्रायः सर्वसाधारण मानिस नै हुने गर्थे। त्यतिखेर उनका श्रोताको संख्या हजारौँ थियो। बिस्तारै इंग्ल्यान्डकी तत्कालीन महारानी भिक्टोरियाले पनि उनका कथा लेखन र वाचन शैलीको प्रशंसा सुनिन्। महारानी पनि कथाकार डिकेन्सको रचना सुन्न लालायित भइन् र आफ्ना सेवकलाई डिकेन्सलाई बोलाउन पठाइन्। महारानीको आदेश पाउनासाथ उनका सेवक चार्ल्स डिकेन्स खोज्न हिँडे। उनलाई भेट्न कठिन भएन। सेवकले डिकेन्सलाई महारानीले खोजेको कुरा सुनाए र आफूसित हिँड्न आग्रह गरे। उनको अनुरोधअनुसार डिकेन्स पनि दरबार जान तयार भए। जब ती सेवकले डिकेन्सलाई महारानीसमक्ष प्रस्तुत गरे, तब महारानीले उनको रचना सुन्ने इच्छा व्यक्त गरिन्।



डिकेन्सले महारानीसँग भने, 'मेरो रचना महारानीबाट सुन्ने इच्छा व्यक्त गरिनु मेरा लागि अहोभाग्य हो। तर, यसमा मेरा केही सर्त छन्। साँच्चै महारानी मेरो रचना सुन्न चाहनुहुन्छ भने त्यति वेलामा आउनुपर्नेछ, जब म सर्वसाधारण मानिसलाई आफ्ना रचना सुनाइरहेको हुन्छु। माफ गर्नुहोला महारानी, म राजमहलका लागि लेख्दिनँ, म त सामान्य जनताका लागि लेख्छु।' डिकेन्सको जवाफ सुनेर महारानी आश्चर्यमा परिन्। तर, उनले केही भनिनन्। उता डिकेन्स भने महारानीसित बिदा मागेर फटाफट आफ्नो घरतिर लागे।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## समयमै सम्बोधन गर

सामाजिक सञ्जालमा हुर्केका नयाँ पुस्ताले बोलेर होइन, गरेर देखाउने संकेत देखाउँदै गर्दा आजका युवा हिजोका जस्ता होइनन् र छैनन् भनेर देखाएको छ। आजका युवाले भ्रष्टाचार र भ्रष्टाचारीविरुद्ध आवाज उठाउन थालेका छन्। त्यसैकारण नेपालमा सामाजिक सञ्जाल सुरु गर्दा नै भविष्यको ख्याल गरिदिएको भए यस्तो अवस्था आउने थिएन। वेलैमा नियम, कानुन बनाउनतिर ध्यान दिन नसक्नुको परिणाम त होइन यो सब ? समयमै नागरिकका अपेक्षा सम्बोधन हुन सकेनन् भने के हुन्छ, सोमबारको घटनाले पनि देखाइसकेको छ। सोमवारको आन्दोलनलाई सामाजिक सञ्जालमाथिको प्रतिबन्धका कारण मात्र उठेको सम्झिनु गम्भीर भूल हुनेछ। यो त सरकारको नालायकी र भ्रष्ट क्रियाकलापविरुद्धको विस्फोट हो। यसलाई समयमै सम्बोधन गरियोस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

## युवाका आवाज सुन

पहिलोपटक सडकमा उत्रिएका 'जेन-जी ' पुस्ताको आन्दोलनमाथि प्रहरीले अत्यधिक बल प्रयोग गर्दा कैयौँ आन्दोलनकारीको ज्यान गएको र कैयौँ घाइते भएका छन्। यसबाट यो सरकार युवाका आवाज सुन्न तयार छैन, उनीहरूमाथि निर्मम दमन गरी आफ्नो निरंकुश सत्ता लम्ब्याउने दाउमा छ भन्ने देखिन्छ। तर, पहिलो दिनमै देशभर सडकमा उत्रिएका जेन-जी पुस्ता यति सजिलै शान्त हुनेछैन। यस्तो अवस्थामा समयमै उनीहरूका आवाज सुनेर त्यसको सम्बोधन गरियोस्।

● **मनीषा कुइँकेल**
बुद्धनगर, काठमाडौं

## कफ्र्युमा समय दिनुपर्दैन ?

सरकारले सोमबार बानेश्वरको सडकमा जेन-जी पुस्ताको आन्दोलन नियन्त्रण गर्न नसकेपछि कैयौँ ज्यान जाने गरी आक्रमण गरेको छ भने मध्यदिनमै एकाएक कफ्र्युं लगाएको छ। तर, कफ्र्युं घोषित क्षेत्रमा रहेका स्कुल तथा कलेजमा अध्ययनरत विद्यार्थी एवं कार्यालय र विभिन्न व्यापारिक प्रतिष्ठानमा कार्यरत सर्वसाधारणलाई घरसम्म पुग्ने समयसमेत नदिई त्यसरी एकाएक कफ्र्युं घोषणा गर्दा सर्वसाधारणले निकै ठुलो सास्ती व्यहोर्नुपऱ्यो। के सरकारले कफ्र्युमा सर्वसाधारणलाई घर फर्किन पर्याप्त समय दिनुपर्दैनथ्यो ?

● **गोविन्द विक**
मीनभवन, काठमाडौं

## सरकारमाथि प्रश्न

विश्वमा सामाजिक सञ्जाल प्रयोग गर्ने देश एक्लो नेपाल मात्र होइन, अन्य सयौँ देश छन्। ती देशले पनि दर्ता गराएका होलान्। जसरी अन्य देशमा दर्ता भएका छन्, त्यसरी नै नेपालमा पनि दर्ता हुनुपर्छ, यसमा कुनै दुईमत छैन। तर, सरकारले आह्वानसँगै जुन पूर्ण रूपमा सामाजिक सञ्जाल बन्द गऱ्यो, यसमा कोही पनि सन्तुष्ट छैनन् र हुन पनि सक्दैनन्।

नेपालमा सञ्जालको इतिहास हेर्ने हो भने दुई दशकभन्दा बढी कटिसकेको छ। त्यस्तो अवस्थामा तिनलाई अरू थप बीस महिनाको समय दिएको भए पनि केही फरक पर्दैनथ्यो। बन्दै गरे पनि सांकेतिक रूपमा एउटा, दुइटा मात्र गर्न सकिन्थ्यो। यसअघि पनि सरकारले क्लिन फिड प्रणालीको बहानामा टेलिभिजन च्यानल हप्तौँसम्म बन्द गराएकै हो। तर, सरकारले क्लिन फिड लागू गराउन सकेन। यो पनि स्मरण रहोस्, सामाजिक सञ्जालले न त नेपाल सरकारलाई अर्बौं रकम बक्यौता तिर्नु छ, न त नेपालबारे तिनले भ्रम नै फैलाएका छन्।

बरु यहाँ सरकारले अर्बौं विद्युत् महसुल नतिर्ने उद्योग बन्द गराउनुपर्ने हो। त्यस्तै अर्बौं राजस्व नतिर्ने इन्टरनेट प्रदायक कम्पनी बन्द गराउनुपर्ने हो। 'कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भनेजस्तै जुन कुरामा कडा एक्सन लिनुपर्ने हो, त्यसमा ओली सरकार मौन देखिन्छ। तर, बिस्तारै एक्सन लिनुपर्ने ठाउँमा चाहिँ सरकारलाई हतारो किन ?

● **महावीर लामा**, सिन्धुपाल्चोक
lamamahabir9@gmail.com

---

# अंग प्रत्यारोपणले मानिसलाई अमर बनाउँछ ?

## कहिलेकाहीँ खराब मनसायले सुरु गरिएको परियोजनाले पनि उपयोगी प्रतिफल दिन सक्छ।



देश / विदेश

● जुलियन कोप्लिन

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र उनका चिनियाँ समकक्षी सी जिनपिङले गरेको आफूबिच सीमित ठानेको कुराकानी सार्वजनिक भएपछि अहिले चर्चामा छ। बेइजिङमा भएको सैन्य परेडमा भाग लिन गएका पुटिनले सीसँग जैविक-प्रविधिमार्फत अमर हुन सकिने बताउँछन्। पुटिनका अनुसार शृंखलाबद्ध अंग प्रत्यारोपणमार्फत मानिसलाई सधैँभरि जवान राख्न सकिन्छ। के साँच्चै त्यस्तो हो त ? एक बायोइथिस्ट (जैविक नैतिकताविद्) को रूपमा यसबारे यहाँ बताउँदै छु।

**प्रत्यारोपणले हामीलाई सधैँभरि बाँच्न सक्षम बनाउँछ ?** : पुटिनले पटक-पटक गरिने अंग प्रत्यारोपणमार्फत अमर हुन सकिने जुन विचार राखेका छन्, त्यो सरासर गलत छ। यसमा एक स्वाभाविक प्रश्न उठ्छ, प्रत्यारोपणका लागि त्यति धेरै अंग कहाँबाट आउँछ भन्ने आउँछ। प्रत्यारोपण योग्य अंगहरू चिकित्सा क्षेत्रका लागि दुर्लभ मानिन्छन्। हुन त पुटिनले 'स्टेम सेल' प्रयोग गरेर बनाइएका प्रयोगशालामा बनाउन उत्पादन गर्न सकिने अंगहरूको कल्पना गरेका हुन सक्छन्। यदि त्यसो हो भने यसका लागि अरूबाट अंग आवश्यक पर्दैन। तर, अहिले विज्ञानले पुटिनलाई निराश बनाउँछ।

मानव तन्तुहरूको केही पक्ष समेट्दै अंगजस्तो देखिने सूक्ष्म रूप बनाउन सक्ने भए पनि विज्ञान अझै प्रत्यारोपण योग्य अंग सिर्जना गर्ने क्षमताभन्दा धेरै टाढा छ। मानिलिऊँ, हामीसँग अंग प्रत्यारोपण गर्न मिल्ने असीमित अंगहरू पनि उपलब्ध भए रे ! तर, त्यस अवस्थामा पनि मानव शरीरले साथ दिँदैन। उमेर बढ्दै जाँदा मानिसको शारीरिक लचिलोपन घट्दै जान्छ। त्यस्तोमा बारम्बार गरिने प्रत्यारोपणबाट बन्ने घाउ निको हुने सम्भावना कठिन बन्दै जान्छ। त्यस्तै, हामीले शरीरको अन्य अंग त बदल्न सक्लाऊँ। तर, हाम्रो मस्तिष्क बदल्न सक्दैनौँ। यदि मस्तिष्क प्रत्यारोपण हुने प्रविधि भविष्यमा आई नै हाल्यो भने पहिचानको समस्या आउँछ। शरीरमा जसको मस्तिष्क हालिएको हुन्छ, त्यो उसैको हुन्छ। हामी पुरानो मानिस रहँदैनौँ।

आयु बढाउने अन्य उपाय पनि देखिन सक्छन्। वैज्ञानिकले प्रयोगशालामा बाँदर, मुसा र फलफूलमा बस्ने झिँगाजस्ता जनावरमा गरेको अनुसन्धानले औषधि, आनुवंशिक परिवर्तन, आहार परिवर्तन र कोषिका पुनः 'प्रोग्रामिङ'मार्फत तिनको आयु लम्ब्याएको छ। हुन त जनावरमाथि गरिएको अध्ययनलाई मानिसमा उतार्नु सधैँ चुनौतीपूर्ण हुन्छ। तर, मानव बुढ्यौलीलाई कम गर्ने विषय सम्भावनाबाहिरको कुरा होइन। सन् २०२४ मा पुटिनले बुढ्यौलीविरुद्ध एक राष्ट्रिय परियोजना सुरु गरेका थिए। के त्यस परियोजनामार्फत रुसले यस क्षेत्रमा आवश्यक वैज्ञानिक सफलता हासिल गर्ला ? सम्भावना नभएको होइन। तर, अहिलेको रुसको कमजोर अनुसन्धान पूर्वाधारलाई ख्याल गर्दा केही विज्ञले ठुलो उपलब्धिमाथि शंका जनाएका छन्। तर, दीर्घायुसम्बन्धी अनुसन्धानमा लगानी गर्ने कुरामा रुस एक्लो छैन। कुनै अप्रत्यासित सफलता अन्यत्रबाट पनि आउन सक्छन्। विशेषतः पछिल्लो समय पश्चिमका अर्बपतिले बुढ्यौली रोक्ने जैविक प्रविधिमा ठुलो लगानी गरिरहेका छन्।

हामी उमेर लम्ब्याएर मृत्युलाई पर सार्न लगानी गरिरहेका निरंकुश राष्ट्रपति वा अर्बपति धनाढ्यप्रति अविश्वास गर्छौँ। तर, खराब उद्देश्यले सुरु गरिएका परियोजनाले पनि उपयोगी प्रतिफल दिन सक्छ। उदाहरणका लागि, यदि कसैले आफ्नो प्रेमी वा प्रेमिकालाई प्रभावित बनाउन मात्र मलेरियाविरोधी परोपकारी संस्थालाई दान दिन्छ भने



फोटो : रोयटर्स फोटो

उद्देश्यप्रति खिसी गर्न सकिन्छ। तर, दानको प्रतिफल राम्रै हुन्छ। आयु विस्तारका लागि भइरहेको अनुसन्धानमा पनि यही कुरा लागू हुन्छ। वृद्धावस्थामा आउने कठिनाइ समाधान गर्ने उद्देश्यले भइरहेका अनुसन्धानका धेरै फाइदा हुन सक्छन्। बुढ्यौलीले लगभग हरेक प्रमुख रोगको जोखिम बढाउँछ। यसलाई जोखिमलाई कम गर्न सकियो भने मानिसले लामो स्वस्थ जीवन बिताउन सक्छ। यदि हामीले हृदय रोग, क्यान्सर र डिमेन्सिया (बिर्सने रोग)जस्ता समस्या रोक्ने भएकाले हामीले बुढ्यौलीलाई ढिलो गर्ने अनुसन्धानलाई स्वागत गर्नुपर्छ।

**लामो आयु खोज्नु नैतिकतापूर्ण छ ?** : हामीमध्ये धेरै मृत्युसँग डराउँछौँ। यो सामान्य मानव प्रकृति हो। मृत्युको सम्भावनालाई लिएर डराउनुजति 'प्राकृतिक' हो, लामो आयुको चाहना पनि त्यस्तै सहज मानवोचित गुण हो। सन् १९०० यता विश्वका सबै देशका नागरिकको औसत आयु बढेको छ। धनी देशमा मानिसको आयु ३० वर्षभन्दा बढीले बढेको तथ्यांकले देखाउँछ। यसमा हुने थप सुधारलाई हामीले स्वागत गर्नुपर्छ। आयु विस्तारलाई लिएर उत्पन्न सबैभन्दा गम्भीर नैतिक चिन्ता, यसले निम्त्याउन सक्ने सामाजिक स्थिरताको विषय हो। उमेर बढ्दै जाँदा हाम्रो विचार झन्झन् जड र कठोर हुँदै जान्छन्। युवा दिमागमा प्रायः नयाँ विचार आउँछन्। २१औँ शताब्दीको आगमनसँगै जलवायु परिवर्तन र एआई विकासजस्ता धेरै नयाँ चुनौती देखा परेका छन्। यिनको समाधानका लागि नयाँ र युवा सोच आवश्यक पर्न सक्छ। राजनीतिमा सधैँ युवा विचारको महत्त्व रहन्छ। नत्र, सन् २१५० मा पनि पुटिनकै शासन रहेको रुस धेरैलाई असहज लाग्न सक्छ।

तैपनि, अमर निरंकुशहरूको सम्भावनाले हामीलाई प्रगतितर्फको यात्रामा रोक्न सक्दैन। हामीले बुढ्यौलीलाई ढिलो गर्ने र हामीलाई लामो समयसम्म स्वस्थ रहन मद्दत गर्ने प्रविधिहरूलाई स्वागत गर्नुपर्छ। भलै, राम्रो प्रविधिको पनि नराम्रो प्रभाव हुन सक्छ। यदि विज्ञानले मानवको आयु उल्लेख्य रूपमा बढाउन सफल भयो भने हामीले नेतृत्व समाजका केही अभिजात वर्गजस्तै स्थिर हुनबाट कसरी रोक्ने भन्नेमा ध्यान भने लगाउनुपर्ने हुन्छ।

*(कोप्लिन मोनास विश्वविद्यालयको बाओइथिक्स (जैविक-नैतिकता) विषयका अध्यापक हुन्।)*
*द कन्भर्सेसनबाट*

---

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# विश्वव्यापी आपूर्ति शृंखलामा चीन किन अपरिहार्य ?


विश्वव्यापी आपूर्ति शृंखला आधारभूत रूपान्तरणबाट गुज्रिरहेको छ। भूराजनीतिक तनाव, परिवर्तनशील व्यापार नीति र द्रुत प्राविधिक प्रगतिले कम्पनीहरूलाई सामान कसरी स्रोत, उत्पादन र वितरण गर्ने भनेर पुनर्विचार गर्न बाध्य पारिरहेको छ। यस्तो परिस्थितिमा विश्वव्यापी रूपमा विस्तार भइरहेका चिनियाँ कम्पनीले सामना गर्ने प्रश्न भनेको अनुकूलन गर्ने मात्र होइन, बरु अन्तर्राष्ट्रिय मञ्चमा उनीहरूको प्रतिस्पर्धात्मकता सुनिश्चित गर्ने लचिलो, कुशल र दिगो आपूर्ति शृंखला निर्माण गर्नेबारेमा पनि हो।

लचिलोपन एक रणनीतिक अनिवार्यता बनेको छ। यो अब केवल आपूर्ति शृंखलाको अवरोध सामना गर्ने क्षमताद्वारा परिभाषित गरिएको छैन, बरु निरन्तरता, प्रतिक्रियाशीलता र दीर्घकालीन प्रतिस्पर्धात्मकता सुनिश्चित गर्ने क्षमताद्वारा व्याख्या गरिएको छ। विशेषगरी, धेरै भौगोलिक क्षेत्रमा सञ्चालन हुने बहुराष्ट्रिय कम्पनीका लागि व्यवहारमा कठोरता र विविध नेटवर्क रणनीति आवश्यक पर्छ।

लजिस्टिक प्रदायकको दृष्टिकोणबाट यो रूपान्तरणले भौतिक पूर्वाधारभन्दा बढी माग गर्छ। कार्यान्वयनका लागि मात्र नभई शुल्क अनिश्चितता, नियामक परिवर्तन र ग्राहकका अपेक्षा पूरा गर्न र दूरदर्शिताका लागि पनि कम्पनी आपूर्ति शृंखला साझेदारतिर बढ्दो रूपमा फर्किरहेका छन्।

यस परिवर्तनमा चीनले महत्त्वपूर्ण भूमिका खेलेको छ। विश्वको सबैभन्दा ठुलो उत्पादन गर्ने देश र विद्युतीय सवारीसाधन, जीवन विज्ञान, स्वास्थ्य सेवा र नवीकरणीय ऊर्जाजस्ता उच्च वृद्धि क्षेत्रमा अग्रणीको रूपमा, चीनले विश्वव्यापी वाणिज्यका लागि आवश्यक आपूर्ति शृंखलाको नेतृत्व गर्छ र विश्वव्यापी रूपमा आफ्नै उद्यमको विस्तारलाई सक्रिय रूपमा चलाउँछ। यो दोहोरो भूमिका पूरा गर्न घरेलु बजारको जटिलता र विश्वव्यापी मापदण्डको माग दुवैलाई समर्थन गर्न सक्षम लजिस्टिक पूर्वाधार आवश्यक पर्छ।

यस सन्दर्भमा चीनको रसद (लजिस्टिक) क्षेत्रले दोहोरो जनादेशको सामना गरिरहेको छ। एकातिर यसले उन्नत, प्रविधि सक्षम पूर्वाधारको साथ घरेलु उद्योगको बढ्दो जटिलतालाई समर्थन गर्नुपर्छ। अर्कोतर्फ, यसले विश्वव्यापी व्यवसायलाई व्यापार घर्षण, नियामक परिवर्तन र बढ्दो माग अस्थिरताले अंकित अशान्त बाह्य वातावरणलाई अगाडि हाँक्न मद्दत गर्नुपर्छ।



अमेरिका-चीन व्यापार गतिशीलताले यसलाई स्पष्ट रूपमा चित्रण गर्छ। केही कम्पनीले शुल्क जोखिम कम गर्न विविधीकरणलाई पछ्याएका छन्। तर, चीनको गहिरो उत्पादन क्षमता, आपूर्ति आधार परिपक्वता र रसदको आकारले यसलाई विश्वव्यापी सञ्चालनमा केन्द्रीय बिन्दुको रूपमा स्थान दिइरहेका छन्।

समय र गुणस्तर-संवेदनशील आवश्यकता भएका क्षेत्रमा लचिलो पूर्वाधारको आवश्यकता विशेषगरी स्पष्ट छ। उदाहरणका लागि चीनले विश्वको ब्याट्री उत्पादनको तीनचौथाइभन्दा बढी ओगटेको छ र विश्वव्यापी इभी आपूर्ति शृंखलाको एक केन्द्रीय घटक हो। लिथियम-आयन ब्याट्रीजस्ता घटकको विशेष ह्यान्डलिङ (जसलाई तापक्रम नियन्त्रण, सुरक्षा प्रमाणीकरण र ट्रेसेबिलिटी आवश्यक पर्छ) ले अनुकूलित, उच्च-प्रदर्शन रसद क्षमताहरूको मागलाई जोड दिन्छ।

> विद्युतीय सवारीसाधन, जीवन विज्ञान, स्वास्थ्य सेवा र नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा एक अग्रणीको रूपमा चीनले विश्वव्यापी बजारमा आपूर्ति शृंखलाको नेतृत्व गर्छ

यी मागलाई पूरा गर्न अर्को पुस्ताको गोदाम, समयमै अनुमगन गरिएका प्रविधि र अनुपालनकारी अन्तर्राष्ट्रिय माल ढुवानीमा लगानी आवश्यक छ। सीमापार इ-व्यापारको उदयले चिनियाँ साना र मध्यम आकारका उद्यमका लागि विदेशी बजारमा पहुँचको नयाँ ढोका खोल्नुका साथै थप जटिलता पनि प्रस्तुत गरेको छ। यी कम्पनीका लागि अन्तर्राष्ट्रिय उपभोक्तासम्म पुग्नुले अपार सम्भावना प्रदान गर्छ। तर, कुशल, भरपर्दो र पारदर्शी रसद नेटवर्कविना, यी अवसरलाई पुँजीकृत गर्न चुनौतीपूर्ण हुन सक्छ।

यी विकासले एउटा फराकिलो सत्यलाई रेखांकित गर्छन्, आपूर्ति शृंखला अब कार्यालयभित्र मात्रै गरिने कार्य रहेनन्। तिनीहरू वृद्धि, नवीनता र ग्राहक सन्तुष्टिको रणनीतिक सक्षमकर्ता हुन्। कम्पनीहरूका लागि आपूर्ति शृंखला बढ्दो रूपमा रणनीतिक विषय पनि भएका छन्। चीनका लागि यसको अर्थ यसको रसद पूर्वाधारलाई निर्माता र निर्यातकर्ताको आवश्यकतासँग मात्र नभई दिगोपन, पारदर्शिता र डिजिटल नवप्रवर्तनमा विश्वव्यापी मापदण्डसँग पनि मिलाउनु हो, जसले गर्दा यसले विश्वको उत्पादन इन्जिन र उदीयमान उद्योगमा अग्रणीको रूपमा आफ्नो दोहोरो भूमिका कायम राख्न सक्छ।

यद्यपि, लचिलोपन दिगोपनको मूल्यमा आउनु हुँदैन। कार्बन-तटस्थ रसदका लागि जोड अब वैकल्पिक तरिका रहेन। ग्राहक, नियामक र लगानीकर्ताले व्यवसायले आफ्नो आपूर्ति शृंखलाको वातावरणीय पदचिह्न कम गर्ने अपेक्षा बढ्दो रूपमा गरिरहेका छन्। रसद प्रदायकले ग्राहकलाई उत्सर्जन कम गर्न सफा यातायात मोड, स्मार्ट मार्ग, ऊर्जा-कुशल गोदाम र डिजिटल उपकरणका साथ प्रतिक्रिया दिइरहेका छन्। चीनको रसद क्षेत्रले उल्लेख्य प्रगति गरेको छ। सरकार, उद्योग र शिक्षाविद्बिचको सहकार्यात्मक प्रयासले संक्रमणलाई तीव्र बनाउन सक्छ, पूर्वाधार विकासलाई दिगोपन लक्ष्यहरूसँग मिलाएर सञ्चालन उत्कृष्टता कायम राख्न सक्छ।

*- चाइना डेलीबाट*

# रुसविरुद्ध कडा प्रतिबन्ध लगाउने ट्रम्पको चेतावनी

**मस्को** / युद्ध सुरु भएदेखि युक्रेनमा भएको सबैभन्दा ठुलो हवाई बमबारीपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसविरुद्ध कडा प्रतिबन्ध लगाउने चेतावनी दिएका छन्। आइतबारको आक्रमणमा एक आमा र उनको बच्चासहित चारजनाको मृत्यु भएको थियो। पहिलो पटक राजधानी किभमा रहेको युक्रेनको मुख्य सरकारी भवनमा क्षति पुगेको थियो। आक्रमणमा युक्रेनले कम्तीमा ८१० ड्रोन र १३ क्षेप्यास्त्र प्रहार गरेको थियो।

आक्रमणपछि राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध पश्चिमा देशले कडा कारबाहीको माग गरेका छन्। उक्त आक्रमणलाई लिएर रुसमाथि पश्चिमाले थप प्रतिबन्ध लगाउने तयारी गरेका छन्। तर, प्रतिबन्धले आफ्नो अडानमा कुनै परिवर्तन नहुने क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले बताए। 'कुनै पनि प्रतिबन्धले रुसलाई हाम्रा राष्ट्रपतिले बारम्बार बोलेको स्थिर अडान परिवर्तन गर्न बाध्य पार्न सक्नेछैन। बमबारीपछि पत्रकारसँग कुरा गर्दै अमेरिकी राष्ट्रपतिले ट्रम्पले आफू 'सम्पूर्ण परिस्थितिबाट खुसी नभएको' बताए।

ट्रम्पले यसअघि पनि रुसविरुद्ध कडा कारबाही गर्ने धम्की दिएका थिए, तर पुटिनले आफ्नो समयसीमा र प्रतिबन्धको धम्कीलाई बेवास्ता गर्दा कुनै कारबाही गरेनन्। आइतबार मस्कोलाई दण्ड दिने 'दोस्रो चरण'मा जान तयार हुनुहुन्छ कि भनेर सोधिएको प्रश्नमा ट्रम्पले भने, 'हो, म तयार छु,' यद्यपि उनले कुनै विवरण दिएनन्। यो धम्की अमेरिकी कोषमन्त्री स्कट बेसेन्टको टिप्पणीपछि आएको हो। वासिंटन आर्थिक दबाब बढाउन तयार रहेको तर बलियो युरोपेली समर्थन चाहिएको उनले बताएका थिए। एनबिसीसँगको एक अन्तर्वार्तामा बेसेन्टले भने, 'यदि इयू राष्ट्रले रुसी तेल किन्ने देशमाथि प्रतिबन्ध र दोस्रो शुल्क बढाए भने रुसी अर्थतन्त्र पूर्ण रूपमा ध्वस्त हुनेछ, र त्यसले राष्ट्रपति पुटिनलाई टेबलमा ल्याउनेछ।' उनले थपे, 'हामी अहिले युक्रेनी सेना कति समयसम्म टिक्न सक्छ र रुसी अर्थतन्त्र कति समयसम्म टिक्न सक्छ भन्ने बिचको दौडमा छौं।'

अहिलेसम्म, वासिंटनको सबैभन्दा आक्रामक उपाय भनेको भारतबाट आयातमा ५० प्रतिशत कर लगाउनु हो, जुन दिल्लीले रुसी तेलको निरन्तर खरिदको प्रतिक्रियामा गत महिना लगाइएको थियो। ट्रम्पले यस्ता माध्यमिक प्रतिबन्ध अन्य देशमा विस्तार गर्ने विचार अघि सारेका छन्, तर अझै पालना गरेका छैनन्।

# घृणायुक्त अभिव्यक्ति दिने दक्षिण अफ्रिकी सांसद दोषी ठहर

**केपटाउन** / दक्षिण अफ्रिकी विपक्षी राजनीतिज्ञलाई सन् २०२२ मा एक च्यालीमा घृणायुक्त भाषण गरेकोमा दोषी ठहर गरेको छ। आर्थिक स्वतन्त्रता सेनानी (इएफएफ) पार्टीका नेता जुलियस मालेमालाई



देशको समता अदालतले दोषी ठहर गरेको हो। रंगभेद समाप्त भएको ३१ वर्ष बितिसक्दा पनि अफ्रिकामा जातीय तनाव अझै कायम छ। तीन वर्षअघि एक अश्वेत व्यक्तिले इएफएफ सदस्यलाई आक्रमण गरेको घटनापछि मालेमाले भने, 'कुनै पनि गोरा व्यक्तिले मलाई कुट्नेछैन। कहिल्यै मार्न डराउनुहुँदैन। क्रान्तिले माग गर्छ कि कुनै समयमा हत्या हुनुपर्छ।' समानता अदालतले यी टिप्पणीले 'हानि पुऱ्याउने उद्देश्य व्यक्त गरिएको' फैसला सुनायो। इएफएफले फैसलाको विरोध गरेको छ। ४४ वर्षीय सांसदविरुद्ध दुईवटा उजुरी दर्ता भएका थिए। एउटा दक्षिण अफ्रिकाको मानव अधिकार आयोगले र अर्को एक व्यक्तिले उनको टिप्पणीका कारण आफू असुरक्षित महसुस गरेको बताएका थिए। आफ्नो फैसलामा अदालतले भन्यो, 'जातिवादी व्यवहार गर्ने व्यक्तिलाई आलोचना गर्न छुट भए पनि हत्याको धम्की दिन पाइँदैन।'

## इतिहासमा आज

सेप्टेम्बर ९



**सन् १९४८** : किम इल सुङले उत्तर कोरिया स्थापना गरे। दोस्रो विश्वयुद्धपछि कोरियाली प्रायद्वीप विभाजित भएको थियो। प्रायद्वीपको उत्तरी भाग सोभियत र दक्षिणी भागलाई अमेरिकाले नियन्त्रण गरेको थियो। शीतयुद्धले एकीकरणलाई असर गरेको थियो। सन् १९४८ को ९ सेप्टेम्बरमा किम इल सुङले प्रजातान्त्रिक जनगणतन्त्र कोरिया स्थापना गरेका थिए।

**सन् १९९१** : मध्य-एसियाली मुलुक ताजिकिस्तान सोभियत युनियनबाट स्वतन्त्र भयो। १९औं शताब्दीमा भएको युद्धपछि सोभियत युनियनले ताजिकिस्तानलाई आफ्नो अधीनमा राखेको थियो। सन् १९२९ मा ताजक सोभियत सोसलिस्ट रिपब्लिक गठन गरिएको थियो। सोभियत युनियनको विघटनपछि सन् १९९१ को सेप्टेम्बर ९ मा स्वतन्त्र भएको थियो।

**सन् २००७** : पानामाका पूर्वसैनिक शासक म्यानुअल नोरोगा १७ वर्षको अमेरिकी कारावासपछि सन् २००७ मा थुनामुक्त भए। लागुऔषध तस्करी, सम्पत्तिको हिनामिना र ठगीधन्दाको अभियोगमा उनी जेल परेका थिए।

**सन् २०१५** : वेलायती महारानी एलिजावेथ द्वितीय बेलायती राजतन्त्रको इतिहासमा सर्वाधिक बढी गद्दीमा बस्ने व्यक्ति बनिन्। सोही वर्षको सेप्टेबर ९ मा उनले महारानी भिक्टोरियाको रेकर्ड तोडेकी थिइन्। सन् १८३७ को २० जुनमा राजगद्दी आरोहण गरेकी भिक्टोरियाले ६३ वर्ष सात महिना दुई दिनपछि राजीनामा दिएकी थिइन्।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +२७७-१-५१११९७७/७८/८८, फ्याक्स: +२७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +२७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **१. ऋणी फर्म : आयम बिजनेस हाउस, संचालक तथा जमानीकर्ता : दुर्गा बहादुर गुरुङ**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्राईभेट फर्म दर्ता नं. ३६६८/२५२५/०७२/०८०, दर्ता मिति: २०८०/०३/०६, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. ८ |
| | **२. ऋणी: दुर्गा बहादुर गुरुङ**<br>ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ८, बाबु : मान बहादुर गुरुङ्ग, बाजे : धन बहादुर गुरुङ्ग |
| २ | **ऋणी फर्म : रेड तारा ग्रुप फर्म, संचालक तथा जमानीकर्ता : हरिशरण देवकोटा**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्राइभेट फर्म दर्ता नं. १२६/८२/०७६/०७७, दर्ता मिति: २०७६/११/१२, ठेगाना: जिल्ला मकवानपुर, भिमफेदी गा.पा. वडा नं. ५, सूपिङ ठोल |
| ३ | **ऋणी फर्म : अर्जुन फेन्सी स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता : अभय राना**<br>दर्ता नं. : सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिद्धार्थनगर रुपन्देही, लुम्बिनी प्रदेशमा प्रा.फ.दर्ता नं. २०७२/०८०-२/११४, मिति २०७२/०७/२८, ठेगाना : जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. ८ |
| ४ | **ऋणी : चन्द्र रानी थारु**<br>स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. २, हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८, बाबु : जगतराम थारु, ससुरा : माधो थारु, पति : राम गोपाल थारु |
| ५ | **ऋणी फर्म : लाइट डिर्टेजन पाउडर उद्योग, संचालक तथा जमानीकर्ता : विरेन्द्र कुर्मी**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा, कपिलवस्तुमा उद्योग दर्ता नं. : ११३०२/०७७, मिति २०७७/०६/०४, ठेगाना : जिल्ला कपिलवस्तु, महाराजगंज न.पा. वडा नं. ६ |
| ६ | **ऋणी फर्म : गोमता पशु तथा कृषि फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: पुष्पा पाण्डेय**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पुर्व)मा उद्योग दर्ता नं. ७५८/०७७/०७८, दर्ता मिति: २०७७/०५/२६, ठेगाना: जिल्ला नवलपरासी, देवचुली न.पा वडा नं. १४ |
| ७ | **१) ऋणी फर्म : अनुष्क एण्ड अनुष्का फेसन कलेक्सन, प्रोप्राईटर तथा जमानीकर्ता : पुरुषोत्तम जैरे**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी मा प्रा.फ.र.नं : ७१७/८५०७, दर्ता मिति: २०७३/०१/२६, ठेगाना : जिल्ला नवलपरासी, देवचुली न.पा वडा नं. २ |
| | **२) ऋणी : पुरुषोत्तम जैरे**<br>स्थायी ठेगाना : नवलपरासी जिल्ला दिव्यपुरी गा.वि.स. वडा नं. ५, हालको ठेगाना : नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. ३, बाबु : केदार प्रसाद जैरे, बाजे : मनि रत्न जैरे |
| | **कर्जाको किसिम : व्यक्तिगत कर्जा**<br>**३) ऋणी : शान्ता पोखरेल (जैरे)**<br>ठेगाना : नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. ३, बाबु : कृष्ण चन्द्र पोखरेल, ससुरा : केदार प्रसाद जैरे, पति : पुरुषोत्तम जैरे |
| | **जमानीकर्ता : पुरुषोत्तम जैरे**<br>स्थायी ठेगाना : नवलपरासी जिल्ला दिव्यपुरी गा.वि.स. वडा नं. ५, हालको ठेगाना : नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. ३, बाबु : केदार प्रसाद जैरे, बाजे : मनि रत्न जैरे |
| ८ | **१) ऋणी फर्म : निधी ट्रेडर्स एण्ड सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: बलिराम प्रसाद चौरसिया**<br>दर्ता नं. : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३८२३०/०७५/७६,, दर्ता मिति २०७६/०१/११, ठेगाना : जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. १६ |
| | **२) ऋणी : बलिराम प्रसाद चौरसिया**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगन्ज उ.म.न.पा. वडा नं. १२, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १६,, बाबु : लाल बिहारी राउत बरई, बाजे : सत्यनारायण राउत बरै |
| ९ | **ऋणी फर्म : श्रृष्टी किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता : सानो कुमारी गोराइत**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीमाडी, सिन्धुलीमा प्रा.फ.नं. ४६८२/०७९/०८०, दर्ता मिति: २०७९/०६/३१, ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा. वडा नं. ५ |
| १० | **ऋणी : सन्त कुमार विसंखे सार्की**<br>ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६, बाबु : भक्त बहादुर सार्की, बाजे : सुनवीर सार्की |
| ११ | **ऋणी : श्रीमायाँ तामाङ्ग**<br>स्थायी ठेगाना : नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ४, हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७, बाबु : प्रेम बहादुर तामाङ्ग, ससुरा : लाल बहादुर तामाङ्ग, पति : बुद्धिलाल तामाङ्ग |

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।



# हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. २०४७/०४/२७

स्वर्गारोहण:
वि.सं. २०८२/०५/१३

## स्व. अशोक कुमार यादव

हाम्रा आत्मीय एवं मिलनसार सहकर्मी अशोक कुमार यादवको असामयिक तथा अकल्पनीय निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध छौं।

असामियक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै, शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

ईश्वरले उहाँको परिवारजनलाई यो अपुरणीय क्षतिलाई सहन सक्ने धैर्य तथा शक्ति प्रदान गरुन भन्ने कामना गर्दछौं।

स्व. यादवले कम्पनीमा पुऱ्याउनु भएको योगदानप्रति हामी सदा कृतज्ञ रहनेछौं र उहाँको सम्झना सदैव हामीमाझ रहनेछ ।

IME
International Money Express
Fast, Reliable And Secure Remittance

आइएमई परिवार
पानीपोखरी, काठमाडौं

■ सामाजिक सञ्जाल चलाउन भिपिएनको प्रयोग

# प्ले स्टोरमा डाउनलोड गरिएका टप ५० एप्समा १९ वटा भिपिएन

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

सरकारले निष्क्रिय गरिदिएको फेसबुक, युट्युब, ह्वाट्सएप्सजस्ता सामाजिक सञ्जाल चलाउन प्रयोगकर्ताले 'भर्चुअल प्राइभेट नेटवर्क' अर्थात् भिपिएन एप्सको सहारा लिएको देखिएको छ। नेपालमा सूचीकरण हुन नआएको भन्दै सरकारले गत बिहीबारदेखि विभिन्न २६ सामाजिक सञ्जाललाई निष्क्रिय गराएको छ। तर, ती सामाजिक सञ्जाल प्रयोग गर्न आमप्रयोगकर्ताले भिपिएन एप्स प्रयोग गर्न सुरु गरेका छन्। अहिले गुगल प्ले स्टोरको नेपाल रेन्जको टप चार्टमा धेरै डाउनलोड गरिने सय एप्सभित्र २९ वटा भिपिएनसम्बन्धी एप्स देखिएका छन्। टप ५० भित्र मात्रै १९ वटा भिपिएन एप्स छन्। सोमबार राति ९:२० बजेसम्मको तथ्यांकका आधारमा यस्तो देखिएको हो।

पछिल्लो समय फेसबुक, युट्युब, ह्वाट्सएप्सजस्ता सामाजिक सञ्जाल आममानिसको जीवनमा अपरिहार्य बनेको थियो। देश-विदेशमा रहेका आफन्तसँग कुराकानी गर्न, व्यावसायिक सम्पर्क बढाउन, सूचना तथा समाचारबारे जानकारी लिन लगायत प्रयोजनका लागि सामाजिक सञ्जालको प्रयोग तथा अपरिहार्यता बढ्दै गएको थियो। त्यस अवस्थामा सरकारले सामाजिक सञ्जाल निष्क्रिय पारेपछि प्रयोगकर्ताको दैनिक जीवनयापन नै प्रभावित भएको छ। त्यसपछि उनीहरूले विकल्पका रूपमा भिपिएन प्रयोग गरेको गुगल प्ले स्टोरले देखाएको छ।

सरकारको निर्देशनका आधारमा इन्टरनेट सेवाप्रदायकले भौगोलिक रूपमा अर्थात् नेपालभित्र तोकिएका सामाजिक सञ्जाललाई निष्क्रिय पारिदिएका छन्। त्यसअनुसार नेपालभित्र त्यस्ता सामाजिक सञ्जाल खुल्दैनन्। जुन कम्प्युटर, मोबाइलजस्ता डिभाइसको इन्टरनेटसँग जोडिएको 'इन्टरनेट प्रोटोकल एड्रेस' अर्थात् आइपी एड्रेसका आधारमा कन्ट्रोल हुन्छ। आइपी एड्रेस भनेको इन्टरनेटमा भएको डिभाइसको ठेगाना हो, जसले डिभाइस कुन देशको कुन ठाउँमा छ भनेर देखाउँछ।

त्यसमा डिभाइसमा छुट्टै भिडिएन एप्स डाउनलोड गरेर एक्टिभ गरेपछि त्यसले डिभाइसको वास्तविक आइपी एड्रेस लुकाएर अर्को कुनै देशको आइपी एड्रेस देखाउँछ। प्रयोगकर्ता आफैंले पनि कुन देशको आइपी एड्रेस राख्ने भनेर छनोट गर्न सक्नेछन्। त्यो एक्टिभ भएपछि वास्तविक ठाउँमा प्रतिबन्धित वेबसाइट तथा एप्सहरू सञ्चालन गर्न सकिन्छ। यद्यपि, कतिपय अवस्थामा यो जोखिमपूर्ण पनि हुन्छ। अहिले प्रयोगकर्ताले भिपिएन प्रयोग गरेर सामाजिक सञ्जाल चलाइरहेका छन्।

गुगल प्ले स्टोरले पनि नेपालमा भिपिएनसम्बन्धी एप्सहरूको डाउनलोड बढेको देखाउँछ। गुगल प्ले स्टोर विभिन्न एप्सहरू उपलब्ध हुने एक मात्रै प्लाटफर्म हो, त्यहाँ उपलब्ध एप्सहरू डाउनलोड गरेर मोबाइल तथा कम्प्युटरमा सञ्चालन गर्न सकिन्छ। त्यहाँ डाउनलोडका आधारमा एप्सहरूको 'टप चार्ट' अर्थात् ट्रेन्डिङ पनि देखिन्छ। अहिले प्ले स्टोरमा नेपाल क्षेत्रमा 'टप चार्ट'मा पहिलो नम्बरमा भाइबर छ। यसअघि यो ८४ नम्बरमा थियो। भाइबर यसअघि नै नेपालमा सूचीकृत थियो। त्यसकारण सरकारले भाइबरलाई प्रतिबन्ध गर्न सकेन। त्यसपछि प्रयोगकर्ताले भाइबर प्रयोग गर्न थालेका छन्। यसको डाउनलोड बढेपछि यो पहिलो नम्बरमा आएको छ।

■ सञ्चार मन्त्रालयले भन्यो- भिपिएन प्रयोग नगर्नू



नेपालमा सामाजिक सञ्जाल बन्द गरेको सरकारले त्यस्ता सामाजिक सञ्जाल चलाउने भर्चुअल प्राइभेट नेटवर्क (भिपिएन)को प्रयोग नगर्न भनेको छ। आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले असुरक्षित, अनधिकृत र जोखिमयुक्त हुने भन्दै भिपिएन प्रयोग नगर्न आग्रह गरेको हो। 'नेपाल सरकारको निर्णयबमोजिम सूचीकरण नभएका सामाजिक सञ्जाल प्लाटफर्महरूलाई नेपालभित्र निष्क्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणबाट मोबाइल तथा इन्टरनेट सेवाप्रदायकमार्फत ती सामाजिक सञ्जालहरूको पहुँच निषेध भइसकेको हुँदा त्यस्ता सञ्जालहरूको पहुँच प्राप्त गर्न असुरक्षित, अनधिकृत, जोखिमयुक्त भिपिएन प्रयोग नगर्न-नगराउनसमेत अनुरोध छ,' विज्ञप्तिमा भनिएको छ।

## चौतर्फी विरोधपछि पनि सरकारले खुलाएन सामाजिक सञ्जाल

सोमबार इन्टरनेट सेवाप्रदायक संस्थाहरूले अघोषित रूपमा सामाजिक सञ्जाललाई सक्रिय बनाएका छन्। एक इन्टरनेट सेवाप्रदायक संस्थाका प्रतिनिधिले भने, 'आफ्नै हिसाबले सामाजिक सञ्जाललाई सक्रिय बनायौं। केही कुरा जनता भएर पनि सोच्नुपर्ने अवस्था आयो। सर्वप्रथम हामी नेपाली हौं।'

यसैबिच सोमबारको मन्त्रिपरिषद्ले सामाजिक सञ्जाललाई सक्रिय बनाउने निर्णय गर्ने अपेक्षा गरिएको थियो। यद्यपि, यस्तो निर्णय भने आएन। गत साता बिहीबार नेपाल दूरसञ्चार प्राधिकरणले सूचीकरणमा नआएका सामाजिक सञ्जाल निष्क्रिय पार्ने निर्णय लिएको थियो। प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले सामाजिक सञ्जाललाई सक्रिय बनाउने विषयमा आधिकारिक निर्णय नआएको उल्लेख गरे।

त्यसपछि लगतार दोस्रो र तेस्रो नम्बरमा भिभिएन छ। दोस्रो नम्बरमा १.११.१ + वार्प (डब्लुएआरपी) र तेस्रो नम्बरमा टुर्बो भिपिएननामक भिपिएन छ।

यसैगरी ६ नम्बरमा सुपर भिपिएन फास्ट भिपिएन क्लाइन्ट, ७ नम्बरमा भिपिएन सुपर अनलिमिटेड प्रोक्सी, ८ नम्बरमा भेन्चर भिपिएन, ९ नम्बरमा भिपिएन प्रोटोन, ११ नम्बरमा भिपिएनः फास्ट, सेफ भिपिएन प्रोक्सी, १२ नम्बरमा टोमभिपिएन, १३ नम्बरमा सेक्युर भिपिएन- सेफ इन्टरनेट, १६ नम्बरमा बोल्ट भिपिएन सुपर भिपिएन प्रोक्सी, १७ नम्बरमा एड्ज भिपिएन सिम्पल एन्ड फास्ट र १९ नम्बरमा भिपिएन एप सेक्युर भिपिए प्रोक्सी रहेका छन्।

यस्तै, २१ नम्बरमा स्पिडी क्वार्क भिपिएन, २६ नम्बरमा भिपिएन फास्ट प्राइभेट स्पिडी सेक्युर, २७ नम्बरमा डिएनएस चेन्जर, ३६ नम्बरमा नोर्ड्ड भिपिएन, ३७ नम्बरमा थन्डर भिपिएन, ३९ नम्बरमा च्यापिड भिपिएन, ४० नम्बरमा सुपर भिपिएन प्रो, ४१ नम्बरमा टुर्बो भिपिएन लाइट, ४७ नम्बरमा फ्री भिपिएन सुपरफास्ट एन्ड सेक्युर र ४९ मा भिपिएन प्रोक्सी मास्टर रहेका छन्। मुख्यतः डाउनलोडका आधारमा गुगल प्ले स्टोरको टप चार्टमा यस्ता भिपिएन देखिएका हुन्।

इन्टरनेट सेवाप्रदायक संघ (आइस्पान)का प्रमुख कार्यकारी अधिकृत सुवास खड्काले पनि नेपालमा भिपिएनको प्रयोग बढेको हुन सक्ने बताए। 'अहिले प्रणालीमा ट्राफिक बढ्न थालेको छ। वान्डविथ खपत पनि बढ्न थालेको छ,' उनले भने, 'त्यस अवस्थामा प्रयोगकर्ताले भिपिएन एप्सहरू प्रयोग गर्न सुरु गरेको देखिन्छ।'

सामाजिक सञ्जाल निष्क्रिय भए पनि वान्डविथ खपत घट्न थालेको थियो, जुन अहिले बढ्न थालेको हो। नेपालमा सामाजिक सञ्जालबाट पनि उच्च मात्रामा इन्टरनेट सेवा खपत हुने गर्छ। सोमबार जेन-जीहरूको आन्दोलनपछि अहिले कतिपय इन्टरनेट सेवाप्रदायकले स्वतस्फूर्त रूपमा सामाजिक सञ्जाल खुला गर्न थालेका छन्।




# नेपालमा तीन खर्ब ३३ अर्ब वैदेशिक लगानी, ऊर्जा क्षेत्रमा धेरै

## भारत पहिलो चीन दोस्रो लगानीकर्ता

**नयाँ पत्रिका**

नेपालमा सवा तीन खर्ब रुपैयाँबराबरको वैदेशिक लगानी परिचालन भएको देखिएको छ। नेपाल राष्ट्र बैंकले गरेको वैदेशिक लगानीसम्बन्धी सर्भे प्रतिवेदनले आव २०२३/२४ सम्म नेपालमा तीन खर्ब ३२ अर्ब ९७ करोड आठ लाख रुपैयाँ वैदेशिक लगानी कायम भएको छ। जुन आव ०२२/२३ को भन्दा १२.७ प्रतिशतले बढी हो।

आव ०२२/२३ सम्म नेपालमा दुई खर्ब ९५ अर्ब ४९ करोड ६६ लाख रुपैयाँ वैदेशिक लगानी थियो। आव ०२३/२४ मा ३७ अर्ब ४७ करोड ४२ लाख रुपैयाँ वैदेशिक लगानी थपिएको देखिन्छ।

अहिले नेपालमा पुँजीबापत एक खर्ब ६८ अर्ब ६१ करोड ६६ लाख, जगेडाबापत एक खर्ब २२ अर्ब दुई करोड ७७ लाख र ऋणबापत ४२ अर्ब ३२ करोड ६६ लाख वैदेशिक लगानी परिचालन भइरहेको सर्भे प्रतिवेदनमा उल्लेख छ। यसमा गत आव ०२४/२५ को तथ्यांक समावेश छैन। उक्त तथ्यांक तयार नभएको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. रामशरण खरेलले आगामी दिनमा वैदेशिक लगानी थप बढ्ने बताए। 'अहिले वैदेशिक लगानी प्रतिबद्धता बढेको छ। त्यसअनुसार थप लगानी आउने नै भयो। यसैगरी लगानीसम्बन्धी व्यवस्था परिमार्जन गरिएको छ। निजी क्षेत्रमैत्री कानुन आएका छन्,' उनले भने, 'त्यसले गर्दा अबको सर्भे गर्दा ०२३/२४ को भन्दा धेरै लगानी देखिन्छ। सरकारले विदेशमा समेत लगानी गर्न खुला गरेको छ। त्यसले नेपालमा पनि लगानी भित्र्याउन सहयोग गर्नेछ।'

### ■ धेरै लगानी ऊर्जा क्षेत्रमा

तथ्यांकअनुसार ऊर्जा क्षेत्रमा सबैभन्दा धेरै विदेशी लगानी देखिएको छ। यो क्षेत्रमा ९८ अर्ब ३३ करोड ७३ लाख रुपैयाँ वैदेशिक लगानी परिचालन भइरहेको छ, यो कुल लगानीको २९.५ प्रतिशत हिस्सा हो। नेपालको ऊर्जा क्षेत्रमा भारतीय लगानीमा नौ सय-नौ सय मेगावाटका अरुण तेस्रो र अप्पर कर्णाली जलविद्युत् निर्माण भइरहेको छ। अन्य ऊर्जा परियोजना पनि विदेशी लगानीमा निर्माण भइरहेका छन्।

धेरै विदेशी लगानी परिचालन गर्नेमा उत्पादनमूलक क्षेत्रमा दोस्रो नम्बरमा रहेको छ। उक्त क्षेत्रमा ९७ अर्ब ५६ करोड ६४ लाख रुपैयाँ विदेशी लगानी परिचालन भइरहेको छ। अहिले होङ्सी सिमेन्टलगायत उद्योगमा विदेशी लगानी छ। विदेशी लगानीमा उत्पादनमूलक क्षेत्रको २९.३ प्रतिशत हिस्सा छ।

यस्तै, धेरै विदेशी लगानी परिचालन गर्नेमा बैंक तथा बिमा क्षेत्र तेस्रो स्थानमा देखिएको छ। उक्त क्षेत्रमा ८१ अर्ब ३९ करोड ५४ लाख रुपैयाँ विदेशी लगानी देखिएको छ, जुन कुल लगानीको २४.४ प्रतिशत हिस्सा हो। अहिले नेपालमा मेट लाइफ इन्स्योरेन्स, एलआइसी नेपाल, दी ओरियन्ट इन्स्योरेन्स, नेसनल इन्स्योरेन्स, स्ट्यान्डर्ड चार्टर्ड बैंक, एभरेष्ट बैंक र नेपाल एसबिआई बैंकमा विदेशी लगानी छ। यस्तै, उनीहरूले विदेशबाट ऋणसमेत ल्याइरहेका छन्। यस्तै, आवास तथा खाद्यमा २६ अर्ब ९० करोड ७३ लाख रुपैयाँ, सूचना तथा प्रविधिमा २१ अर्ब ७२ करोड ९७ लाख रुपैयाँ, शिक्षामा एक अर्ब ७९ करोड ४३ लाख रुपैयाँ र जनस्वास्थ्यमा एक अर्ब १८ करोड ७४ लाख रुपैयाँ विदेशी लगानी परिचालन भइरहेको छ।

यस्तै, निर्माणमा एक अर्ब ४२ करोड ६३ लाख, कृषिमा २८ करोड ८७ लाख, खनिजमा ५३ करोड २४ लाख र अन्य क्षेत्रमा नौ अर्ब ४० करोड २७ लाख रुपैयाँ वैदेशिक लगानी परिचालन भएको देखिन्छ। यद्यपि, यातायात तथा भण्डार क्षेत्रमा विदेशी लगानी सात अर्ब ५९ करोड ७१ लाख रुपैयाँ ऋणात्मक छ।

### ■ धेरै लगानी गर्नेमा भारत पहिलो

नेपालमा भएको वैदेशिक लगानीमा सबैभन्दा धेरै हिस्सा दक्षिण छिमेकी मुलुक भारतको देखिएको छ। समीक्षा अवधिसम्ममा नेपालमा भारतको एक खर्ब सात अर्ब ६३ करोड ५४ लाख रुपैयाँ लगानी कायम छ, जुन कुल लगानीको तुलनामा ३२.३ प्रतिशत हिस्सा हो।

**कुन क्षेत्रमा कति विदेशी लगानी ? (रु. १० लाखमा)**

| क्षेत्र | विदेशी लगानी |
|---|---|
| ऊर्जा | ९८,३३७.३० |
| उत्पादन | ९७,५६६.४० |
| बैंक तथा बिमा | ८१,३९५.४० |
| आवास तथा खाद्य | २६,९०७.३० |
| सूचना प्रविधि | २१,७२९.७० |
| शिक्षा | १,७९४.३० |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | १,१८७.४० |
| निर्माण | १,४२६.३० |
| कृषि | २८८.७० |
| खनिज | ५३२.४० |
| यातायात | -७,५९७.१० |
| अन्य | ९,४०२.७० |

**कुन देशको कति लगानी (रु. १० लाखमा)**

| मुलुक | नेपालमा कायम लगानी |
|---|---|
| भारत | १०७,६३५.४० |
| चीन | ३३,८२२.६० |
| सिंगापुर | २७,६६४.०० |
| आयरल्यान्ड | २३,१४७.०० |
| दक्षिण कोरिया | २०,१८७.७० |
| अस्ट्रेलिया | १९,७१२.३० |
| वेस्ट इन्डिज | १४,७५७.७० |
| अमेरिका | १३,८२७.५० |
| इस्ने अफ म्यान | ११,४०८.२० |
| हङकङ | ११,०३५.८० |
| अन्य | ४९,७७२.६० |

दोस्रो नम्बरमा उत्तर छिमेकी मुलुक चीन रहेको छ। अहिले नेपालमा चीनको ३३ अर्ब ८२ करोड २६ लाख रुपैयाँ लगानी रहेको छ, जुन कुल लगानीको १०.२ प्रतिशत हो। तेस्रो स्थानमा भने सिंगापुर रहेको छ। तथ्यांकअनुसार नेपालमा सिंगापुरको २७ अर्ब ६६ करोड ४० लाख रुपैयाँ लगानी परिचालन भइरहेको छ, जुन कुल लगानीको ८.३ प्रतिशत हो।

यसैगरी आयरल्यान्डको २३ अर्ब १४ करोड ७० लाख, दक्षिण कोरियाको २० अर्ब १८ करोड ७७ लाख, अस्ट्रेलियाको १९ अर्ब ७१ करोड २३ लाख, वेस्ट इन्डिजको १४ अर्ब ७५ करोड ७७ लाख, अमेरिकाको १३ अर्ब ८२ करोड ७५ लाख, इस्ले अफ म्यानको ११ अर्ब ४० करोड ८२ लाख र हङकङको ११ अर्ब तीन करोड ५८ लाख रुपैयाँ लगानी रहेको छ। यसैगरी अन्य देशका ४९ अर्ब ७७ करोड २ ९ लाख रुपैयाँ वैदेशिक लगानी रहेको छ।

### ■ एक वर्षमा १२ अर्ब ५७ करोड लाभांश लगे, सबैभन्दा धेरै उत्पादनबाट

समीक्षा वर्षमा नेपालदेखि विदेशी लगानीकर्ताले १२ अर्ब ५७ करोड ९४ लाख रुपैयाँ लाभांश लगेका छन्। यद्यपि, यो आव ०२२/२३ को भन्दा कम हो। उक्त वर्ष १७ अर्ब ३३ करोड ४७ लाख रुपैयाँ लाभांश बाहिरिएको थियो।

समीक्षा वर्षमा रकमका आधारमा उत्पादनमूलक क्षेत्रबाट सबैभन्दा धेरै लाभांश बाहिरिएको छ। आव ०२३/२४ मा त्यस क्षेत्रबाट आठ अर्ब ९६ करोड ७९ लाख रुपैयाँ लाभांश बाहिरिएको छ। दोस्रोमा वित्त तथा बिमा क्षेत्र देखिएको छ। उक्त क्षेत्रबाट दुई अर्ब ९९ करोड ७६ लाख रुपैयाँ लाभांश बाहिरिएको छ। तेस्रो स्थानमा भने ऊर्जा क्षेत्र देखिएको छ। समीक्षा वर्षमा उक्त क्षेत्रबाट ३७ करोड २२ लाख रुपैयाँ लाभांश बाहिरिएको छ।

यस्तै, कृषि क्षेत्रबाट ३० लाख, निर्माण क्षेत्रबाट दुई करोड ४३ लाख, आवास तथा खाद्यबाट चार करोड ८९ लाख, जन स्वास्थ्यबाट ८९ लाख, सूचना प्रविधिबाट एक करोड ४५ लाख र यातायात तथा भण्डारणबाट ६७ लाख रुपैयाँ लाभांश बाहिरिएको छ। अन्य क्षेत्रबाट १३ करोड ५४ लाख रुपैयाँ लाभांश बाहिरिएको छ।

## भेडेटारका होटेल अनुगमन

**धनकुटा**/ पर्यटकीयस्थल धनकुटाको साँगुरीगढी गाउँपालिका- ६ भेडेटारमा सञ्चालित ३१ वटा होटेल तथा रेस्टुरेन्टमध्ये २३ वटा स्तरीकरणमा परेका छन् भने आठवटा होटेललाई सुधार गर्न निर्देशन दिइएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगर र डिभिजन कार्यालयको संयुक्त अनुगमन टोलीले भेडेटारमा सञ्चालनमा रहेका होटेल तथा रेस्टुरेन्टमध्ये २३ वटालाई स्तरीकरणको लोगो टाँस गरेको हो।

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

झापा इनर्जी लिमिटेड

JHAPA ENERGY LIMITED

रजिष्टर्ड कार्यालय : विर्तामोड नगरपालिका वडा नं. ४ झापा, नेपाल, फोन नं. : ०२३-५२०६४२

इमेल: solarpower@jhapaenergy.com.np वेबसाइट: www.jhapaenergy.com.np

**साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द सम्बन्धी सूचना**

झापा इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.३८,०१,९०,०००/- बराबरको रु.१००/- अंकित दरको ३८,०१,९०० कित्ता साधारण शेयरहरु मध्ये १०% अर्थात् रु.३,८०,१९,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ३,८०,१९० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि र जारी पूँजीको १५% अर्थात् रु.५,७०,२८,५००/- रकम बराबरको रु.१००/- अंकित दरको ५,७०,२८५ कित्ता साधारण शेयरको १०% अर्थात् ५७,०२९ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, ५% अर्थात् २८,५१४ कित्ता साधारण शेयर सामुहिक लगानी कोषहरु र २% अर्थात् ११,४०६ कित्ता साधारण शेयर निष्काशनकर्ता कम्पनीका कर्मचारीहरुका लागि बाँडफाँड गरे पश्चात् बाँकी रहेको ४,७३,३३६ कित्ता साधारण शेयरहरु मिति २०८२ भाद्र २० गते देखि सर्वसाधारणका लागि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयरहरु खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ भाद्र २४ गते बैकिङ्ग समय पश्चात्** सो साधारण शेयरहरुका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरुको रुपमा रहेका सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ भाद्र २४ गते बैकिङ्ग समय पश्चात्** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछौं।

| दरखास्त दिन पाउने न्यूनतम कित्ता : १० | दरखास्त दिन पाउने अधिकतम कित्ता : ५,००० |
|---|---|

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने

संक्षिप्त वित्तीय विवरण :

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व २०८१/०८२ चैत्र मसान्त | आ.व.०८१/८२ | आ.व.०८२/८३ | आ.व.०८३/८४ |
| प्रति शेयर आम्दानी (EPS) | ०.११ | ०.२३ | ०.५० | (४.७२) | (५.९३) | ७.६५ | ९.३० |
| प्रति शेयर नेटवर्थ (रु.) | ५८.७० | ५८.९३ | १००.१२ | ९५.४० | ९३.८४ | १०३.०७ | ११२.३४ |
| संचित नाफा/नोक्सान (रु. हजारमा) | (१,३०२.५८) | (१,०६९.३१) | ३४८.१६ | (१३,१०७.५८) | (१७,५७१.०८) | ११,६७३.७० | ४६,९०७.३१ |

| आयोजना | कुल लागत रकम करोडमा (रु.)* | प्रति मेगावाट रकम करोडमा (रु.) | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|---|
| १० मे.वा ग्रीडमा आवद्ध सौर्य विद्युत आयोजना, शिवसताक्षी, झापा | ८७.९० | ८.७९ | अनुमति पत्र वहाल रहने अवधि मिति २०७९/०१/११ देखि २१०४/०१/१० सम्म रहेकोले २२ वर्ष बाँकी रहेको छ। | ९.५५ वर्ष # | १३.४७ वर्ष # |
| | | | | ८.०६ वर्ष *# | १५.६६ वर्ष *# |

*कुल लागत रकम Interest During Construction (IDC) सहित भएको।
#उल्लेखित लगानी फिर्ता हुने अवधी इक्विटिको रहेको।
*#उल्लेखित लगानी फिर्ता हुने अवधी प्रोजेक्टको रहेको।

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था**

स्वीकृत विवरण-पत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंबाट इस्युअर रेटिङ्ग गराई मिति २०८२/०१/१७ गते "[ICRANP-IR] B-" प्रमाणपत्र प्राप्त गरेको छ। यस रेटिङ्गले High risk of default regarding timely servicing of financial obligation भन्ने जनाउँदछ। ईक्रा नेपाल लिमिटेडले IRN AAA(Is) देखि IRN D(Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा IRN AAA(Is) ले बलियो आधार जनाउँछ भने IRN D(Is) ले कमजोर आधारहरु जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने ÷ (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। यस सम्बन्धी विवरणपत्रको दफा ग.२२ (ट) उल्लेखि गरिएको छ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०८२/०१/१७ | क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०८३/०१/१६

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं।

निष्काशन तथा बिक्री प्रबन्धक:

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

हिमालयन क्यापिटल लिमिटेड
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोनः ०१-५९७०६७५
इमेलः info@himalayancapital.com, वेबसाइटः www.himalayancapital.com

## आन्दोलनको प्रभाव सेयर बजारमा

# ३५.९९ अंकले घट्यो नेप्से

**नयाँ पत्रिका**

भ्रष्टाचारविरूद्ध जेन-जी पुस्ताले गरेको आन्दोलनको असर सेयर बजारमा देखिएको छ। आन्दोलनले हिंसात्मक रूप लिएसँगै बजार परिसूचक नेप्से एकै दिनमा ३५.९९ अंकले घटेर २६७२.२५ विन्दुमा पुगेको छ।

आन्दोलनका वेला आर्थिक गतिविधि प्रभावित भएर लगानीकर्तामा संशय बढ्ने भएकाले जोखिमयुक्त बजारको परिसूचक घट्ने प्रवृत्ति रहने गर्छ। सोमबारको बजारमा पनि त्यस्तै देखिएको हो। गत साताको सोमबारदेखि बजार परिसूचक निरन्तर ओरालो लागिरहेको थियो। बलियो सरकारले आर्थिक गतिविधि बढाउन नीतिगत पहल नगर्दा लगानीकर्तामा उत्साह बढ्न सकिरहेको छैन। तर, सोमबारको आन्दोलनले



बजारलाई थप गिराउन बल पुऱ्यायो। सोमबारको कारोबार १३ वटै समूहका परिसूचक कमजोर देखिएका छन्। बजारमा प्रभुत्व राख्ने बैंकिङ समूहको परिसूचक १.१२ प्रतिशतले घटेको छ। विकास बैंक समूह १.३८ प्रतिशत र फाइनान्स समूह ०.९२ प्रतिशतले घटेको छ।

होटेल तथा पर्यटन समूहको परिसूचक १.३३ प्रतिशत, हाइड्रो समूह १.३८ प्रतिशत, लगानी समूह १.३७ प्रतिशत, जीवन बिमा ०.८८ प्रतिशत, उत्पादन तथा प्रशोधन समूह १.२३ प्रतिशत, माइक्रोफाइनान्स १.१३ प्रतिशत, सामूहिक लगानी कोष ०.५४ प्रतिशत, निर्जीवन बिमा १.२६ प्रतिशत, वाणिज्य समूह ३.३१ प्रतिशत र अन्य समूह १.३८ प्रतिशतले घटेको छ।

सर्वाधिक मूल्य घट्नेमा बाराही हाइड्रोपावर, नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी, ग्रिन डेभलपमेन्ट बैंक, श्री स्टार हाइड्रोपावर र पाँचथर पावर कम्प्यान्ट छन्। कुल पाँच अर्ब १६ करोड रुपैयाँको कारोबार भएको छ। ४४ खर्ब ६७ अर्ब २९ करोड रुपैयाँ बजार पुँजीकरण पुगेको छ।

## केवा–सभाखोला सडकमा टाइम कार्ड लागू गरिने

**संखुवासभा**/ संखुवासभाको केवा-सभाखोला सडकमा टाइम कार्ड लागू गरिने भएको छ। सोमबार प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाको अध्यक्षतामा बसेको बैठकले १ असोजदेखि केवा-सभाखोला सडकमा टाइम कार्ड लागू गरिने निर्णय गरेको हो। जिल्लाको धर्मदेवी नगरपालिकाको केवाखोलादेखि सभाखोलासम्मको १७.५ किमि सडकमा ४५ मिनेट कायम रहने गरी टाइम कार्ड लागू गरिएको संखुवासभाको प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले बताइन्। यो संखुवासभाको सदरमुकाम खाँदबारी र धरान-विराटनगर-काठमाडौं जोड्ने मुख्य सडक हो। उक्त सडकखण्डमा सवारी दुर्घटना दिनानुदिन बढ्दै गएपछि जिल्लामा पहिलोपटक टाइम कार्ड लागू गरिएको हो।

# बिमा प्राधिकरणको अध्यक्षबाट ओझालाई तत्काल बर्खास्त नगर्न आदेश

**काठमाडौं**/ सर्वोच्च अदालतले नेपाल बिमा प्राधिकरणको अध्यक्ष शरद ओझालाई बर्खास्ती गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ। २ भदौमा बसेको मन्त्रिपरिषद् बैठकले ओझाको योग्यता नपुग्ने निष्कर्ष निकाल्दै उनलाई बर्खास्त गर्ने निर्णय गरेको थियो। तर, सर्वोच्चले ओझालाई बर्खास्ती गर्ने निर्णय कार्यान्वयन नगर्न तथा नयाँ अध्यक्ष नियुक्ति प्रक्रिया अघि नबढाउन यस्तो आदेश दिएको हो। न्यायाधीश शारंगा सुवेदीको एकल इजलासले अल्पकालीन अन्तरिम आदेश जारी गर्दै दुवै पक्षलाई छलफलका लागि बोलाएको छ। बर्खास्तीको निर्णयविरुद्ध ओझा आइतबार मात्रै सर्वोच्च अदालत पुगेका थिए।



ओझाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, छानबिन समिति, प्राधिकरणको अध्यक्ष नियुक्तिका लागि सिफारिस गर्न गठित समिति, छानबिन समितिका अध्यक्ष कृष्ण गिरी, सदस्य जीवनप्रकाश सिटौला र सदस्य कपिलदेव ओलीविरुद्ध रिट दायर गरेका थिए। गत ३० असारमा मन्त्रिपरिषद् बैठकले ओझामाथि छानबिनका लागि उच्च अदालतका पूर्वन्यायाधीश कृष्ण गिरीको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो।

# महालक्ष्मी विकास बैंकका ग्राहकलाई १० वटा संस्थामा छुट

**काठमाडौं**/ महालक्ष्मी विकास बैंक लिमिटेडले ग्राहकलाई छुट दिन विभिन्न १० वटा संघसंस्थासँग सम्झौता गरेको छ। बैंकले स्वास्थ्य क्षेत्र, रेस्टुरेन्टलगायत संस्थासँग सम्झौता गरेको हो। सम्झौतापछि बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले ती संस्थाका विभिन्न सेवामा विशेष छुट प्राप्त गर्न सक्नेछन्।

जसअन्तर्गत मनकामना केबलकारको टिकट खरिदमा ग्राहकलाई १० प्रतिशत छुट हुनेछ। त्यसैगरी समाज डेन्टल हस्पिटल, बानेश्वरमा एक्सरे र फार्मेसीबाहेक सेवामा १५ प्रतिशत, मंगलम डाइग्नोस्टिक सेन्टर, वीरगन्जको प्याथोलोजी सेवामा १० प्रतिशत छुट हुने




बैंकले जनाएको छ। दरबारमार्गस्थित मत्सुरी टोकियो प्रालिमा खाना तथा पेयपदार्थमा १०, जितपुरस्थित होटेल क्विक-२० रिभर साइडको खाना, आवास तथा पेय पदार्थमा पाँच तथा कुलेखानी भिलेज रिसोर्टको कोठाशुल्कमा १० प्रतिशतसम्म छुट हुने बताइएको छ। अन्य छुट पाइने संस्थामध्ये नाइस न्यु होम डेकोर, काठमाडौंमा २० प्रतिशतसम्म, शुभ काठमाडौं टायर सेन्टर, ढुंगेधारामा १० प्रतिशतसम्म, कविलास रिसोर्ट एन्ड फनपार्क, चितवनमा १५ प्रतिशत र रिगल हेटौंडा रिसोर्ट प्रालिमा १५ प्रतिशतसम्म छुट हुने बैंकले जनाएको छ।

यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ।

# खानीखोला हाइड्रोको हकप्रद सेयर भर्ने समय थप

**काठमाडौं**/ खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडले ३ भदौदेखि बिक्रीमा ल्याएको हकप्रद सेयर भर्ने समय थप गरेको छ। तोकिएको मितिमा पर्याप्त आवेदन नपरेपछि सोमबार समय थप गरिएको हो। अब भने साबिकका सेयरधनीले ३१ भदौसम्म हकप्रद सेयर भर्न सक्नेछन्।

कम्पनीले हाल कायम चुक्ता पुँजी ४६ करोड ५७ लाख १४ हजार ३०० रुपैयाँबराबरको शतप्रतिशत अर्थात् प्रतिकित्ता १०० रुपैयाँका दरले १:१ अनुपातमा ४६ लाख ५७ हजार १४३ कित्ता हकप्रद सेयर निष्कासन गरिरहेको छ।

# माइडियाको चाडबाड योजनामा स्कुटी जित्ने मौका

**काठमाडौं**/ सिजी इलेक्ट्रोनिक्स आफ्नो ग्लोबल होम अप्लायन्स ब्रान्ड माइडियाका तर्फबाट नेपालीको महान् चाड दसैं-तिहारलाई लक्षित गर्दै नयाँ योजना सार्वजनिक गरेको छ। कम्पनीले चाडबाडलाई अझै उत्साहपूर्ण बनाउन 'बाई एन्ड विन जुम' नामक योजना ल्याएको हो। यो विशेष उत्सव योजनाअन्तर्गत उपभोक्ता माइडियाका घरायसी सामान खरिद गर्दा १२५ सिसीको हिरो जुम स्कुटीका साथै आकर्षक पुरस्कार पनि जित्न सक्नेछन्। यसबाहेक ३७ हजार सात सय रुपैयाँसम्मको क्यासब्याक पनि योजनामा समावेश गरिएको छ।




त्यसैगरी, हात खाली नजाने उपहारमा मल्टिडोर रेफ्रिजेरेटर किन्दा निःशुल्क इन्डक्सन चुलो प्राप्त गर्नेछन्। साथै, वासिङ मेसिनको खरिदमा ६ किलो एरियल सरफ र डिसवासर किन्दा निःशुल्क डिसवासर ट्याब्लेट पाइने सिजीले जनाएको छ। उपभोक्ताले माइडियाका सामान खरिद गरेपछि त्यहाँ रहेको क्युआर कोड स्क्यान गरी आफ्नो विवरण दर्ता गरी बम्पर लक्की ड्रमा सहभागी हुन सक्नेछन्। यस योजनाले उपभोक्ताका घर-घरमा नयाँ उमंग, सुविधा र खुसी ल्याउने विश्वास कम्पनीले लिएको छ।

दुई सयभन्दा बढी देशमा फैलिएको माइडिया अग्रणी होम अप्लायन्स निर्माता कम्पनी हो। यो नवप्रवर्तन, गुणस्तरीय उत्पादन र उपभोक्ता-मैत्री प्रविधिका कारण विश्वभर लोकप्रिय छ। त्यस्तै, सिजी इलेक्ट्रोनिक्स नेपालमा होम अप्लायन्स र कन्ज्युमर डुराबल्सको अग्रणी वितरक तथा विक्रेता हो।

# कालिन्चोक इन्भेस्टमेन्टको आइपिओ बिक्री प्रबन्धकमा नबिल इन्भेस्टमेन्ट

**काठमाडौं**/ कालिन्चोक इन्भेस्टमेन्ट कम्पनी लिमिटेडको साधारण सेयर (आइपिओ) निष्कासक तथा बिक्री प्रबन्धकमा नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेड नियुक्त भएको छ। यससम्बन्धी सम्झौतामा कालिन्चोक इन्भेस्टमेन्टका अध्यक्ष बालकृष्ण शिवाकोटी तथा नबिल इन्भेस्टमेन्टका प्रमुख कार्यकारी अधिकृत मनीषनारायण जोशीले हस्ताक्षर गरेका हुन्।



कालिन्चोकले निकट भविष्यमै आइपिओ जारी गर्नका लागि नबिललाई बिक्री प्रबन्धक नियुक्त गरेको हो। कम्पनीले आफ्नो जारी पुँजी ८० करोड रुपैयाँको ३० प्रतिशत सेयर सर्वसाधारणमा निष्कासन गर्नेछ। हाल कम्पनीले विभिन्न केबलकार कम्पनी, विभिन्न ऊर्जा कम्पनी र कृषि उत्पादन क्षेत्रमा लगानी गर्दै आइरहेको छ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, न्यूरोड शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०५/२४ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल माघ महिना १८ गतेको 'नागरिक' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल श्रावण महिना १६ गतेको 'नयाँ पत्रिका' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैकले आफै सकार गरेर लिँदा साविकमा बैकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १. | प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय बाग्मती प्रदेश ललितपुरमा प्रा.फ. दर्ता नं. २२३०४/१६/०७७/०७८ कायम भई मिति २०७७/०८/०८ मा दर्ता भएको ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १६, नागबहाल स्थित **अर्पचना हयाण्डीक्राफ्ट** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | हेराकाजी शाक्यको नातिनी, सुशिल कुमार शाक्यको छोरी, ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. १६ बस्ने **सुधा शाक्य** । |
| २. | उत्सव कुमार शाक्यको नाति, हेराकाजी शाक्यको छोरा, ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. १५ बस्ने **शुशील कुमार शाक्य** । |
| ३. | हेराकाजी शाक्यको नाति, सुशिल कुमार शाक्यको छोरा, ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. १६ बस्ने **सुसार कुमार शाक्य** । |
| ४. | हिरारत्न बज्राचार्यको छोरी, सुशिल कुमार शाक्यको श्रीमती, ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. १७ बस्ने **रत्न शोभा बज्राचार्य** । |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **रत्न शोभा बज्राचार्य**को नाममा मालपोत कार्यालय चावहिल काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला मुलपानी गा.वि.स./न.पा वडा नं. ८ (नक्सा सिट नं ८ग) को कित्ता नं. ३९७ र ३४८ को ०-१०-१-० र ०-६-२-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैकको खाता नं. ००१०१३५१५०००० मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय न्युरोडमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल आश्विन महिना ०७ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल आश्विन महिना ०९ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## Invitation for Sealed Bids

(Date of Publication: 9th September, 2025)

**Mahalaxmi Bikas Bank Limited** a leading national level development bank invites sealed bids from interested and eligible firm/ company for Supply and Deployment of Comprehensive Reconciliation System (CRS)

**Terms and Conditions:**

- The bid documents can be purchased within office hours (9:30 AM till 5:30 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 3,000.00 (NPR Three Thousand Only) for each service on or before 15th day of the first date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank:
  » Account Number: 999-20401010201
  » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 15th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening.

**Minimum Eligibility Criteria:**

1. Bidder must be in operation for 5 years or above.
2. Bidder must have yearly turnover of NPR 10 million or above for immediate last FY and should have been profit-making since last five year.
3. Proposed solution must have been implemented and live in three (3) or more Banking and Financial Institutions (BFIs) in Nepal.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८७१९
**सामान्य प्रशासन विभाग** थापाथली, काठमाण्डौं फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४

सबल बैंक, सफल सहकार्य www.mahalaxmibank.com



## महागुथि बहुउद्देश्यीय सहकारी संस्था लि.

का.जि.का.म.न.पा.वडा नं. १८, काठमाण्डौ
फोन नं. ०१-५३६०८४८/५३५४२६६
Email: mahaguthi.sahakari@gmail.com

**संस्थामा धितो रहेको सम्पत्ति लिलाम गर्ने बारेको ३५ (पैतीस) दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति २०८२/०५/२४ गते**

तपसिलमा उल्लेखित ऋणीले यस महागुथि बहुउद्देश्यीय सहकारी संस्था लि.बाट ऋण कर्जा लिए वापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा व्याज दैदस्तुर आदि नतिरी नबुझाई संस्थासँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋणीले लिएको ऋण कर्जा लगायत संस्थाको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित ताकेता मिति २०८२/०४/०७ गते राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिकामा ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्दा समेत हाल सम्म ऋण कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋणीले तपसिलमा उल्लेखित सम्पत्ति संस्थामा धितो वन्धक राखि ऋण कर्जा लिएको हाल सम्म साँवा व्याज चुक्ता नगरेको हुँदा यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३६औं दिनको तपसिलमा उल्लेखित मिति समय र ठाउँमा लिलाम सकार गर्न इच्छुक महानुभावहरुले उपस्थित भै बोल कबोलबाट संस्थामा धितो वन्धक रहेको सम्पत्ति लिलाम सकार गरी लिनको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। ऋणीले ३५ दिन भित्रमा ऋण चुक्ता गर्नको लागि समेत यसै सूचना मार्फत ऋण चुक्ता समेतको लागि यो सूचना प्रकाशित भएको छ। ऋणीलाई लिलामको पत्र पठाई सकेको हुँदा यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानि लिलाम हुने व्यहोरा जानकारी गरिन्छ। वक्यौता रकम यथासिघ्र चुक्ता गर्न आउनु हुन यो सूचना जारी गरिएको छ।

**बोल कबोल माध्यमबाट लिलाम हुने मिति समय र स्थान:**

**मितिः** २०८२/०६/२८ गते मंगलबारका दिन ।
**समयः** अपरान्ह २ बजे ।
**स्थानः** महागुथि बहुउद्देश्यीय सहकारी संस्थाको कार्यालय का.म.न.पा. वडा नं. १८ न्यतपाचो, नरदेवी ।

**तपसिल**

| ऋणीको व्यक्तिगत विवरण | ऋण तमसुकमा साक्षी बस्ने धन जमानी/साक्षीको विवरण | धितो राखेको सम्पत्तिको विवरण |
|---|---|---|
| दश नारायण महर्जनको नाती हर्ष महर्जनको छोरा का.जि.का.म.न.पा.वडा नं. २५ हाल २४ दुछेननी इन्द्रचोक बस्ने **बुद्ध महर्जन** (सदस्य नं. १७१७ ऋण खाता नं. ७७६-०००६५-१,७७६-०००७३-४) भएको ऋणिले यस सहकारीमा सम्पर्क गरी ऋण कारोबारको हिसाब मिलानको लागि जानकारी गरिन्छ। (ऋणीको ना.प्र.नं. २७-३५१४/९१७७/२०९१२ जारी मिति २०५२।०१।०३ जि.प्र.का. काठमाडौं) मो.नं. ९८६३८५५३४३ | (क) आशा काजी महर्जनको छोरी का.जि.का.म.न.पा.वडा नं. २५ हाल २४ बस्ने वर्ष ४६ की उर्मिला महर्जन, ना.प्र.नं. २७-४६८५/२०९१३ जारी मिति २०५७/१२/०६ जि.प्र.का. काठमाडौं मो.नं. ९८१८६५४२४४ (ख) हर्ष महर्जनको नाती बुद्ध महर्जनको छोरा का.जि.का.म.न.पा.वडा नं. २५ हाल २४ बस्ने वर्ष २४ को रोजन महर्जन, ना.प्र.नं. २७-०१-७६-०८२२५ जारी मिति २०७६/०६/३० जि. प्र.का. काठमाडौं मो.नं. ९८४१४९१८१४ | का.जि.का.न.पा. वडा नं. २५ हाल २४ कि.नं ३२१ क्षे.फ. ५.९७ व.मी. (०-०-०-३) घरजग्गा |

**शर्त तथा वन्देजहरूः-**

१. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालयमा सम्पर्क राखी हेर्न सक्नु हुने छ।
२. बोल कबोलबाट आफूले सकार गरी लिन चाहेको रकमको १०% (दस प्रतिशत) ले हुने धरौटी बापतको रकम यस सहकारीको सिद्धार्थ बैंक लि. बचत खाता नं. ०३३१५०६३९४४ मा जम्मा गरी सो को बैंक भौचर वा गुड फर पेमेन्ट चेक बोल कबोल भएको सोहि दिन बैंकमा दाखिला गरि सो को भौचर पेश गर्नुपर्ने छ।
३. लिलाममा सहभागी हुने व्यक्ति हो भने निजको नागरिकता प्रमाणपत्रको फोटोकपी र कम्पनी तथा संस्था हो भने सोको दर्ता प्रमाणपत्र PAN\VAT को प्रमाणपत्र, आर्थिक वर्षमा कर चुक्ता गरेको पत्रहरुको फोटोकपीलाई NOTARY PUBLIC बाट प्रमाणित गरी साथमा लिई आई संस्थामा पेश गर्नुपर्ने छ।
४. धितो लिलाम बिक्री गर्दा सबैभन्दा बढी रकममा लिन कबुल गरेको व्यक्ति/संस्थालाई दिइने छ। तर उक्त लिलामको दर भाउ तथा अन्य कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने नगर्ने निर्णय अधिकार यस सहकारीमा सुरक्षित रहने छ।
५. धितो लिलाम बिक्रि गर्ने क्रममा धितो लिलाम प्रकृयामा कसैले भाग नलिएमा सो धितो संस्था आफैले सकार गरि लिन सक्ने छ।
६. बोलकबोल सम्बन्धी सहकारीले तोकेको अन्य शर्तहरु पनि लागु हुनेछ, सोको लागि सहकारीमा आई जानकारी लिन सक्ने छ।
७. यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सहकारीमा सम्पर्क राखी आफुले लिएको ऋण कर्जाको साँवा व्याज अन्य दैदस्तुर चुक्ता गर्नु होला भनी ऋणीलाई यसै सूचना मार्फत जारी गरिएको छ।



दर्ता नं. ५७४/०६९/०७० स्था.लेखा नं. ६००७९४४६८

## झरना बचत तथा ऋण सहकारी संस्था लि.

शंखधरचोक,मध्यपुर थिमि-४,भक्तपुर फोन नं. ०१-५०१३५४३
इमेल : saccosjharana@gmail.com

**घरजग्गा खाली गर्न बलराम बिष्टको नाममा जारी गरिएको सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८२/०५/२४**

यस झरना बचत तथा ऋण सहकारी संस्था लि.को स्वामित्वमा रहेको भक्तपुर जिल्ला साविक दुवाकोट ५ ख हाल चाँगुनारायण न.पा.वडा नं. १ स्थित कित्ता नं. ६४२, ७८६ को क्षेत्रफल क्रमशः ०-२-२-०, ०-०-२-० को जग्गा सो जग्गामा बनेको घर साविक सिन्धुपाल्चोक जिल्ला ज्यामिरे-२ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला चाँगुनारायण न.पा.वडा नं. १ बस्ने श्री गणेश बहादुर बिष्टको छोरा श्री बलराम बिष्ट ना.प्र.नं. ७५६ जारी मिती २०४६।०९।२४ सिन्धुपाल्चोकले अनधिकृत कब्जा गरी अवैध रुपमा बस्नु भएको हुदाँ संस्थाले सो घरजग्गा खाली गर्न निज बलराम बिष्टलाई मौखिक तथा लिखित रुपमा पटक पटक अनुरोध गर्दा समेत हालसम्म पनि संस्थाको उक्त घरजग्गा खाली नगरी अटेर गरी अनधिकृत रुपमा कब्जा गरी बस्नु भएकोले यो सुचना प्रकाशित मितीले ७ (सात) दिन भित्र हटनु भई खाली गरी दिन यसै सुचना मार्फत सुचित गरिन्छ। अन्यथा अनधिकृत कब्जालाई यस संस्थाले हटाई लिने जानकारी गराईन्छ र सो अनधिकृत कब्जा गरे वापत संस्थाले क्षतिपूर्ति समेत दावी गर्नसक्ने पनि यसै सूचना मार्फत सूचित गरिएको छ।



## हाम्रै बहुउद्देश्यीय सहकारी संस्था लि.

गोंगबु चोक, काठमाडौंको

**बीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**सदस्य महानुभावहरु,**

यस संस्थाको मिति २०८२ साल भदौ १२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार बीसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गरी पारित गर्न बस्ने भएकाले सबै सदस्य महानुभावहरुलाई उपस्थितिको लागि अनुरोध गर्दछु।

**कार्यक्रमः**
सभा हुने मिति :- २०८२/०६/२५ गते शनिवार
सभा हुने स्थान :- दियालो फुड्ल्याण्ड, वसुन्धारा, काठमाडौं
समय :- विहान ९:३० बजे

**प्रस्तावहरुः**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/२०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहित आ.व २०८१/२०८२ (आ.व.२०८१ साउन देखि २०८२ असार सम्म) को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३. लेखा समितिको प्रतिवेदन पारित गर्ने ।
४. वाँडफाँड गरिएको कोषहरुको अनुमोदन गर्ने तथा प्रस्तावित लाभांश वितरणको लागि स्वीकृत गर्ने ।
५. संस्थाको आ.व.२०८२/०८३ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
६. संस्थाको नियमित कारोवार सञ्चालनमा सञ्चालक समिति, लेखा समिति तथा अन्य उपसमितिवाट यस वर्ष भए गरेका निर्णयहरुलाई अनुमोदन गर्ने ।
७. संस्थाको प्रकृति परिवर्तन गर्ने सम्वन्धमा ।
८. विनियम संशोधन गर्ने सम्वन्धमा ।
९. संस्थाको आफ्नै जग्गा, भवन खरीद गर्ने सम्वन्धमा ।
१०. संरक्षित पूँजी फिर्ताकोषमा छुट्याइएको रकम सदस्यहरुको बचत तथा ऋणको कारोवारको आधारमा वितरण गर्न स्वीकृत दिने ।
११. साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गर्न सदस्यहरुको चयन गर्ने सम्बन्धमा ।
१२. विविध ।

**साधारणसभा सम्बन्धी जानकारीः**
१. साधारणसभामा भागलिन आउँदा संस्थाको शेयर प्रमाण पत्र वा परिचय पत्र अनिवार्य लिइ आउनु होला ।
२. लगातार ३ वटा साधारण सभामा उपस्थित नहुने सदस्यहरुको सदस्यता समाप्त हुन सक्ने प्रावधान भएकोले उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**संचालक समितिको निर्देशानुसार**
**कार्यकारी संचालक**



## अधिकतम खुद्रा बिक्री मूल्य ( MRP ) प्रकाशनको सूचना

**यस फर्मले भारत वाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्बसाधारणको जानकारीको लागि शयो सूचना प्रकाशन गरिएको छ ।**

| सि. नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERETOR | 100 LTR | IDEA | JN 110 PD | 100 LTR-PLAIN | INDIA | PER PCS | 14,418.00 | 17,300.00 | WITH VAT |
| 2 | REFRIGERETOR | 170 LTR | IDEA | JN 180 WD | 170 LTR- FLOWER WINE | INDIA | PER PCS | 17,917.00 | 21,500.00 | WITH VAT |
| 3 | REFRIGERETOR | 170 LTR | IDEA | JN 180 BD | 170 LTR- FLOWER BLUE | INDIA | PER PCS | 17,917.00 | 21,500.00 | WITH VAT |
| 4 | REFRIGERETOR | 185 LTR | IDEA | JN 190 WD | 185 LTR- FLOWER WINE | INDIA | PER PCS | 18,600.00 | 22,300.00 | WITH VAT |
| 5 | REFRIGERETOR | 185 LTR | IDEA | JN 190 BD | 185 LTR- FLOWER BLUE | INDIA | PER PCS | 18,600.00 | 22,300.00 | WITH VAT |
| 6 | REFRIGERETOR | 185 LTR | IDEA | JN 190 PW | 185 LTR- PLAIN WINE | INDIA | PER PCS | 18,125.00 | 21,750.00 | WITH VAT |

**डायमण्ड ईलेक्ट्रोनिक्स प्रा. लि.**
**टोखा २ धापासी, काठमाण्डौ**

**स्थायी लेखा नम्बर ६०२४८९०६५**
**फोन नं. ५८५११००५८१**

■ दोस्रो एभरेस्ट महिला भलिबल लिग

# लुम्बिनीको फाइनल पुग्ने सम्भावना समाप्त



साबिक विजेता कर्णालीको प्रहार रोक्दै काठमाडौं स्पाइकर्सका खेलाडी ।

**नयाँ पत्रिका**

लुम्बिनी लाभाज दोस्रो एभरेस्ट भलिबल लिग प्रतियोगिताको फाइनल पुग्ने दौडबाट बाहिरिएको छ । पोखरामा चलिरहेको प्रतियोगिताको सोमबार साबिक उपविजेता ललितपुर क्विन्ससँग ३-० को सोझो सेटमा पराजित हुँदा लुम्बिनीले फाइनल स्थान बनाउन नसकेको हो । तीन खेलबाट लुम्बिनीले दुई अंक जोडेको छ । बाँकी दुई खेल सोझो सेटमा जिते पनि लुम्बिनीको ६ अंक हुनेछ । फाइनलको आशा जीवित बनाउन कम्तीमा आठ अंक आवश्यकता छ ।

पोखराको बहुउद्देश्यीय कभर्डहलमा ललितपुरले लुम्बिनीमाथि एकपक्षीय पकड बनाएको थियो । लुम्बिनीले दोस्रो र तेस्रो सेटमा उत्कृष्ट फर्ममा रहेको लुम्बिनीलाई चुनौती दिएको थियो । तर, ललितपुरको उत्कृष्ट खेल रणनीतिअगाडि लुम्बिनीको केही सीप लागेन । प्रतिस्पर्धामा कुनै पनि गल्ती नगरेको ललितपुरले लुम्बिनीविरुद्ध तीनवटै सेटमा एकपक्षीय नतिजा निकालेको हो । राष्ट्रिय टोलीकी कप्तान तथा सेटर अरुणा शाहीलाई पहिलो खेलमा चोट लागेको थियो । त्यसपछि शाही कोटमा देखिएको छैन । जसका कारण लुम्बिनी दबाबमा छ । उनको अनुपस्थिति ललितपुरविरुद्धको महत्त्वपूर्ण खड्कियो । ललितपुरले लुम्बिनीमाथि २५-१३, २५-२० र २५ -२१ को सहज जित निकालेको हो । शतप्रतिशत जित निकालेको ललितपुरले साबिक विजेता कर्णाली यासविससँगै खेलबाट नौ अंक बनाएको छ ।

सानदार जितसँगै ललितपुरको फाइनल पुग्ने सम्भावना बलियो बनेको छ । ललितपुरले पहिलो खेलमा मधेश युनाइटेड र काठमाडौं स्पाइकर्सलाई सोझो सेटमा हराएको थियो । लुम्बिनीले तीन खेलमध्ये दुईमा हारको सामना गरेको छ । पहिलो खेलमा कर्णालीसँग पराजित लुम्बिनीले आइतबार पोखरा निन्जाजलाई ३-२ को सेटमा हराएको थियो । प्रतियोगिताको सोमबार भएका दुईवटै खेल महत्त्वपूर्ण थिए । चारवटै टोलीले यस खेललाई शीर्ष दुईभित्र आफूलाई समावेश गर्न निमित्त हेरेका थिए । यसअघिको खेलमा चारवटै टोलीले आ-आफ्नो खेल जितेका थिए ।

## साबिक विजेता कर्णालीको लगातार तेस्रो जित

साबिक विजेता कर्णालीले लिगमा लगातार तेस्रो जित निकाल्यो । कर्णालीले काठमाडौं स्पाइकर्सलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो । कर्णालीले पहिलो सेट २५-२२ ले जितेको थियो । काठमाडौं दोस्रो सेटमा खेलमा फर्कने प्रयास गरेको थियो । पहिलो सेटमा सामान्य गल्तीका कारण खेल गुमाएको काठमाडौंले दोस्रो सेटमा कर्णालीलाई चुनौती दिएको थियो । कर्णाली र काठमाडौंबिच दोस्रो सेटमा एक समय २७-२७ को रोमाञ्चक स्थितिमा पुगेको थियो । काठमाडौंले सामान्य गल्ती गर्दा कर्णालीले २९-२७ ले बाजी मार्दै खेलमा २-० को स्पष्ट अग्रता लियो ।

> राष्ट्रिय महिला टोलीकी कप्तान अरुणा शाहीको नेतृत्वमा रहेको लुम्बिनी लाभाजले तीनमध्ये दुई खेल गुमाउँदै दुई अंक जोडेको छ । शीर्ष स्थानमा रही फाइनलमा पुग्न कम्तीमा आठ अंक आवश्यक छ । आगामी दुई खेल जित्दा पनि लुम्बिनीको ६ अंक मात्र हुनेछ ।

खेलमा टिकिरहन काठमाडौंलाई तेस्रो सेट अनिवार्य रूपमा जित्नुपर्ने थियो । काठमाडौं रणनीतिअनुसारै कर्णालीविरुद्ध तेस्रो सेटमा प्रस्तुत भयो । दोस्रो सेटजस्तै तेस्रो सेट पनि प्रतिस्पर्धात्मक बनेको थियो । तर, यस सेटमा काठमाडौं सामान्य गल्तीका कारण हाऱ्यो । कर्णालीले काठमाडौंमाथि मुस्किलले २८-२६ ले हराउँदै बाजी मार्‍यो । यस खेलमा कर्णालीकी आना फ्लाभिया प्लेयर अफ दी म्याच घोषित भइन् ।

कर्णालीले यसअघि पोखरा र लुम्बिनीलाई पराजित गरेको थियो । जितसँगै कर्णालीले नौ अंक जोडेर शीर्ष स्थानमा रहेको छ । काठमाडौंले दोस्रो हार व्यहोरेको छ । पहिलो खेलमा काठमाडौं ललितपुरसँग पराजित भएको थियो । दोस्रो खेलमा भने काठमाडौंले मधेशलाई हराएको थियो ।

## विदेशी खेलाडी चलेनन्

दोस्रो संस्करणमा उपाधि जित्ने लक्ष्यका साथ काठमाडौंले राम्रा विदेशी खेलाडी भित्र्याएको थियो । तर, काठमाडौंले अनुबन्ध गरेका विदेशी खेलाडीले अहिलेसम्म गतिलो प्रदर्शन गर्न सकेका छैनन् । इटालियन ओउमायमा कोडिएल, बुल्गेरियन सेटर नेकोभा निकोलाएभा र काजकिस्तानकी अपोजिट हिटर अलेना कोलोतिजिनालाई काठमाडौंले भित्र्याएको थियो । दोस्रो खेलमा गतिलो प्रदर्शन गरे पनि ओउमायमाले अन्य खेलमा ब्लक र हिटिङमा कमजोर प्रदर्शन गरिन् । तीनजना विदेशी खेलाडी फरक पोसेसनका भए पनि काठमाडौंको प्रदर्शन कमजोर रह्यो । काठमाडौंले सबैभन्दा बढी आशा गरेकी खेलाडी ओउमायमा हुन् । उनीसँग अन्तर्राष्ट्रिय फ्रेन्चाइज भलिबल लिगको अनुभव छ । विशेष गरी, उनी मिडल ब्लकरकी रूपमा चिनिन्छन् । उनले इटाली, फ्रान्स, मोरोक्को र साउदी अरेबियाका विभिन्न क्लबबाट खेलिसकेकी छिन् । इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा चलिरहेको प्रतियोगिताको फाइनल २८ भदौमा हुनेछ ।

# उपाधिसँगै अल्काराजले खोसे सिनरको वरीयता

स्पेनिस युवा खेलाडी कार्लोस अल्काराजले वर्षको अन्तिम ग्रान्डस्लाम युएस ओपनमाथि कब्जा मात्र जमाएनन्, उनले यानिक सिनरको पुरुष एटिपी वरीयताको शीर्ष स्थानसमेत छिन्न सफल भए



**एजेन्सी**

स्पेनिस खेलाडी कार्लोस अल्काराजले वर्षको अन्तिम ग्रान्डस्लाम युएस ओपन टेनिसको उपाधि जितेका छन् । अल्काराजले इटालियन यानिक सिनरलाई ३-१ को सेटमा हराउँदै उपाधि हात पारेका हुन् । अल्काराजले न्युयोर्कको अथुर रंगशालामा भएको उपाधि भिडन्तमा ६-२, ३-६, ६-१ र ६-४ ले जितेका थिए । उपाधिसँगै अल्कारजले एटिपी पुरुष वरीयताको शीर्ष स्थानमा उक्लेका छन् । फाइनलअघि दोस्रो वरीयता पाएका उनले शीर्ष स्थानका सिनरालाई विश्व वरीयतामा पाखा लगाएका हुन् । सिनरले ६५ हप्तापछि एटिपी वरीयताको शीर्ष स्थान गुमाएका हुन् ।

अल्काराजले सन् २०२२ पछि पहिलोपटक युएस ओपन जितेका हुन् । उनले पहिलोपटक युएस ओपन जित्दा फाइनलमा कास्पर रुडलाई निराश पारेका थिए । यस सिजनमा उनले तेस्रो ग्रान्डस्लाम जितेका छन् । यो वर्ष अल्काराजले अस्ट्रेलियन र फ्रेन्च ओपन हात पारेका छन् । करिअरमा २२ वर्षीय अल्काराजले आफ्नो ग्रान्डस्लाम उपाधि संख्या ६ पुऱ्याएका छन् । पुरुषतर्फको यस सिजनको ग्रान्डस्लाम फाइनलमा सिनर र अल्काराजबाहेक अन्य कोही पनि खेलाडी पुग्न सकेनन् । यो वर्ष चारै ग्रान्डस्लाम उपाधि यी दुवै खेलाडीले बाँडेका छन् ।

सिनरले लन्डनमा आयोजना हुने विम्बल्डन ग्रान्डस्लाम जितेका थिए । उनले फाइनलमा अल्काराजलाई नै हराएका थिए । सिनर र अल्काराज कोटमा उत्रँदा प्रतिस्पर्धीका रूपमा व्यवहार गर्छन् ।

## दुई प्रतिस्पर्धी कोर्टबाहिर परिवारजस्तै

खेलमा जस्तो नतिजा आए पनि यी दुवै असाध्यै मिल्ने साथी हुन् । यसको उदाहरण अल्काराजले उपाधि जितेपछि देखाए । उनले सिनरलाई भने, 'तिमीलाई म परिवारभन्दा बढी देख्छु । तिमीसँग कोर्टमा खेल्दा खुसी लाग्छ ।' अल्काराजले सेमिफाइनलमा सर्वाधिक ग्रान्डस्लाम विजेता नोभाक जोकोभिकलाई हराएका थिए । यसअघि महिलातर्फको एकल उपाधि बेलारुसी आर्यना साबालेन्काले जितेकी थिइन् । साबालेन्काले फाइनलमा घरेलु खेलाडी अमान्डा एमिसिमोभाविरुद्ध ६-३ र ७-६ (७-३) को जित निकालिन् ।

## राष्ट्रपति ट्रम्प रंगशालामा पुग्दा खेल एक घण्टा ढिलो

पछिल्लो समयमा अमेरिकी राष्ट्रपति ट्रम्प विभिन्न खेलकुद कार्यक्रममा पुग्ने गरेका छन् । ट्रम्प कुनै पनि कार्यक्रममा उपस्थित हुँदा त्यसको हैरानी आयोजलाई हुने गर्छ । सोमबार बिहान अथुर रंगशालामा यस्तै दृश्य देखियो । यद्यपि, राष्ट्रपति ट्रम्पले फाइनल खेल हेर्ने पूर्वजानकारी आयोजकलाई दिइएको थियो ।

रंगशालामा सामान्य सुरक्षाभन्दा थप कडाइ गरिएको थियो । रंगशालाभित्र प्रवेश गर्ने प्रत्येक गेटमा सुरक्षाकर्मीले दर्शकको सुरक्षा जाँचपछि मात्र भित्र छिर्न दिए । विलिजिएन राष्ट्रिय टेनिस सेन्टरमा विशेष सुरक्षा कमान्ड परिचालन भएको थियो । खेल निर्धारित समयभन्दा आधा घण्टा ढिला सुरु भएको थियो । 'हामीलाई ट्रम्प आउने पूर्वजानकारी थियो । यसैकारण, हामीले उनलाई कस्तो किसिमको सुरक्षा प्रदान र सुरक्षित रूपमा भिआइपी बक्समा पुऱ्याउने छलफल गर्‍यौं,' आयोजकले भनेको छ, 'दर्शकले पनि हामीलाई राम्रोसँग साथ दियो ।' सन् २०१५ मा ट्रम्पले युएस ओपनको फाइनल हेरेका थिए ।

दर्शकले विश्वका एक नम्बर र दोस्रो स्थानमा रहेका खेलाडीबिचको रोमाञ्चक फाइनल हेर्न हजारौं अमेरिकी डलर टिकटमा खर्चेको आयोजकले जनाएको छ । 'दर्शकले टिकटमा हजारौं अमेरिकी डलर खर्चेका छन् । उनीहरूले फाइनल सोचेको जस्तै पाएको हाम्रो विश्वास छ,' आयोजकले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'कडा सुरक्षा व्यवस्थामा दर्शकले धैर्यता अपनाए ।'

## खेल संक्षेप

### हामी धेरैअघि नै सहिद भइसकेका छौं : पारस



**काठमाडौं** / नेपाल क्रिकेट संघ (क्यान)का महासचिव पारस खड्काले जेन-जी पुस्ताको आन्दोलनमा मृत्यु भएकालाई श्रद्धाञ्जली दिँदै देशको वर्तमान अवस्थाबारे चिन्ता जनाएका छन् । 'हाम्रो देश, नामको देश जता हेऱ्यो, त्यतै निराशा, कामभन्दा भाषण बढी, गलत र सही मूल्यांकन नभएको सामाजिक मानसिकता, हरेक क्षेत्रमा व्यक्तिगत स्वार्थभन्दा माथि उठ्न नसकेको मेरो देश । आज आन्दोलनमा मृत्यु हुनेप्रति हार्दिक श्रद्धाञ्जली । सहिद भएका छन्, धेरैलाई बनाइएको छ, सायद मर्नु सहिद हुनु हो भने हामी सबै धेरै अघि नै सहिद भइसकेका छौं । निशब्द,' पारसले सोमबार सामाजिक सञ्जालमा लेखेका छन् ।

### मैत्रीपूर्ण दोस्रो खेल स्थगित

**काठमाडौं** / नेपाल र बंलादेशबिच मंगलबार दशरथ रंगशालामा हुने भनिएको दोस्रो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल स्थगित भएको छ । जेन-जी पुस्ताको प्रदर्शनले काठमाडौं उपत्यकाभित्र सुरक्षा अवस्था बिग्रिएपछि अखिल नेपाल फुटबल संघ (एन्फा)ले मैत्रीपूर्ण खेल स्थगित गर्ने निर्णय गरेको प्रवक्ता सुरेश शाहले बताएका छन् । पहिलो मैत्रीपूर्ण खेल शनिबार भएको थियो । सो खेल गोलरहित बराबरीमा सकिएको थियो ।

# केल्मी बन्यो स्पोर्टस् अवार्डको सहप्रायोजक

**नयाँ पत्रिका**

२२औं एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डमा अन्तर्राष्ट्रिय स्पोर्टस् ब्रान्ड केल्मिलले साथ दिने भएको छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्चले नेपालका लागि केल्मीको आधिकारिक विक्रेता कामरु ट्रेडिङ प्रालि (केल्मी स्पोर्टस् नेपाल)सँग सहप्रायोजन सम्झौतालाई निरन्तरता दिएको छ । ०६० सालदेखि हुँदै आएको यस अवार्ड पहिलोपल्ट काठमाडौं उपत्यकाबाहिर हुँदै छ । २९ भदौमा पोखरा इभेन्ट सेन्टर, पोखरामा अवार्डको सहप्रायोजनका लागि मञ्चका अध्यक्ष निरञ्जन अधिकारी र कामरु ट्रेडिङ प्रालिका प्रबन्ध निर्देशक उत्तम न्यौपानेले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

कामरुका निर्देशक न्यौपानेले स्पोर्टस् अवार्डसँग सहकार्य गर्न पाएकोमा आभार व्यक्त गरे । केल्मी नेपालले अब अवार्डमा मञ्चका सदस्यका लागि केल्मी ब्रान्डका पोसाक उपलब्ध गराउनेछ । पल्सर स्पोर्टस् अवार्डअन्तर्गत पाँच विधाको मनोनयन सार्वजनिक भइसकेको छ । पाँच विधा पिपल्स च्वाइस अवार्ड, वर्ष उत्कृष्ट पुरुष खेलाडी, वर्ष उत्कृष्ट महिला खेलाडी, वर्ष उत्कृष्ट युवा र वर्ष उत्कृष्ट प्रशिक्षक विधाको समान पाँचजना मनोनयन छन् । पिपल्स च्वाइस विधाको मनोनयनमा विजय सिन्जाली (उसु), इभाना थापा (टेबलटेनिस), हिमाल सुनारी (भलिबल), पूजा महतो (क्रिकेट) र रेखा पौडेल (फुटबल) छन् । उनीहरूको भोटिङ डिजिटल वालेट खल्ती बाई आइएमईबाट भइरहेको छ ।

अवार्डको मुख्य प्रायोजकमा गोल्छा ग्रुपको निरन्तरता छ भने प्रवर्द्धकमा पोखरा महानगरपालिकाको साथ रहेको छ । एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड ०८१ मा १० विधामा अवार्ड प्रदान गरिनेछ । अन्य विधा पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ दी इयर र एसियन स्पोर्टस् जर्नालिस्ट अवार्ड रहेको छ । पिपल्स च्वाइस, वर्ष खेलाडी पुरुष, महिला, प्रशिक्षक र युवाका गरी पाँच विजेताले पल्सर मोटरसाइकल पुरस्कार पाउनेछन् । अन्य विधाका विजेता तथा सम्मानित व्यक्तिले जनही एक लाख रुपैयाँ प्राप्त गर्नेछन् ।



# भ्रापा एन्फा महिला लिगमा छनोट



**काठमाडौं** / भ्रापा एएफसी राष्ट्रिय एन्फा महिला लिग फुटबल प्रतियोगितामा छनोट भएको छ । राप्ती फुटबल क्लबमाथि १-० को कठिन जित निकाल्दै भ्रापा एन्फा महिला लिगका लागि छनोट भएको हो । राष्ट्रिय लिगका लागि छनोट हुने पाँचवटै टोलीको टुंगो लागेको एन्फाले जनाएको छ । यसअघि नै चर्च ब्वाइज युनाइटेड, आरएस रिसोर्ट एन्ड बिच, संकटा र न्युरोड टिम (एनआरटी)ले लिगमा स्थान पक्का गरिसकेका थिए । यी छनोट भएका टोलीले मुख्य प्रतियोगितामा नेपाल एपिएफ एफसी, नेपाल पुलिस, त्रिभुवन आर्मी, बागमती युवा र वालिङ नगरपालिकाविरुद्ध प्रतिस्पर्धा गर्नेछन् । च्यासल मैदानमा सोमबार प्ले-अफको अन्तिम समयमा भ्रापाकी रेखा विष्टले गरेको एक मात्र गोल गरेकी थिइन् । उनले इन्जुरी समयमा गोल गरेकी थिइन् । भ्रापाले समूह 'बी' तथा राप्तीले समूह 'ए'को तेस्रो स्थानमा रहँदै प्ले-अफ खेलेका थिए ।

**Jay Gobinda Sah Polytechnic Institute**
**जय गोविन्द साह पोलिटेक्निक इन्स्टिच्युट**
गोलबजार-६, सिरहा

**आवश्यकता**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/२४ गते**

यस शिक्षालयका लागि निम्न योग्यता पुगेका नेपाली नागरिकलाई आवश्यक प्रशिक्षक पदका लागि करार सेवामा पदस्थापना गर्नुपर्ने भएकाले योग्यता पुगेका कुनै बात कसुर नलागेका देहायमा उल्लेख भए बमोजिम आफ्नो नागरिकता, एस.एल.सी. वा सो सरह एवम् सो भन्दामाथिको शैक्षिक योग्यताको लब्धांक पत्र, ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रहरूको प्रतिलिपी र हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो समेत तोकिएको दस्तुरसहित पहिलो पटक प्रकाशित मितिले ७ (सात) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नु हुन सूचित गरिन्छ । रित नपुगेको र म्याद नाघेको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

| विज्ञापन नं. | पद | विषय | संख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १/०८२/०८३ | प्रशिक्षक | बाली विज्ञान | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक द्वितीय श्रेणीमा उत्तिर्ण गरेको वा सो सरह |
| १/०८२/०८३ | प्रशिक्षक | आइ. टि. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक द्वितीय श्रेणीमा उत्तिर्ण गरेको वा सो सरह |
| १/०८२/०८३ | प्रशिक्षक | फार्मेसी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक द्वितीय श्रेणीमा उत्तिर्ण गरेको वा सो सरह |

**पुनश्च अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ ।**
**नागरिकता** : नेपाली
**उमेर** : कम्तिमा २५ वर्ष उमेर पुगेको
**आवेदन दस्तुर** : रु. २,५००।-
आवेदन फारमसँग उमेर खुलेको नागरिकता, शैक्षिक योग्याताको प्रमाणपत्र लब्धांकको प्रमाणपत्र, अनुभव र तालिमको प्रमाणपत्र सम्बन्धित परिषद्को प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । उपरोक्त कागजातहरूमा टिपेक्स/केरमेट भएको पाइएमा मान्य हुनेछैन ।
**दरखास्त दिने अन्तिम मिति** : २०८२ असोज ०७ गतेसम्म ।
**परीक्षाको किसिम** : संस्थाको नियमानुसार ।
**तलब सुविधा** : **CTEVT/**नगरपालिकाको नियमानुसार ।
**दरखास्त बुझाउने स्थान** : शिक्षालयको कार्यालय बिहान ७.०० बजेदेखि दिउँसो २.०० बजेसम्म ।
अन्य थप जानकारीको लागि यस शिक्षालयको कार्यालय समयमा सम्पर्क राख्न सकिने छ । आवेदन शुल्क नेपाल बैंक लिमिटेड, च.हि.नं. १२०००१०६८९०३६५०००००१ मा जम्मा गरी सोको भौचर दरखास्त फारम साथ पेश गर्नु पर्नेछ ।
**सम्पर्क नं.** : ०३३-५९००६९, ९८५२८३६३०५/९८४२८४०२४४
Email : jaygobindsah.pi@gmail.com

# एकदिवसीय खेलमा इंग्ल्यान्डको सबैभन्दा ठुलो जित

■ तेस्रो खेलमा बनेका रेकर्ड



**एजेन्सी**

इंग्ल्यान्डले दक्षिण अफ्रिकासँगको तेस्रो एकदिवसीय खेलमा तीन सय ४२ रनको कीर्तिमानी जित निकालेको छ । साउथ ह्याम्टनमा भएको खेलमा इंग्ल्यान्डले पहिलो ब्याटिङ गरी ५० ओभरमा पाँच विकेट गुमाएर चार सय १४ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा दक्षिण अफ्रिका २०.५ ओभरमा ७२ रनमै समेटिँदा इंग्ल्यान्ड तीन सय ४२ रनले विजयी भयो ।

इंग्ल्यान्डलाई कीर्तिमानी जित दिलाउन जोफ्रा आर्चरले चार र आदिल रसिदले तीन विकेट लिएका थिए । आर्चरले ९ ओभरमा १८ रन खर्चेका थिए । आदिल रसिदले ३.५ ओभरमा १३ रन दिए । ब्राइडन कार्सले पनि दुई विकेट लिए ।

इंग्ल्यान्डका लागि ज्याकब बेथलले एक सय १० रन, जोए रुटले सय रन, जेमी स्मिथले ६२ रन बनाए । जोस बटलरले ६२ रनको इनिङ्स खेले । ज्याकोबले ८२ बलमा १३ चौका र तीन छक्का प्रहार गरे । बटलरले ३२ बलमा आठ चौका र एक छक्का प्रहार गरे । दक्षिण अफ्रिकाले इंग्ल्यान्डलाई २७ अतिरिक्त रन दिएको थियो । लगातार दुई खेल जितेको दक्षिण अफ्रिकाले सिरिज यसअघि नै जितेको थियो ।

**१** इंग्ल्यान्डले साउथ ह्याम्पटनमा निकालेको ३४२ रनको जित पुरुष एकदिवसीय क्रिकेटकै अहिलेसम्मकै फराकिलो जित अन्तर हो । यसअघि सन् २०२३ मा भारतले श्रीलंकालाई तीन सय १७ रनले हराएको थियो ।

**२** दक्षिण अफ्रिकाले साउथ ह्याम्पटनमा जोडेको ७२ रन पुरुष एकदिवसीयकै उनीहरूको दोस्रो कम स्कोर हो । सन् १९९३ मा दक्षिण अफ्रिका अस्ट्रेलियाविरुद्ध ६९ रनमा समेटिएको थियो । आइतबारको खेलमा इंग्ल्यान्डविरुद्ध कुनै पनि टोलीले बनाएको चौथो कम स्कोर रह्यो ।

**३** दक्षिण अफ्रिका २०.५ ओभरमै अलआउट हुनु पुरुष एकदिवसीय क्रिकेटमा उनीहरूको दोस्रो छोटो इनिङ्स हो । सन् २०२२ मा म्यानचेस्टरमा इंग्ल्यान्डविरुद्ध दक्षिण अफ्रिका २०.४ ओभरमा ८३ रनमा समेटिएको थियो । इंग्ल्यान्डले साउथ ह्याम्पटनमा पाँच विकेट गुमाएर ४१४ रन बनायो, जुन दक्षिण अफ्रिका-विरुद्धको खेलमा उनीहरूको सबैभन्दा उच्च स्कोर हो ।

**४** दुई हप्ताअघि दक्षिण अफ्रिका अस्ट्रेलियासँग दुई सय ७६ रनले पराजित भएको थियो । पुरुष एकदिवसीयमा सात ठुला हारमध्ये दक्षिण अफ्रिकाले १५ दिनको अन्तरमा सामना गऱ्यो ।

**५** दक्षिण अफ्रिकाले पुरुष एकदिवसीय क्रिकेटमा चार सयभन्दा बढी रन दिएको चौथोपटक हो । वेस्ट इन्डिजले पाँचपटक र इंग्ल्यान्डले सातपटक चार सयभन्दा बढी रन बनाएको छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com